◆ **सम्पादकीय**
- पार्टी कामको विस्तार - २
◆ **आवरण**
- प्रतिनिधिसभा घोषणा र २७ बुँदाबीचको सम्बन्ध - **रघु पन्त** - ३
- प्रतिनिधिसभा घोषणा र हाम्रो दायित्व - **टीकाराम भट्टराई** - ५
◆ **बहस**
- संविधानसभा : चुनौती र अवसर - **राजेन्द्र श्रेष्ठ** - ७
- राज्य पुनःसंरचना र जातीय प्रश्न : मार्क्सवादी ...- **खगेन्द्र प्रसाई** - १२
◆ **अन्तर्राष्ट्रिय सम्बन्ध**
- परिवर्तित परिस्थितिमा नेपालको विदेशनीतिका सम्बन्धमा .... - १४
- प्रधानमन्त्रीको सद्भावना भारत भ्रमण- **विष्णु रिजाल** - १५
◆ **दस्तावेज**
- सरकार-माओवादी युद्धविराम आचारसंहिता - १७
◆ **अवधारणा**
- संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्र - १८
◆ **अर्थ**
- नेपालको वर्तमान आर्थिक स्थिति र भावी बाटो - **डा. पुष्प कँडेल** - १९
◆ **कीर्तिमान**
- सगरमाथाको चुचुरोमा रातो झन्डा - **सूर्य थापा** - २२
◆ **विश्व**
- लाल सलाम, भारतीय कमरेड ! - **अग्निशिखा** - २३
◆ **चिनारी**
- सङ्घर्षका प्रतीक सिद्धिनाथ ज्ञवाली - **वेदुराम भुसाल** - २५
◆ **सरोकार**
- महिलाको पक्षमा ऐतिहासिक निर्णय - **कमला पराजुली** - २७
◆ **टिप्पणी**
- राष्ट्रिय महिला कार्यकर्ता भेला - **रन्जु पोखरेल** - २९
◆ **कृति**
- 'समयका सारथी'/'नलेखिएका कथा' - ३१
◆ **चासो**
- प्रवासी नेपालीका समस्याबारे प्रमलाई ज्ञापनपत्र - ३२

# पार्टी कामको विस्तार

*ठूल्ठूला शब्दहरूमा जेलिएका भाषणहरूले अब पार्टीलाई बलियो बनाउँदैनन् । राजनीतिक, वैचारिक क्षेत्रका गम्भीर चुनौतीहरूलाई सामना गर्ने र समाधान गर्ने क्षमताको विकास नगर्ने हो भने हाम्रो पार्टीपङ्क्तिमा गम्भीर स्खलन देखिनेछ ।*

*नेपाली क्रान्तिको सिद्धान्तका रूपमा नेपाल कम्युनिस्ट पार्टी एमालेले अघि सारेको जनताको बहुदलीय जनवाद नै परिवर्तनकारी कार्यको मियो हो भन्ने अब नेपालमा स्थापित भइसकेको छ । आफ्नै मार्गदर्शक सिद्धान्तको अध्ययन नगरेका कारण मात्रै हामी अलमलिने गरेका हौँ । मूलरूपमै हामीले जनताको बहुदलीय जनवादको अध्ययन गर्‍यौँ र त्यसलाई आफ्नो व्यवहारमा उतार्न सक्यौँ भने हाम्रो पार्टीको अग्रतालाई अब नेपालमा कसैले पनि रोक्न सक्दैन ।*

*टापटिपे पाराको राजनीति थेगिलो हुँदैन । बाटामा हिँड्दा हिँड्दै भाषण गरेर पनि पार्टीलाई दर्बिलो बनाउन सकिँदैन । कुनै पनि तहको बैठकमा विगतको कामको समीक्षा र आगामी कामको योजना प्रस्टताका साथ प्रस्तुत गरिनुपर्छ । आफूले गरेका निर्णयहरू व्यवहारमा लागू भएर परीक्षित भइरहेका छन् कि छैनन् भनेर ठोस समीक्षा गरिनुपर्छ । आगामी कामको योजना बनाउने भनेको राजनीतिक एवम् साङ्गठनिक क्षेत्रसँग जोडिएर नै हो ।*

*माओवादीहरूले पार्टी प्रचार अभियान सञ्चालन गरेर आफूलाई स्थापित गर्ने प्रयत्न गरिरहेका छन् । तर, सार्वजनिक भाषणहरूले जनकार्य गर्दैनन् । त्यसका लागि सङ्गठकहरूको भगीरथ प्रयत्न अनिवार्य हुनुपर्छ । त्यो काम गर्ने क्षमता हाम्रा पार्टी कार्यकर्ताहरूमा पर्याप्त छ । प्रतिवेदनहरूको व्यवस्थित अध्ययन, अन्तरपार्टी निर्देशनको सघन अध्ययनले कार्यकर्ताको राजनीतिक-वैचारिक क्षमता बढाउन धेरै मद्दत गर्दछ ।*

*सुन्दा सानोजस्तो लाग्ने यो काम हाम्रो पार्टी र हाम्रा कार्यकर्ताको काँधमा आइपरेको अत्यन्तै गहन अभिभारा हो । हामी मात्रै सङ्गठित राजनीति गर्न सक्छौँ, हामी मात्रै राजनीतिलाई दिशाबोध गराउन सक्छौँ भन्ने सत्य नेपाली समाजमा स्थापित भइसकेको छ । अरू राजनीतिक दलहरूले पनि यसलाई सकारेका छन् । मुखले कोही नबोल्लान् तर उनीहरूको मनले भनिरहेको छ- जनता परिचालित गर्ने काममा नेकपा (एमाले) लाई कसैले पनि भेट्न सक्दैन, कसैले गर्न नसक्ने राजनीतिक काम हाम्रै कार्यकर्ताले गर्नुपर्ने हुनाले केन्द्रदेखि शाखा कमिटीसम्म संगठित सबैले अध्ययन कक्षाहरू सञ्चालन गर्नुस् । जनताको बहुदलीय जनवादको व्याख्यामा रमाउनुस् । सङ्गठन खुकुलिएको छ, त्यसका पुर्जाहरूलाई कस्सिलो बनाउनुस् ।*

# प्रतिनिधिसभा घोषणा र २७ बुँदाबीचको सम्बन्ध

## ' रघु पन्त

### १. आलोचनाका सत्ताइस बुँदा

जुनबेला नेपाल अधिराज्यको संविधान-२०४७ जारी हुने तयारी भइरहेको थियो त्यसबेला संविधान मस्यौदा गरिरहेको संविधान सुझाव आयोगका तीनजना वामपन्थी सदस्यहरू माधवकुमार नेपाल, भरतमोहन अधिकारी र निर्मल लामाले ६ बुँदे असहमति दर्ता गर्नुभएको थियो । त्यो ६ बुँदे असहमतिको सुरुमा भनिएको थियो-"संविधान सुझाव आयोगका हामी संयुक्त बाममोर्चाका तीन प्रतिनिधिहरूले यस संविधानको मस्यौदालाई नेपालका तीन राजनीतिक शक्तिहरूको सन्तुलनको अभिव्यक्ति र तीन राजनीतिक शक्तिहरूबीच सम्झौताको राजनीतिक दस्तावेज हो भनेर मानेका छौं । यो मस्यौदामा कैयौं कमजोरीहरू रहँदा-रहँदै पनि मूल रूपमा यो प्रजातान्त्रिक छ र यसले नेपालमा प्रजातान्त्रिक अभ्यासलाई बढाउने संवैधानिक आधार दिएको छ । यस रूपमा हामीले यस संविधानको मसौदाको समर्थन गर्दछौं । तथापि यस संविधानमा केही गम्भीर त्रुटीहरू रहन गएका छन्, ती त्रुटीहरूलाई पनि हटाउन सकेको भए यो संविधानको मसौदाले अझै नेपाली जनताको आकांक्षालाई प्रतिविम्बित गर्नसक्ने थियो ।"

वामपन्थी प्रतिनिधिहरूले संविधानको बारेमा गरेको यो राजनीतिक विश्लेषण सही थियो भन्ने कुरा हाल आएर आफै साबित भएको छ ।

संविधानको मस्यौदालाई अन्तिम रूप दिने बेलामा र जारी हुनुभन्दाअघि नै त्यसबेला हाम्रो पार्टीले आफ्नो दृष्टिकोण के हो भन्ने बारेमा २०४७ साल असोज ११ गते २७ बुँदाहरू सार्वजनिक गरेको थियो । ती जारी गरिएका २७ बुँदाहरूमध्येका प्रमुख कुराहरू थिए-

क. सार्वभौमसत्ता जनतामा निहीत रहेको कुरा बारेमा अस्पष्ट ढंगले मात्र बोलिएको छ । त्यसलाई जनताका निर्वाचित प्रतिनिधिहरूले प्रयोग गर्नेछन् भनेर लेखिनुपर्छ नत्र फेरि घुमाउरो ढङ्गले त्यो अधिकार राजाकै हातमा पुग्नसक्छ भनेर खबरदारी गरिएको थियो । यो कुरोलाई वास्ता गरिएन र नभन्दै त्यो अधिकार पुनः राजा ज्ञानेन्द्रले खोसेर लिए । यसको विरुद्धमा नेपाली जनताले फेरि ठूलो आन्दोलन गर्नुपर्‍यो ।

ख. श्री ५ लाई नेपालको राष्ट्रियता र नेपाली जनताको एकताको प्रतीक भनिएको कुराप्रति आपत्ति जनाउँदै यसलाई हटाउने कुरा अघि सारिएको थियो र राजा राष्ट्रियता र जनएकताको प्रतीक हुन सक्दैनन् भनिएको थियो । नभन्दै राजा ज्ञानेन्द्रले यो कुरालाई सत्य साबित गरेर देखाइदिए । राजा निरंकुशता र जनदमनको नाइके बन्न पुगे ।

ग. संविधानको संरक्षण श्री ५ बाट गर्ने भनिएको कुराप्रति असहमति जनाउँदै संविधानको संरक्षणकर्ता जनता हुन् भन्ने कुरामा जोड दिइएको थियो । राजा ज्ञानेन्द्रका व्यवहारहरूले राजा संविधानका संरक्षणकर्ता नभएर भक्षणकर्ता बन्न पुगेको उदाहरण दियो । राजाले धारा १२७ को नाममा संविधानलाई आफ्नैइच्छाबमोजिम तोडमरोड गर्न थालेपछि पार्टीले अघि सारेको कुरो स्वतः सही ठहरिन पुग्यो ।

घ. असहमतिका बुँदाहरूले राजगद्दी उत्तराधिकारका सम्बन्धमा कानुन बनाउने, संशोधन गर्ने र खारेज गर्ने अधिकार संसदमा रहनुपर्छ भनेको थियो । त्यस्तै श्री ५ र राजपरिवारको खर्च सम्बन्धी निर्णय गर्ने अधिकार पनि संसदमा ल्याउने कुरामा जोड दिएको थियो । राजा र राजपरिवारको सम्पत्तिमा पनि नागरिक सरह कर लगाउने कुरा अघि सारिएको थियो । श्री ५ ले संविधान मिचेर काम गरेको भएमा अदालतमा मुद्दा चलाउने कुरामा जोड दिएको थियो । राजपरिषदको काम संसदले नै गर्न सक्ने हुँदा राजपरिषद हटाउने कुरा प्रष्ट रूपमा भनिएको थियो र कार्यकारिणी अधिकारबाट श्री ५ लाई हटाएर मन्त्रिपरिषदमा मात्र राख्नुपर्ने कुरामा जोड दिइएको थियो ।

पार्टीले त्यसैबेला देशको सेना पूर्णरूपले मन्त्रिपरिषद्को मातहत रहनुपर्छ र सेनाको परिचालन गर्ने अधिकार मन्त्रिपरिषद्मा रहनुपर्ने कुरामा जोड दिंदै शाही शब्द हटाएर नेपाली सेना भन्नुपर्छ भनेर स्पष्ट ढंगले भनेको थियो । श्री ५ को सरकारको सट्टा 'नेपाल सरकार' भन्ने व्यवस्था हुनुपर्छ भनेर पनि जोडदार रूपमा भनिएको थियो । पार्टीले धारा १२७ को दुरूपयोग हुनसक्ने खतराको बारेमा सचेत हुँदै त्यसलाई सच्याउने कुराका साथसाथै राजाले संविधान विपरीत काम गरेको खण्डमा महाअभियोग लगाउने अधिकारको व्यवस्था हुनुपर्ने कुरामा समेत जोड दिएको थियो ।

हाम्रो पार्टीले त्यसबेला अघि सारेका सत्ताइस बुँदाहरूले नेपाल अधिराज्यको संविधान-२०४७ मा रहेका अपूर्णताहरूलाई प्रष्ट रूपमा केलाउँदै भविष्यमा उत्पन्न हुनसक्ने राजनीतिक संकटका बारेमा सही ढंगले पूर्वानुमान गरेको थियो भन्ने कुरा राजा ज्ञानेन्द्रले संविधानको नाम लिंदै संविधान र जनअधिकारविरुद्ध धमाधम निरंकुश काम कारवाही अघि बढाउन थालेपछि अरूले पनि बुझे ।

नेपाल अधिराज्यको संविधानलाई समयानुकूल ढंगले संशोधन गर्नुपर्छ भनेर हामीले संसदभित्र र बाहिर उठाएको आवाजलाई त्यसबेला खासगरेर कांग्रेसले मानेन ।

नेपाल अधिराज्यको संविधान-२०४७ तत्कालीन अवस्थामा प्रजातान्त्रिक र उपयुक्त भए पनि त्यसले राजालाई पूर्ण रूपले संवैधानिक बनाउन सकेको थिएन । राजाका कतिपय विशेषाधिकारहरूलाई त्यस संविधानले कायमै राखेको थियो र संविधानका कतिपय धाराहरू अपूर्ण थिए । यस्ता कुराहरूलाई समयको आवश्यकता अनुसार संशोधन गरेर संविधानलाई सामयिक बनाउँदै लैजानुपर्नेमा कांग्रेसका नेताहरूले यो संविधानलाई ५० वर्ष चलाउनु हुँदैन भन्ने जस्ता जडसूत्रवादी विचारहरू व्यक्त गर्न थाले । तत्कालीन कांग्रेसका प्रधानमन्त्रीले त संसदको राज्यव्यवस्था समितिको बैठकमा संविधान त्रिपक्षीय सहमतिको दस्ताबेज भएकोले संशोधन गर्न राजाको समेत सहमति चाहिने जस्ता प्रतिगामी र प्रजातन्त्रविरोधी अभिव्यक्ति समेत दिए । यस्ता जड, जनभावनाविपरीत र अप्रजातान्त्रिक विचारहरू कांग्रेसको नेतृत्वमा रहेकोले संविधानलाई संशोधन गर्ने नेकपा (एमाले) का अनेकैं प्रयत्नहरू सफल हुन सकेनन् ।

### २. प्रतिनिधिसभाको घोषणा- २०६३

प्रतिनिधिसभाको घोषणा-२०६३ ले हाम्रो पार्टीले २०४७ साल असोज ११ गतेअघि सारेको २७ बुँदे अवधारणा पूर्ण रूपले सही रहेको तथ्यलाई स्वीकार गर्दै त्यसलाई आत्मसात गरेको छ । २७ बुँदे आलोचनामा हाम्रो पार्टीले जे-जे कुराहरूलाई अघि सारेको छ ती सबैजसो कुराहरू प्रतिनिधिसभाको घोषणा-२०६३ मा परेका छन् । राजनीतिक रूपमा यसले हाम्रो पार्टीको सही विश्लेषणलाई देखाएको छ भने राजनीतिक दूरदर्शितालाई पनि प्रष्ट्याएको छ ।

सत्ताइस बुँदाका कतिपय विषयहरूलाई हाम्रो पार्टीका कतिपय सांसदहरूले संसदको बैठकमा विगतमा पटक-पटक अभिव्यक्त गरेका थिए । त्इसबेला ती कुराहरूलाई वास्ता नगरिए पनि अहिले आएर तिनीहरू व्यवहारमा समेत ठिक भएर देखापरे । हाम्रो पार्टीले अघि सारेको सत्ताइस बुँदा र प्रतिनिधिसभा घोषणा-२०६३ लाई सँगै राखेर तुलनात्मक रूपमा अध्ययन गर्ने जो कोहीले पनि प्रतिनिधिसभाको घोषणा पूर्ण रूपमा सत्ताइस बुँदामा आधारित रहेको पाउँछ ।

विगतमा हाम्रो पार्टीले सत्ताइस बुँदाका आधारका साथसाथै राजनीतिक संकट समाधानका लागि र संसदलाई व्यवहारिक रूपमै सार्वभौमसत्ता सावित गर्नका लागि संविधान संशोधन गर्ने प्रस्ताव राख्दा नेपाली कांग्रेसले पटक-पटक अस्वीकार गऱ्यो । अहिले आएर प्रतिनिधिसभाले जेठ ४ गतेको घोषणा गरेपछि हाम्रो पार्टीका विगतका प्रयत्नहरू सही थिए भन्ने पुष्टि भएको छ । यसले तुलनात्मक रूपमा हाम्रो पार्टी अरू राजनीतिक दलहरू भन्दा अग्रगामी र दूरदर्शी रहेको देखाएको छ ।

कमरेड मदन भण्डारीको नेतृत्वमा त्यसबेला अघि सारिएका २७ बुँदाका अवधारणाहरूलाई मूल्यांकन गर्दा ती तत्कालीन जनआन्दोलनको भावना र विचारलाई मूर्त रूपले प्रतिनिधित्व गर्न सफल देखिन्छन् । २७ बुँदाको मूल्यांकन र विश्लेषण आजको भन्दा त्यसबेला अघि सारिएको सन्दर्भमा गर्ने हो भने यसको अग्रगामी सारलाई ठीक ढंगले बुझ्न सकिन्छ ।

एउटा पार्टीले अघि सारेको ठीक विचारलाई अर्को पार्टीले स्वीकार्ने सही लोकतान्त्रिक प्रचलन आरम्भ हुननसकेको नेपालमा त्यसबेला हाम्रो पार्टीले अघिसारेको २७ बुँदालाई ओझेलमा पार्ने प्रयत्न भए पनि अन्ततः २७ बुँदा नयाँ रूपमा अग्रगामी ढंगले पुनः प्रकट भयो । यसपल्ट २७ बुँदा केवल अक्षरमा मात्र सीमित नभएर व्यवहारिक रूपमा समेत अभिव्यक्त हुन थाल्यो । २७ बुँदाका अवधारणाहरू बोकेको प्रतिनिधिसभाको घोषणा-२०६३ को जुन रूपमा आम जनताबाट स्वागत भयो, त्यसले २७ बुँदे अवधारणाको महत्वलाई निकै बढाएको छ र त्यसको अर्थबोध नयाँ ढंगबाट भएको छ ।

जनआन्दोलन-२०६३ द्वारा प्रतिनिधिसभा पुनःस्थापित भएपछि त्यसले २०६३ जेठ ४ गते सर्वसम्मतिले गरेको घोषणा ऐतिहासिक भएको छ । प्रतिनिधिसभाको घोषणा-२०६३ ले नेपालको राजतन्त्रलाई वास्तविक रूपमा 'संवैधानिक राजतन्त्र' वा 'सेरेमोनियल किङ्ग'मा परिणत गर्ने दिशातिर पाइला सारेको छ । २०६३ जेठ २७ गते प्रतिनिधिसभाबाट पारित प्रतिनिधिसभा नियमावली-२०६३ ले जेठ ४ गतेको घोषणालाई संस्थागत र सुदृढ तुल्याउने काम गरेको छ र राजासँगको संसदका कतिपय सम्बन्धहरूलाई छुटाएर 'किङ्ग इन पार्लियामेन्ट' अर्थात् राजासहितको संसदको अवधारणालाई समाप्त पारेको छ । नेपालको संविधानमा संसद भन्नाले प्रतिनिधिसभा, राष्ट्रिय सभा र राजालाई बुझ्नुपर्ने जुन व्याख्या थियो त्यो व्याख्यालाई प्रतिनिधिसभा नियमावली-२०६३ ले ओझेलमा पारिदिएको छ र प्रतिनिधिसभाको सर्वोच्चता अर्थात् संसदीय सर्वोच्चताको दिशातिर अघि बढेको छ । संसदीय सर्वोच्चतातर्फको पहिलो पाइलो २०६३ जेठ ४ को प्रतिनिधिसभाको घोषणा थियो भने त्यसलाई संस्थागत गर्ने दोश्रो महत्पपूर्ण पाइलाको रूपमा प्रतिनिधिसभा नियमावली देखापरेको छ ।

प्रतिनिधिसभाको घोषणा र प्रतिनिधिसभा नियमावलीलाई संवैधानिक आधार तत्काल प्रदान गर्नुपर्ने कुरामा भने दलहरूको नेतृत्वले तत्काल ध्यान दिएर आवश्यक पाइला तत्काल चालिहाल्नुपर्ने देखिन्छ । घोषणा र नियमावलीलाई संवैधानिक रूपले समेत सुदृढ नबनाउने हो भने यसमाथि राजनीतिक र वैधानिक रूपमा प्रश्नहरू ठड्याएर कार्यान्वयन गर्न नदिने षडयन्त्र देखापर्नेछ । राजनीतिक घोषणाहरूले विधि निर्माणका लागि रूपरेखा कोर्छन् तापनि सम्पूर्ण विधि घोषणाहरूबाट मात्र बन्दैन त्यसलाई वैधताको रूप दिन संवैधानिक आधारहरू पनि तयार गर्नु आवश्यक हुन्छ । यसका लागि अन्तरिम विधानको निर्माण आवश्यक पर्नसक्छ । अन्तरिम विधान, विशेष कानुनको निर्माण वा संविधान संशोधनमध्ये कुन बाटोबाट जाने भन्ने सम्बन्धमा सात दलका नेताहरूमा अझै स्पष्टता आएको देखिँदैन । सबैभन्दा पहिले सातदल यस विषयमा एकमत हुनु आवश्यक छ र प्रतिनिधि सभाको घोषणालाई तत्काल वैधानिक रूपले समेत सुदृढ र चुनौतीरहित बनाइहाल्नु पर्दछ ।

प्रतिनिधिसभाको घोषणा र नियमावलीले नेपालको संसदलाई राजतन्त्रको छायाँबाट मुक्त गरेको छ र नेपाललाई नयाँ राजनीतिक तथा संवैधानिक चरणमा जानको लागि अभिप्रेरित गरेको छ । २७ बुँदे अवधारणाको सार बोकेको प्रतिनिधिसभाको घोषणाले राजतन्त्रलाई राजनीतिक रूपमा कमजोर पारेको छ, राजालाई संसदको अंग बन्न नदिने भएको छ र जनताको सर्वोच्चतालाई स्थापित गरेको छ । प्रतिनिधिसभा घोषणा र नियमावलीले गणतन्त्रबाहेक राजनीतिक रूपमा अधिकांश अग्रगामी राजनीतिक कदमहरूलाई आफूमा समेटेको छ । २७ बुँदाले प्रतिनिधिसभाको घोषणाको लागि वैचारिक आधार तयार गर्न महत्वपूर्ण भूमिका निर्वाह खेलेको सत्यलाई अब कसैले पनि नकार्न सक्दैन ।

## ३. संविधानसभाको लागि पनि आधार

अहिले हामी संक्रमणकालबाट गुज्रिरहेका छौं र यथाशीघ्र संविधानसभामार्फत् नयाँ संविधान निर्माण गर्न चाहन्छौं । अब बन्ने संविधान गणतन्त्रात्मक संविधान बनोस् भन्ने हाम्रो चाहना छ र हाम्रो पार्टी त्यसैको लागि क्रियाशील रहेको छ । संविधानसभामा जाने क्रममा हामीले विर्सन नहुने एउटा कुरा छ, त्यो हो- संविधानसभा भनेको आफैंमा एउटा प्रक्रिया मात्र हो । मूल कुरा भनेको संविधानसभाले कस्तो संविधान बनाउँछ भन्ने नै हो । गणतन्त्रात्मक संविधान संविधानसभाले बनाउन नसकेको खण्डमा संविधानसभाबाट लक्षित उपलब्धि पाएको ठहर्दैन ।

प्रतिनिधिसभाको घोषणाले भावी संविधानसभाको लागि संविधान निर्माणका आधार, सम्भावना र चुनौतीहरू समेत प्रस्तुत गरिदिएको छ । प्रतिनिधिसभाको घोषणाले राजालाई पूर्ण रूपमा अधिकारविहीन बनाएको छ, अब संविधानसभाले एक कदम अघि बढेर मुलुकलाई राजतन्त्ररहित संविधान दिनसक्नुपर्छ । यस्तो संविधान दिनैपर्ने चुनौती भावी संविधानसभाका सामु प्रतिनिधिसभा घोषणाले उत्पन्न गरिदिएको छ, त्यसैले संविधानसभामा जाने सबै राजनीतिक शक्तिहरूले गणतान्त्रिक संविधान

निर्माणका लागि प्रतिबद्धता जाहेर गर्नुपर्दछ । गणतान्त्रिक संविधान निर्माण गर्न सकेन भने अहिलेको पुनर्स्थापित प्रतिनिधिसभा भन्दा पनि भावी संविधानसभा कमजोर देखिने सम्भावना रहन्छ । त्यसैले भावी संविधानसभाले गणतन्त्र ल्याउने संविधानको निर्माणलाई आफ्नो प्रमुख लक्ष्य बनाउनुपर्छ भन्ने कुरामा सबै अग्रगामी राजनीतिक दलहरूले अहिलेदेखि नै ध्यान दिनुपर्छ । राजनीतिक दलहरूका सामू गणतन्त्रसहितको नयाँ संविधान निर्माण गर्नुपर्ने चुनौती छ भन्ने वास्तविकतालाई दलका नेताहरूले आत्मसात गर्नुपर्ने देखिन्छ ।

भोलि बन्ने निर्वाचित जनप्रतिनिधिसभालाई कसरी शक्तिशाली बनाउने र कसरी कार्य सञ्चालन गर्ने भन्ने आधारहरूको निर्माण प्रतिनिधिसभाको घोषणा र नियमावलीले गरिदिएको छ । घोषणा र नियमावली दुवैलाई आधार सामग्रीको रूपमा नयाँ संविधान, नयाँ जननिर्वाचित सर्वोच्च संस्था र नयाँ नियमावली बनाउँदा ग्रहण गर्न सकिन्छ ।

नयाँ संविधानलाई कसरी अग्रगामी बनाउने र नयाँ संविधानमार्फत् नयाँ निर्वाचित निकाय आउँदा कसरी अझ लोकतान्त्रिक ढंगले अघि बढ्ने भन्ने सम्भावनाको खोजी गर्न पनि प्रतिनिधिसभा घोषणा र नयाँ नियमावलीले ठाउँ बनाइदिएको छ ।

२७ बुँदा अघि सार्दा गणतन्त्रको चर्चा थिएन, केवल राजालाई संवैधानिक बनाउने सन्दर्भ मात्र त्यसबेला थियो । त्यो २७ बुँदा बल्ल आएर प्रतिनिधिसभा घोषणा र प्रतिनिधिसभा नियमावलीमा रूपान्तरित भयो । अहिले आमरूपमा गणतन्त्रको माग बढ्दै गएको छ । २७ बुँदाले वर्तमान संक्रमणकालमा संसदलाई राजतन्त्रको छायाँबाट मुक्त गराउन महत्वपूर्ण भूमिका खेलेको छ र गणतन्त्रको मार्गतिर लाग्न पनि प्रेरित गरेको छ ।

अब बन्ने संविधानसभाले गणतन्त्रतर्फ जान चाहने आम नेपालीको चाहनालाई मूर्त रूप र व्यवहारिक रूप दिन सक्नुपर्छ । हाम्रो पार्टीले नेपाल अधिराज्यको संविधान बनिरहँदा त्यसलाई अग्रगामी बनाउन २७ बुँदा अघि सारेको थियो भने आज संविधानसभाको निर्वाचनतिर देश लम्किरहँदा 'संविधानसभाको निर्वाचन गरौं, लोकतान्त्रिक गणतन्त्रको स्थापना गरौं' भन्ने सही र उपयुक्त नारा दिएको छ । जनतालाई बेलैमा सही राजनीतिक नाराका वरिपरि गोलबन्द गर्ने हाम्रो पार्टीको यस नारालाई जनताको आफ्नै नाराका रूपमा रूपान्तरण गर्दै लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि हामी क्रियाशील हुनुपर्दछ ।

■

# प्रतिनिधिसभा घोषणा र हाम्रो दायित्व

**' टीकाराम भट्टराई**

**ज**नआन्दोलनको बलद्वारा स्थापित प्रतिनिधिसभाले जारी गरेको घोषणा र यसअन्तर्गत बन्ने नियमावलीले संसारकै संवैधानिक इतिहासमा एउटा नयाँ आयाम थपेको छ । यो प्रतिनिधिसभा घोषणाको महत्त्वपूर्ण विशेषता के रहेको छ भने यसको हैसियत संविधानभन्दा माथि रहेको छ । घोषणाको दफा ९ 'ग' ले यो घोषणासँग बाझिने नेपाल अधिराज्यको संविधान ०४७ र प्रचलित अन्य कानुनका व्यवस्थाहरू बाझिएको हदसम्म अमान्य हुने छन् भन्ने व्यवस्थाले यो लिखतलाई संविधानभन्दा माथि राखेको देखिन्छ । संविधानवाद र कानुनको शासनको एउटा महत्त्वपूर्ण मान्यता हो । संविधान देशको मूल कानुन हुन्छ ।

यो कुरा संसारका जुनसुकै लिखित संविधानमा पनि लेखिएको हुन्छ र हाम्रो वर्तमान संविधान ०४७ को धारा १ पनि लेखिएको छ । तर, यो मान्यतालाई आन्दोलनले सङ्क्रमणकालका लागि विस्थापित गरेर मूल कानुनका रूपमा घोषणालाई स्थापित गरेको छ । विधिशास्त्रमा एउटा भनाइ छ, आन्दोलनको आफ्नै विधिशास्त्र हुन्छ  यही मान्यताका आधारमा यो घोषणा आएको छ र यसलाई यही रूपमा ग्रहण गर्नुपर्दछ । हरेक संविधान वा कानुन वा घोषणाको  एक निश्चित स्रोत हुन्छ र त्यही स्रोतका आधारमा त्यसको वैधताको निरूपण हुन्छ । यो घोषणाको स्रोत जनआन्दोलन रहेको छ र जनताको इच्छामुताविक यो घोषणा जारी भएको हुनाले जनताले यसलाई क्रियाशील संविधानभन्दा माथि राखेका हुन् । कुनै पनि कानुनले वैधता पाउनका लागि मुख्य रूपमा चारवटा पूर्वसर्त पालना गरेको हुनुपर्दछ । पहिलो हो, त्यसको स्रोत के हो, दोस्रो त्यसले केबाट वैधता प्राप्त गरेको छ, तेस्रो हो प्रजातान्त्रिक पद्धतिबाट निर्माण भएको छ कि छैन र अन्तिम हो, त्यसको पालना तत्काल भएको छ कि छैन ? यति चारवटा सर्तहरू कुनै पनि लिखतले पालना गरेको छ भने त्यस्तो लिखतले कानुनी मान्यता प्राप्त गर्दछ । यो घोषणाले यी सबै सर्तहरूको पालना गरेको देखिन्छ । यो घोषणा पारित भएको दिनदेखि नै यसले घोषणा गरेअनुरूपको परिवर्तन स्वतःस्फूर्त रूपमा भएको घटनाले नै यसको वैधतालाई पुष्टि गरेको छ । राज्यका सबै अङ्गहरूले तत्काल पालना गरेर  यसको  हैसियतलाई संविधानसरहको हैसियतमा राखी दिएका छन् । तसर्थ, यो घोषणाको रूपमा आए पनि यो संविधानकै एक अभिन्न अङ्ग बन्न पुगेको छ ।

अवस्थाअनुसार विधिशास्त्रको रूप र सार फरकफरक हुन्छ । सामान्य अवस्थाको विधिशास्त्र, सङ्कटकालीन अवस्थाको विधिशास्त्र र सङ्क्रमणकालीन अवस्थाको विधिशास्त्रमध्ये अहिले नेपालमा सङ्क्रमणकालीन विधिशास्त्रको अवधारणा र मान्यताले काम गर्दछ । अहिलेको सङ्क्रमणकाल जनआन्दोलनले सिर्जना गरेको सङ्क्रमणकाल भएकाले यस्तो अवस्थामा जनआन्दोलनले प्राप्त गरिसकेका उपलब्धि र प्राप्त गर्ने क्रममा रहेका उपलब्धिका आधारमा विधि र प्रक्रियाको निर्धारण गरिनुपर्दछ । तर, सङ्क्रमणकालमा पनि विधिको सर्वोच्चता र कानुनको शासन स्थापित गर्ने अधिकतम् प्रयास र प्रयत्नहरू गरिनु पर्दछ । तत्काल कायम रहेको विधि प्रक्रियाभित्रैबाट सङ्क्रमणकाल व्यवस्थापन हुन सक्दछ भने त्यसलाई इन्कार गरिनु हुँदैन । तर, आन्दोलनले प्राप्त गरिसकेको उपलब्धिहरूलाई व्यवस्थापन गर्न तत्काल कायम रहेको विधि, प्रक्रिया बाधक भयो वा व्यावहारिक भएन भने विधि र प्रक्रियाका कारणले जनताको इच्छाशक्ति कैद हुन सक्दैन । यो नै आधुनिक विधिशास्त्र र सङ्क्रमणकालीन दुवै विधिशास्त्रको सारभूत पक्ष हो । यो सारभूत पक्षलाई अभिव्यक्त गर्ने विभिन्न रूपगत पक्षहरू हुन सक्छन् । तीमध्ये एउटा रूपगत पक्ष विधायिकी घोषणा हो, तसर्थ यो घोषणा सङ्क्रमणकालीन विधिशास्त्र र आधुनिक विधिशास्त्रभन्दा फरक र विश्वमा चलिआएका संवैधानिक अभ्यासहरूभन्दा पृथक् रहेको छैन ।

तर, यो सङ्क्रमणकाललाई जतिसक्दो चाँडो परिवर्तन गर्नुपर्दछ । सङ्क्रमणकालको विशेषता नै अस्थायी तरल र तत्काल प्रभाव हुने प्रकृतिको हुन्छ । निश्चय पनि यो घोषणाले संविधान वा विधायिकी कानुनको चरित्र ग्रहण गर्न सक्दैन । तसर्थ, यो राजनीतिक कोर्सकै एक अङ्ग हो, जसका पछाडि सार्वभौम जनताको अभिमत रहेको छ । राजनीतिक कोर्स पूरा भएपछि मात्र त्यसलाई वैधता प्रदान गर्नका लागि कानुन वा संविधानको निर्माण हुन्छ तर अहिले राजनीतिक कोर्स नै पूरा भएको छैन र उपलब्धिहरू प्राप्त गर्ने क्रम जारी छ । तत्काल जारी गरिने संविधान वा कानुनले राजनीतिक कोर्सलाई सीमाबद्ध गर्ने र जनताको परिवर्तनको आकाङ्क्षालाई तत्काल अवरोध गर्न सक्ने सम्भावना भएकाले आन्दोलन जारी भएका बखत त्यसलाई तत्काल कैद गर्नु हुँदैन भन्ने मान्यताका आधारमा सङ्क्रमणकालमा राजनीतिक रूपले नै अघि बढ्नुपर्दछ । गत वैशाख ११ गतेको राजाको घोषणापछि आन्दोलनले निरन्तर उचाइ प्राप्त गरिरहेको र गत जेठ ४ गतेको ऐतिहासिक प्रतिनिधिसभाको घोषणाले यो चरणमा प्राप्त गर्ने अधिकतम उपलब्धि प्राप्त गरेको छ । यसरी दिन प्रतिदिन आन्दोलनले उपलब्धि हासिल गर्दै गएको अवस्थामा त्यसलाई कानुन वा संविधानको माध्यमद्वारा तत्काल सीमाबद्ध गर्दा परिवर्तनको ढोका अवरुद्ध हुन सक्ने भएकाले सङ्क्रमणकालमा राजनीतिक घोषणा नै प्रधान हुन्छ । तसर्थ, प्रतिनिधिसभाको घोषणालाई यही रूपमै ग्रहण गर्नुपर्दछ ।

तर, यसको अर्थ राजनीतिक घोषणाद्वारा नै सधैँ शासन सञ्चालन गर्ने आकाङ्क्षा राखियो भने त्यो विधिको शासन र सर्वोच्चता दुवैको उपहास हुनेछ । आधुनिक राज्य सञ्चालनको प्रजातान्त्रिक मापदण्ड भनेकै विधिको सर्वोच्चता हो, त्यो सर्वोच्चतातर्फ जतिसक्दो चाँडो प्रवेश गर्नुपर्दछ । प्रतिनिधिसभाद्वारा घोषित घोषणालाई यथाशक्य चाँडो अन्तरिम शासन विधानमा परिणत गर्नुपर्दछ । तब मात्र विधिको सर्वोच्चता स्थापित भएको मानिन्छ ।

प्रतिनिधिसभा घोषणा केवल घोषणाको माध्यमद्वारा आएको भए तापनि यसका प्रावधानहरू अन्तरिम संविधानकै प्रकृतिका छन् । किनभने, यसले प्रचलित कानुन र संविधानलाई समेत अमान्य गर्ने शक्ति बाकेको छ । तसर्थ, अदालतलगायत राज्यका सबै अङ्गहरूले यसलाई आत्मसात् गर्न कुनै हिचकिचाहट गर्नुपर्ने आवश्यकता छैन । यो घोषणाका पछाडि जनआन्दोलनको संविधान परिवर्तन गर्ने इच्छा अभिव्यक्त भएको छ । संविधानवादको आधारभूत सिद्धान्त भनेको संविधानको स्रोत जनता हुनुपर्दछ भन्ने नै हो । तसर्थ, जनताको इच्छामुताविक आएको यो घोषणाका पछाडि संविधानको स्रोत मानिएको जनइच्छा अभिव्यक्त भएको हुनाले सङ्क्रमणकालीन व्यवस्थाका रूपमा यसलाई न्यायालयले समेत ग्रहण गर्नुपर्दछ । *सार्वभौमसत्ता सदैव जनतामा निहित रहने र राज्यका न्यायालयलगायतका सबै अङ्गहरू सार्वभौमसत्ताप्रति जवाफदेही र उत्तरदायी हुनुपर्ने भएकाले यो घोषणा सात राजनीतिक दल वा प्रतिनिधिसभाको मात्र घोषणा नभएर जनता स्वयम्ले आफ्ना लागि गरेको घोषणा भएकाले त्यसप्रति राज्यका सबै निकायहरू नतमस्तक र जवाफदेही हुनैपर्दछ । विधिशास्त्रमा एउटा भनाइ छ- संविधान वा कानुनका लागि जनता होइन, जनताका लागि संविधान वा कानुन हुनुपर्दछ ।*

यो घोषणाले सदियौँदेखि राज्यको उपरीढाँचामा रहेको सामन्तवादलाई परास्त गरेको छ र पुँजीवादी क्रान्तिका लागि एउटा ढोका खोलिदिएको छ । तर पनि, संरचनागत रूपमा अहिले पनि सामाजिक र सांस्कृतिक बनोटमा सामन्तवाद यथावत् रूपमा रहेको छ । संरचनागत परिवर्तनबिना सामाजिक र सांस्कृतिक रूपमा जरा गाडेर बसेको सामन्तवादको तत्काल अन्त्य हुन सक्दैन । त्यसका लागि आर्थिक संरचनामा रहेको सामन्तवाद र राजनीतिक स्वरूपमा रहेको सामन्तवादलाई परास्त गरिनुपर्दछ । यो घोषणाले सामन्तवादलाई आर्थिक र राजनीतिक रूपमा परास्त गर्ने मार्गप्रशस्त गरिदिएको छ । सामन्तवादी राज्यसत्तालाई संरक्षण गरेर बसेको राज्यसत्ताको आधार सामन्तवादी उत्पादन सम्बन्धको अन्त्य र नेपाली सेनाको पूर्ण लोकतान्त्रीकरण गरेर मात्र सामन्तवादलाई पूर्ण रूपमा परास्त गर्न सकिन्छ ।

यो घोषणामा अभिव्यक्त प्रावधान र भावनालाई व्यवहारमा कार्यान्वयन गर्ने चुनौती अब राजनीतिक नेतृत्वमा आएको छ । जनविद्रोहबाट प्राप्त यो उपलब्धिलाई इमानदारीका साथ कार्यान्वयन गर्न सकियो भने मुलुक साँच्चिकै पुँजीवादी विकासको चरणमा प्रवेश गर्नेछ । हामी मार्क्सवादीहरूको अबको दायित्व सम्भावित पुँजीवादी परिवर्तनलाई नयाँखाले पुँजीवादी क्रान्तिमा परिणत गर्नु हुनेछ । तसर्थ, यो घोषणा मुलुक नयाँ चरणमा प्रवेश गर्ने एउटा युगान्तकारी कोसेढुङ्गा सावित भएको छ, यदि हामीले यसलाई साँच्चिकै कार्यान्वयन गर्न सक्यौँ भने । यो युगीन दायित्व निर्वाह गर्नका लागि जनताको बहुदलीय जनवादले देखाएको मार्गनिर्देश नै सबभन्दा उत्तम विकल्प हो भन्ने विषयमा माओवादीहरूसमेत

सहमत भएको यो बखतमा परिस्थितिको नेतृत्व हामीबाहेक कसैले निर्वाह गर्न सक्दैनौँ भन्ने तथ्य घामजत्तिकै छर्लङ्ग छ । हजारौँ नागरिकहरूको औचित्यहीन बलिदानी र कम्युनिस्ट आन्दोलनलाई दुनियाँमै कलङ्क लगाउने गरी सञ्चालन गरिएको कथित जनयुद्धको बाटो वास्तवमै गलत रहेछ भन्ने पुनर्विचारका साथ माओवादीहरू एमालेकै बाटोमा आउने तरखरमा रहेको यो बखत हामी अझै जिम्मेवार र सचेत हुनु जरुरी छ । एमालेले ०४९ सालको पाँचौँ महाधिवेशनबाट लिएको निर्णय माओवादीहरूले १४ वर्षपछि आएर लिने उद्घोष गरेका छन् । यस्तो बखतमा यो सन्देश आमनागरिक र क्रान्तिकारीहरूमाझ पुऱ्याउनुपर्ने दायित्व अहिलेको प्रथम दायित्व भएको छ । तसर्थ, अहिलेको यो केन्द्रीय कार्यभार पूरा गर्नका लागि आफ्नो ठाउँबाट क्रियाशील रहुँ, यो नै समयको माग र एमालेका हरेक कार्यकर्ताको प्राथमिक दायित्व पनि हो ।

■

## नवयुगको वार्षिक शुल्क सम्बन्धमा सूचना

गत तीन-चार महिनाकै अवधिमा न्युजप्रिन्ट कागज, मसी र प्रेसका अन्य सामग्रीमा पटक-पटक मूल्यवृद्धि भएकाले पार्टी केन्द्रीय कमिटीको राजनीतिक पत्रिका **नवयुग**को वार्षिक शुल्कमा वृद्धि गर्नुपर्ने बाध्यता सिर्जना भएको छ । यसैकारण, २०६३ साउन १ गतेदेखि लागू हुने गरी **नवयुग**को वार्षिक शुल्क दुई सय रुपियाँ कायम गर्ने निर्णय गरिएको छ ।

साउनदेखि प्रत्येक नयाँ ग्राहकबाट प्राप्त हुने वार्षिक शुल्क दुई सय रुपियाँको २५ प्रतिशत रकम सम्बन्धित जिल्ला कमिटीले लिन पाउने निर्णयसमेत गरिएको छ । पुराना ग्राहकका सम्बन्धमा ग्राहक म्याद रहुन्जेल पुरानै शुल्क कायम रहनेछ । म्याद समाप्त भई नवीकरण गर्दा वार्षिक शुल्क दुई सय रुपियाँ लिने र २५ प्रतिशत रकम जिल्ला कमिटीले राख्न पाउने बेहोरासमेत जानकारी गराइन्छ ।

## *भारत भ्रमणको पारदर्शितामा जोड*

काठमाडौँ । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमणका सन्दर्भमा नेकपा (एमाले) ले आफ्नो दृष्टिकोण स्पष्ट पारेको छ । भ्रमणको पूर्वसन्ध्यामा कार्यवाहक महासचिव अमृतकुमार बोहराको अध्यक्षतामा जेठ २० गते बसेको पार्टी स्थायी कमिटीको बैठकले सो दृष्टिकोण अगाडि सारेको हो ।

पार्टीका कार्यालय सचिव काशीनाथ अधिकारीद्वारा जारी विज्ञप्तिका अनुसार, ऐतिहासिक जनआन्दोलनपछिको परिवर्तित परिस्थितिमा राष्ट्रले अपनाउनुपर्ने लोकतान्त्रिक परराष्ट्र नीति र प्रधानमन्त्रीको सन्निकट भारत भ्रमणबारे बैठकमा छलफल भएको थियो । नेपाली जनताले जनआन्दोलनद्वारा जनताको पूर्ण सार्वभौमसत्ता, राष्ट्रिय हित, पूर्ण लोकतन्त्र, दिगो शान्ति, राष्ट्रको समृद्धि तथा राष्ट्रसङ्घको वडापत्र र पञ्चशीलको सिद्धान्तअनुसार नेपालको परराष्ट्र नीति सञ्चालित हुनुपर्ने मत अभिव्यक्त भएको सन्दर्भलाई लिएर बैठकमा गहन छलफल भएको थियो । परिवर्तित धरातलीय यथार्थमा उभिएर लोकतान्त्रिक नेपालको निर्माणका लागि सबै मित्रराष्ट्रहरूसँगको मैत्री सम्बन्धलाई अझ प्रगाढ र दरिलो पार्दै नयाँ उचाइमा विकास गर्नुपर्ने ठहरसमेत बैठकले गरेको थियो ।

सो बैठकले सात दलका बीच छलफल र सहमतिका आधारमा पारदर्शी प्रक्रियाबाट सर्वपक्षीय सद्भावसहित प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भारत भ्रमण गर्नुपर्ने निर्णय गरेको थियो । यस सम्बन्धमा प्रतिनिधिसभालाई पनि जानकारी गराई भ्रमण सम्बन्धमा छलफल हुनुपर्ने कुरामा बैठकले जोड दिएको थियो । वर्तमान सङ्क्रमणकालीन स्थितिको संवेदनशीलतालाई ध्यानमा राखी विदेश सम्बन्ध सञ्चालन गर्दा जनतालाई सुसूचित गर्दै राष्ट्रिय सहमतिका आधारमा पाइला चाल्नुपर्ने बैठकको राय रहेको थियो । *(यससम्बन्धी थप सामग्री १४ पृष्ठमा हेर्नुहोला)*

# संविधानसभा : चुनौती र अवसर

**' राजेन्द्र श्रेष्ठ**

**विषय प्रवेश**

नेपालको राजनीतिक इतिहासमा ५६ वर्षअघि २००७ सालको जनआन्दोलनको परिणामस्वरूप राणा शासनको कठघराबाट मुक्त भएपश्चात् राजा त्रिभुवनले फागुन ७ गतेको शाही घोषणामा 'हाम्रो प्रजाको शासन अबउप्रान्त निजहरूले निर्वाचन गरेको

एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानअनुसार होओस् ............!' भनी उल्लेख गरेका थिए । यस घोषणामा अन्य कुराका अतिरिक्त दुई वर्षभित्र संविधानसभाको निर्वाचन गर्ने र त्यस निर्वाचनपश्चात् देश गणतन्त्रात्मक हुने कुरा बहुत प्रस्ट छ । ०४६ र ०६३ को जनआन्दोलनपश्चात् गरिएको शाही घोषणामा पनि यस्तो घोषणा भएको छैन । तर, ००७ सालको उक्त घोषणा कार्यान्वयनमा आउन सकेन । तत्कालीन स्थितिमा आन्दोलनको नेतृत्व गर्ने राजनीतिक पार्टी तथा नेताहरूले सार्वभौमसत्तासम्पन्न जनतालाई राजकीय अधिकारहरूबाट सु-सज्जित गर्ने भन्दा राजाको छहारीमा रमाउने, एकआपसमा दलीय स्वार्थका लागि लड्ने र सिंहदरबारस्थित सेनालाई नारायणहिटीमा सुम्पनेजस्ता अदूरदर्शी काम गर्न थाल्यो । राजाले विस्तारै आफ्नो शक्ति सुदृढ गर्दै तत्कालीन सत्तारुढ नेताहरूलाई 'राजा भएको देशमा संविधानसभा आवश्यक नभएको' भन्ने कुरा बोल्न लगाए । सात वर्षपछि श्री ५ को हातमा सत्ता सुदृढ भएको अवस्थामा राजाबाट बक्स भएको संविधानका आधारमा आमनिर्वाचनमा सहभागी बन्न नेपाली काङ्ग्रेस तयार भयो । सिंहदरबारभित्र रहेको सेना दरबारमा पठाउनेदेखि राजाले दिएको संविधान मान्नेसम्मका गम्भीर त्रुटि हुनुमा तत्कालीन नेता विश्वेश्वरप्रसाद कोइरालासमेत जिम्मेवार हुनुहुन्थ्यो ।

नेपालमा छ दशकको संवैधानिक इतिहासमा पाँचपटक संविधान जारी भयो । ००४ सालमा पद्मशमशेरद्वारा जारी नेपाल सरकारको वैधानिक कानुन नेपालको पहिलो संविधान हो । त्यसपछिका संविधानहरूमा ००७ सालको अन्तरिम शासन विधान राजा, राणा र काङ्ग्रेसको सहमतिमा र ०१५ सालको संविधान काङ्ग्रेसको सहमतिमा राजाबाट जारी भएको थियो भने ०१९ सालको संविधान पञ्चायती व्यवस्थाले संस्थागत गर्न राजाबाट जारी भएको थियो। त्यसपश्चात् ०४६ सालको जनआन्दोलनको उपलब्धिस्वरूप राजा, काङ्ग्रेस र वाममोर्चाको प्रतिनिधित्व रहेको संविधान सुझाव आयोगद्वारा मस्यौदा गराई नेपाल अधिराज्यको संविधान ०४७ राजाबाट घोषणा गरिएको थियो । यी संविधानहरूमध्ये ०४७ सालको संविधान तुलनात्मक रूपमा प्रगतिशील भए तापनि व्यावहारिक रूपमा त्यसले सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरूपले जनताको हातमा ल्याउन नसकेको कुरा ०५९ आश्विन १८ र ०६१ माघ १९ को घटनाले प्रमाणित गऱ्यो । कागजमा लेखिएका सुन्दर अक्षरहरूले मात्र जनताको सार्वभौमसत्ता स्थापित हुँदो रहेनछ भन्ने कुरा प्रस्ट भएको छ। यी पाँचवटै संविधान निर्माणमा सबैभन्दा ठूलो कमजोरी जनताद्वारा अनुमोदन नगराउनु नै हो। त्यसैले सम्पूर्ण सत्ता जनतामा हस्तान्तरणका लागि ०६२/६३ सालमा पुनः जनताले आन्दोलन गर्नुपर्ने स्थिति सिर्जना भयो ।

०४६ सालयता विकसित प्रजातान्त्रिक प्रणालीले राजनीतिक व्यवस्थामा परिवर्तन गरे पनि देशको सामाजिक, आर्थिक आधारहरू परिवर्तन गर्न सकेन । त्यसबाट देशमा विद्यमान जातीय, क्षेत्रीय, लैङ्गिक र वर्गीय समस्या हल नभएको र देशमा नयाँ शक्ति सन्तुलन विकास भएको परिप्रेक्ष्यमा सात दलले ०६२ वैशाख २५ मा अग्रगमनको छबुँदे आधारपत्र सार्वजनिक गऱ्यो र त्यसको आधारमा ०६२ मङ्सिर ७ गते नेकपा (माओवादी) सँग वार्ता गरी १२ बुँदे समझदारीमा पुग्यो। यो समझदारीपश्चात् मुलुकमा तीव्र ध्रुवीकरण भई नयाँ लोकतान्त्रिक धारको सिर्जना हुन पुग्यो, जसमा संसदीय घेराभित्रका सात दलहरू, माओवादी र नागरिक समाज सबै गोलबन्द हुन पुग्यो । त्रिपक्षीय शक्ति सन्तुलनभित्र राजाको सामन्ती निरङ्कुशतावादी धार र नयाँ लोकतान्त्रिक धारका रूपमा द्वन्द्व मुखरित हुन पुग्यो । माओवादीसँगको १२ बुँदे समझदारीले ०६२ चैत २४ गतेदेखि सात दलले सञ्चालन गरेको शान्तिपूर्ण जनआन्दोलन अब गन्तव्यमा पुग्छ भन्ने आममनोभावना बन्न पुग्यो। मानवअधिकारवादीहरू, जातीय तथा भाषिक सङ्घसंस्थाहरू, अन्धअपाङ्ग, पेसाकर्मीहरूलगायत सम्पूर्ण नागरिक समाजका अगुवाहरू सशक्त रूपले आन्दोलनमा उत्रे । राजाद्वारा गरिएको चरम दमन, गोली प्रहार, हत्या आतङ्क, धरपकड, निषेधित क्षेत्र घोषणा, कर्फ्यु आदेश सबै कुरा तोड्दै आमनेपाली जनता १९ दिनसम्म लगातार राजाका सेना, प्रहरी र जासुसहरूसँग भिड्न थाले । एकै दिन एकै समयमा देशभरिमा ३०/३५ लाख जनता सडकमा उत्रन थाले । शान्तिपूर्ण जनआन्दोलनले देशव्यापी जनविद्रोहको रूप धारण गऱ्यो । फलस्वरूप राजा झुक्न बाध्य भए र ०६३ वैशाख ११ गते शाही घोषणामार्फत 'नेपालको सार्वमौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा नै निहित रहेको तथ्यलाई हृदयङ्गम गर्दै वर्तमान जनआन्दोलनमार्फत अभिव्यक्त भएको जनभावना एवम् आन्दोलनरत सारा राजनीतिक दलको गठबन्धनको मार्गचित्रका आधारमा मुलुकमा जारी हिंसात्मक द्वन्द्वलगायत समग्र समस्याहरूको समाधान गर्न विघटित प्रतिनिधिसभाको पुनःस्थापना' गरेको घोषणा भयो । यो नेपाली जनताको ऐतिहासिक जित मात्र होइन, विश्वकै जनआन्दोलनको इतिहासमा कीर्तिमानी आन्दोलन सावित भयो ।

## क्रान्तिमा क्रमभङ्गता र अन्तरिम शासन व्यवस्था

पुनःस्थापित प्रतिनिधिसभाले यही ०६३ जेठ ४ गते जनआन्दोलनको भावनाअनुरूप 'नेपालको व्यवस्थापिकासम्बन्धी सम्पूर्ण अधिकार प्रतिनिधिसभाद्वारा प्रयोग गर्ने' प्रतिनिधिसभाको घोषणा ०६३ पारित गरेको छ । यस घोषणाले सामन्तवादको नायकका रूपमा रहेको राजाको हातमा रहेको सम्पूर्ण अधिकारहरू जनताको हातमा आएको छ । यस घोषणामा रहेको नेपाल सरकार र नेपाली सेनाको व्यवस्था, राजपरिषद्को खारेजी, राजा सेनाको परमाधिपति हुने व्यवस्थाको खारेजी, धर्मनिरपेक्ष राज्य, राष्ट्रिय गानको परिवर्तनजस्ता महत्त्वपूर्ण कुराहरू जनताको लामो समयदेखिको चिरप्रतीक्षित चाहना हो । यसै घोषणाले नेपाली जनताको संविधानसभामार्फत संवैधानिक परिवर्तन गर्ने चाहनालाई पनि संस्थागत गरेको छ। यो घोषणाले वर्तमान सङ्क्रमणकालीन स्थितिको प्रारम्भिक चरणमा अर्को संवैधानिक व्यवस्था नभएसम्मका लागि मुलुकलाई मार्गदर्शन गर्ने छ । अब नेपाल सरकार र नेकपा (माओवादी) दुवैले १२ बुँदे समझदारीमा उल्लिखित मार्गचित्रअनुरूप वार्ताका माध्यमबाट एक वर्षभित्र संविधानसभाको निर्वाचन सम्पन्न गर्ने गरी राजनीतिक सम्झौता गर्नुपर्दछ। त्यसमा संविधानसभाको निर्वाचनपूर्व गर्नुपर्ने राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, सैन्य गतिविधि, हतियार व्यवस्थापन, युद्धविराम, अन्तर्राष्ट्रिय समुदायको संलग्नता आदि बारे स्पष्ट उल्लेख हुनुपर्दछ । त्यसपश्चात् माओवादीको समेत संलग्नतामा अन्तरिम शासन विधान जारी गर्ने, अन्तरिम सरकार बनाउने र संविधानसभाको निर्वाचन गर्ने कार्य गर्नुपर्दछ। वर्तमान जनआन्दोलनलाई लोकतान्त्रिक क्रान्तिको तहमा विकास गर्नका लागि संविधानसभामा लोकतान्त्रिक गणतन्त्र पक्षधर शक्तिलाई विजयी बनाउन हामीले अझै पनि दबाबमूलक

अभियानलाई जारी राख्नुपर्दछ । गाउँगाउँ र टोलटोलमा लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियानहरू सञ्चालन गरी जनशक्ति परिचालन गर्नुपर्दछ ।

वर्तमान जनआन्दोलनले नयाँ लोकतान्त्रिक व्यवस्थाको जग बसाले तापनि कतिपय राजनीतिक शक्ति र व्यक्तिहरूमा अझै पनि परम्परागत चिन्तन बाँकी नै छ । उनीहरू वर्तमान संवैधानिक रिक्ततालाई पूर्ति गर्ने अन्तरिम शासन विधान जारी गर्नेभन्दा पनि यही संविधानमाथि टेकेर नयाँ संवैधानिक व्यवस्था गर्ने पक्षमा छन् । यो चिन्तनले हामीलाई सुधारिएको बहुदलीय व्यवस्थाको गोलचक्करमा फसाउनेछ । प्रथमतः यसले जनतामा आमूल परिवर्तनको सन्देश नजाने मात्र होइन, वर्तमान विद्रोहलाई क्रान्तिको तहमा विकास गर्ने कुरामा बाधा उत्पन्न हुन्छ । दोस्रो यही संविधानमाथि टेकेर जाँदा प्रतिगमनका छिद्रहरू कुनै न कुनै रूपमा बाँकी रहन सक्छ । यसले आन्दोलनको भावनाविपरीत संविधान निर्माणमा अघोषित सर्तबन्दी सिर्जना हुन सक्दछ । तेस्रो, जनभावनाअनुरूप संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने बेलामा वर्तमान संविधानमा अन्तरनिहित अपरिवर्तनीय विषयहरूलाई लिई सर्वोच्च अदालतमा बहसको विषय बन्न सक्दछ । चौथो, दलहरू र माओवादीबीच विकसित १२ बुँदे समझदारीमा संविधानसभामा जाने प्रक्रियाका सन्दर्भमा मतभेद रहेको भए तापनि यही संविधानमाथि टेकेर जाने कुरा कहीं पनि उल्लेख भएको छैन । त्यसैले यसले शान्ति वार्तालाई पनि असर पार्न सक्दछ ।

अर्कोतर्फ कतिपय राजनीतिक शक्तिहरू तथा व्यक्तिहरूको विचार सङ्क्रमणकालका सबै कामहरू राजनीतिक निर्णयका माध्यमबाट गर्नु पर्दछ भन्ने रहेको छ । सङ्क्रमणकाल भनेको आन्दोलनपछि विकसित हुने अव्यवस्थालाई संवैधानिक तथा कानुनी व्यवस्थाको माध्यमबाट लिकमा ल्याउने कुरा हो । हरेक निर्णय राजनीतिक घोषणा गर्दै कार्यान्वयन गरेमा त्यसले संवैधानिक रिक्तताको स्थिति निम्त्याउँछ र राज्य अराजकता सिर्जना हुन्छ । अतः यो पनि ठीक मार्ग होइन । अझ कतिपय व्यक्तिहरू आफूलाई अनुकूल हुने विषयमा संविधानमाथि टेकेर जाने र प्रतिकूल हुने विषयमा राजनीतिक निर्णय गर्दै जाने कुरा पनि गर्दछन् । यो विचार अराजकतावादी मात्र नभई द्वैध मापदण्ड पनि ठहर्दछ । यस्तो स्थितिमा त्यसलाई अदालतले पनि उल्टाई दिन सक्दछ । अतः अहिलेको स्थितिमा आन्दोलनकारी जनताको जुन जनादेशले प्रतिनिधिसभा पुनःस्थापना तथा सात दलको सरकार गठन भएको छ, त्यही जनादेशका आधारमा माओवादीसँग वार्ता गरी सहमति बनाउने र वर्तमान संविधान खारेज गरी अन्तरिम शासन विधान जारी गर्ने कार्य गर्नु पर्दछ । यसरी मात्र आन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्न सकिन्छ । वास्तवमा यो सवाल अहिले प्राप्त उपलब्धिहरूलाई यत्तिमै सीमित गर्ने कि महान् क्रान्तिमा रूपान्तरित गर्ने भन्ने सवालसँग गाँसिएको छ । देश अहिले राजनीतिक रूपमा तीव्र गतिले सामन्तवादबाट पुँजीवादमा सङ्क्रमण भइरहेको छ । दार्शनिक रूपमा भन्दा यसलाई संस्थागत गर्न मात्रात्मक विकास मात्र होइन, क्रान्तिकारी फड्कोको आवश्यकता पर्दछ । अन्तरिम शासन विधान ल्याउनु भनेको पुरानो व्यवस्थासँग क्रमभङ्गताको महत्त्वपूर्ण पाइला हो । त्यसले क्रान्तिकारी फड्को मार्नका लागि मद्दत गर्दछ । अतः लोकतान्त्रिक क्रान्तिको पूर्णताको दिशामा जान अन्तरिम शासन विधान जारी गर्नु अपरिहार्य छ । यसले सङ्क्रमण कालमा नयाँ व्यवस्थाका लागि अन्तरिम व्यवस्थापन गर्दछ ।

## संविधानसभा र यसको प्रारूप

संविधानसभा भनेको देशको संविधान बनाउनका निमित्त जनताले आफ्नो प्रतिनिधि छानेर पठाउने व्यवस्था हो । आफ्ना निमित्त आफैंले बनाएको संविधानबाट शासित हुन पाउनु लोकतन्त्रमा जनताको सर्वोच्चता र सार्वभौमिकताको अनुपम उदाहरण हो । यस अर्थमा संविधानसभा जनताको सार्वभौमसत्ता अभ्यासको एउटा थलो हो । यसको पहिलो प्रयोग सन् १७८७ मा अमेरिकामा र दोस्रो प्रयोग सन् १७९१ मा फ्रान्समा भएको थियो । त्यस्तै भारत, पाकिस्तान, इटाली, जर्मनी, नर्वे, आयरल्यान्ड, नामिबिया, दक्षिण अफ्रिका, एलसाल्भाडोर, इस्टटिमोर आदि देशमा पनि यसको प्रयोग भएको छ । नेपालमा ००७ सालको जनआन्दोलनका बेला नेपाली काङ्ग्रेसले संविधानसभाको माग गरेको थियो । तर, ०१४ सालपछि नेपाली काङ्ग्रेस त्यसबाट विचलित भयो । विश्वको कम्युनिस्ट आन्दोलनलाई दृष्टिगत गर्दा हालसम्म कुनै पनि कम्युनिस्ट मुलुकमा संविधानसभाद्वारा संविधान बनाएको दृष्टान्त पाइँदैन । तथापि, नेपालमा ००७ सालको आन्दोलनपश्चात् नेपाल कम्युनिस्ट पार्टीको संस्थापक नेता क. पुष्पलालले तत्कालीन द्वन्द्व समाधान गर्न 'मुलुकभरका सम्पूर्ण जनवादी पार्टी, दल, जनवर्गीय सङ्गठन र व्यक्तिहरूको एउटा जनताको राजनीतिक छलफल समिति (सर्वपक्षीय राजनीतिक सम्मेलन) खडा गर । यस जनताको राजनीतिक छलफल समितिको सिफारिसबमोजिम तमाम जनवादी पार्टी, दल, जनवर्गीय सङ्गठन र व्यक्तिहरूको संयुक्त सरकार खडा गर ।.... वैधानिक हकहरूको पेवा त्रिभुवनको हातबाट खोसी जनताको राजनीतिक छलफल समितिलाई दिने........ माथि तोकिएका सर्तहरू पूरा नगरी स्वतन्त्र जनमत जाहेर गर्ने विधानसभा खडा हुन सक्दैन । तसर्थ, विधानसभा खडा हुनुभन्दा पहिले मुलुकमा माथि तोकिएबमोजिमको काम हुनैपर्छ' भनी जोड दिनुभएको थियो । (नयाँ जनवादको निमित्त नेपाली जनताको बाटो ००८ पृष्ठ १० र १२) यसरी क. पुष्पलाल ००७ सालको आन्दोलनका बेला पनि सर्वपक्षीय राजनीतिक सम्मेलनमार्फत संयुक्त सरकार बनाई संविधानसभाको चुनाव गराउने पक्षमा थियो । हाल सात दल र माओवादी राजनीतिक सम्मेलनका माध्यमबाट अन्तरिम सरकार बनाई संविधानसभाको चुनाव गराउने पक्षमा छन् ।

विश्वमा संविधानसभाको गठन विधि र त्यसका प्रारूपहरू विविध प्रकारका छन् । त्यसका केही प्रचलित विधिहरू यस प्रकार छन् :

३.१ संवैधानिक सम्मेलन : अमेरिकामा सन् १७७६ जुलाईमा स्वतन्त्रतासङ्ग्रामको विजयपश्चात् ब्रिटिस साम्राज्यवादबाट मुक्त १३ वटा राज्यहरूले सन् १७८७ मा फिलाडेल्फियामा भेला भई संवैधानिक सम्मेलन गरे । चार महिनासम्म चलेको उक्त सम्मेलनले आ-आफ्नो राज्यको स्वशासनको अधिकारसहित खुकुलो सङ्घीय राज्यमा बाँधिएर संयुक्त राज्य अमेरिका खडा गरेका हुन् । सङ्घमा आबद्ध तत्कालीन राज्यहरूले अनुमोदन गरेपश्चात् सन् १७८९ देखि यो संविधान कार्यान्वयन भएको हो ।

३.२ स्टेटस जेनरलद्वारा घोषणा : फ्रान्समा सन् १७८९ को क्रान्तिपश्चात् त्यहाँको स्टेट जेनरलहरूको तेस्रो समूह पुँजीपति तथा मध्यम वर्गका प्रतिनिधिहरूले कुलीन वर्ग र पादरीहरूबाहेकको सभा बसी त्यसलाई राष्ट्रिय संविधानसभा घोषणा

गरेर टेनिस कोर्टमा शपथ लिए । तिनीहरूले १७९१ मा फ्रान्समा संवैधानिक राजतन्त्रात्मक संविधान निर्माण गरे । त्यहाँ १७९१ सेप्टेम्बरमा पुनः नेसनल कनभेन्सनका रूपमा अर्को संविधानसभा गठन भई १७९३ मा गणतन्त्रात्मक संविधान निर्माण गरेका हुन् ।

३.३ प्रादेशिक सभाद्वारा प्रतिनिधि चयन : भारतमा सन् १९३४ देखि नै भारतीय राष्ट्रिय काङ्ग्रेसद्वारा संविधानसभाको निर्वाचन माग गरिएको भए तापनि सन् १९४५ सेप्टेम्बरमा मात्र ब्रिटिस सरकारले त्यसका लागि अनुमति प्रदान गरेको हो । त्यसपश्चात् त्यहाँको क्याबिनेटले नै मिसनका रूपमा काम गरी १९४६ जुलाईमा तत्कालीन ब्रिटिस साम्राज्यवादले आफूअनुकूल सिर्जना गरेका प्रान्तका प्रान्तीयसभा र प्रिन्सली स्टेटबाट प्रतिनिधि लिई संविधानसभा गठन गरे । त्यसले १९४८ मा संविधान मस्यौदा गरी १९४९ नोभेम्बरदेखि लागू गऱ्यो ।

३.४ प्रत्यक्ष मतदान : सन् १९९४ को अप्रिलमा दक्षिण अफ्रिकामा बालिग मताधिकारका आधारमा प्रत्यक्ष मतदान गरी संविधानसभा गठन गरे । समानुपातिक प्रतिनिधित्व प्रणालीमा आधारित उक्त संविधानसभामा त्यहाँका विविध समुदायहरूको प्रतिनिधित्व थियो । त्यही सभाले त्यहाँ सन् १९९६ मा संविधान निर्माण गरी संवैधानिक अदालतद्वारा स्वीकृति दिएपछि सन् १९९७ फेब्रुअरीदेखि लागू गरेका हुन् । संविधान निर्माणपश्चात् त्यसैले राष्ट्रियसभाका रूपमा निर्वाचित संसद्को भूमिका निर्वाह गरेका हुन् । त्यस्तै एल साल्भाडोर, नामिबिया, पूर्वी टिमोरजस्ता मुलुकहरूमा पनि यस्तै विधि अपनाइएको थियो ।

३.५ प्रत्यक्ष मतदान र मनोनयन : सन् १९९४ मै युगान्डामा पनि संविधानसभाको निर्वाचन भएको थियो । दुई सय ८४ मध्ये दुई सय १४ जना प्रत्यक्ष मतदानद्वारा चुनी ७० जना महिलालगायत विविध समुदायहरूबाट मनोनयन गरिएको थियो । त्यही सभाले नै त्यहाँको संविधान निर्माण गरेको हो ।

नेपालको सन्दर्भमा उपरोक्त विधिहरूमध्ये बालिग मताधिकारका आधारमा प्रत्यक्ष मतदान गरी दक्षिण अफ्रिकामा जस्तो विविध समुदायहरूको समेत प्रतिनिधित्व हुने गरी समानुपातिक प्रतिनिधित्वका आधारमा बालिग मताधिकारद्वारा संविधानसभाको निर्वाचन गर्ने विधि अपनाउनु नै सबैभन्दा उपयुक्त हुन्छ । त्यसो गर्दा प्रजातान्त्रिक ढङ्गले प्रतिनिधिहरू छनोट हुनुका साथै समावेशीकरण पनि हुन सक्दछ ।

संविधानसभाको निर्वाचनका लागि अन्तरिम शासन विधानका साथमा संविधानसभा निर्वाचन ऐन र सभाको कार्यविधि पनि आवश्यकता पर्दछ । यी कुराहरू १२ बुँदे समझदारीका आधारमा माओवादीसँग वार्ता र समझदारी गरी टुङ्ग्याउनुपर्दछ । आन्दोलनको जनादेश पाएको प्रतिनिधिसभा भएको हुँदा माओवादीसँग समझदारी भएमा पुनःस्थापित प्रतिनिधिसभाले पनि यसको टुङ्गो लगाउन सक्दछ । तर, उक्त प्रतिनिधिसभामा आन्दोलनका सहभागी माओवादी तथा नागरिक समाजका प्रतिनिधि नभएको हुँदा सहमति हुने सम्भावना कम छ । त्यस्तो स्थितिमा अन्य दुई विकल्पहरू हुन सक्दछन् । पहिलो सम्पूर्ण आन्दोलनकारी संसदीय दलहरू, माओवादी, नागरिक समाज आदिको संलग्नतामा राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसले 'राजनीतिक परामर्शसभा' का रूपमा एउटा राज्यपरिषद् खडा गरी त्यसले निर्धारण गरेको मार्गदर्शनअनुरूप प्रतिनिधिसभाले काम गर्ने । यी कुराहरूमा सहमत भएमा अन्तरिम शासन विधानमा नै यसलाई समावेश गर्न सकिनेछ । त्यस्तो स्थितिमा वर्तमान प्रतिनिधिसभा निस्क्रिय प्रतिनिधिसभाका रूपमा रहनेछ । दोस्रो, ०४६ सालको जनआन्दोलनपश्चात् गठन गरिएको भट्टराई मन्त्रिमण्डललाई झैं अहिले गठन हुने सात दल र माओवादी संलग्न अन्तरिम मन्त्रिमण्डललाई नै विधायिकी अधिकारसमेत हस्तान्तरण गर्ने । यसमा सहमति भएको अवस्थामा संविधानसभाको चुनाव सम्पन्न नभएसम्म सम्पूर्ण संवैधानिक र कानुनी व्यवस्था यसैले निरूपण गर्न सक्दछ । त्यस्तो स्थितिमा अन्तरिम सरकारले नै सङ्क्रमणकालीन संसद्को भूमिका पनि निर्वाह गर्दछ । उपरोक्त विकल्पहरूमध्ये कुन विकल्प लागू गर्ने भन्ने कुरा माओवादीहरूसँग वार्ताका बेला हुने सहमतिका आधारमा गर्नु नै उपयुक्त हुनेछ ।

## संविधानसभा र समावेशीकरण

दलहरू र माओवादीबीचको १२ बुँदे समझदारीले समावेशी लोकतन्त्र र राज्यको अग्रगामी पुनःसंरचनामा विशेष जोड दिएको छ । भावी राज्यको संरचना निर्माण गर्ने संविधानसभा स्वयम् समावेशी नभई त्यसले समावेशी राज्यको खाका कोर्न सक्दैन । त्यसैले संविधानसभालाई कसरी समावेशी बनाउने भन्ने कुरा एउटा ठूलो चुनौतीको विषय भएको छ । कतिपय व्यक्तिहरू अहिलेका दुई सय पाँचवटा निर्वाचन क्षेत्रलाई थपघट गरी संविधानसभाको चुनाव गरे हुन्छ भन्ने मान्यता राख्दछन् । यस सन्दर्भमा हामीले बुझ्नुपर्ने कुरा के छ भने अहिलेका निर्वाचन क्षेत्रहरू, जसका कारण महिला, आदिवासी जनजाति, दलित, मधेसी आदिको प्रतिनिधित्व समतामूलक भएन भनी सबैले स्वीकारेका छन्, त्यही निर्वाचन क्षेत्रहरूलाई निरन्तरता दिने हो भने संविधानसभा पनि समावेशी हुने छैन । त्यसैले संविधानसभाको प्रश्नलाई एउटा प्राविधिक विषयका रूपमा मात्र हेर्नुको सट्टा यो समावेशीकरणको राजनीतिक प्रक्रिया पनि हो भन्ने कुरा बुझ्नु पर्दछ । संविधानसभाको निर्वाचनमा कस्तो निर्वाचन प्रणाली अपनाउने भन्ने कुराले धेरै हदसम्म समावेशीकरणको प्रक्रिया पनि निर्धारण गर्दछ । उत्ति नै सङ्ख्या रहेका समुदायहरूको पनि निर्वाचन प्रणालीका कारण कहीं राम्रो उपस्थिति र कहीं शून्य हुन सक्दछ । न्युजिल्यान्डमा आदिवासी माओरी जातिको पहिलो मत प्राप्त गर्ने निर्वाचित हुने प्रणाली अपनाउँदा ७५ सांसद थिए भने मिश्रित सदस्य समानुपातिक प्रणाली अपनाउँदा एक सय ६५ पुगेको, महिला सदस्यको अनुपात पनि दुई सय १५ बाट बढेर दुई सय ९५ पुगेको छ । (निर्वाचन प्रणालीको प्रारूप : अन्तर्राष्ट्रिय आईडीईए, पृष्ठ १२१) त्यसैले संविधानसभामा कस्तो प्रणाली अपनाउने भन्ने कुरा प्राविधिक विषय मात्र नभई प्रतिनिधित्वको सवाल पनि हो ।

अन्तर्राष्ट्रिय आईडीईएका अनुसार, विश्वका एक सय ९९ देशका प्रचलित निर्वाचन प्रणालीहरूलाई वर्गीकृत गरेर हेर्दा सबैभन्दा बढी सूची समानुपातिक (सुस) प्रणाली ७० देशले प्रयोग गरिरहेका छन् भने पहिलो हुने निर्वाचित हुने (पहुनिह) प्रणाली ४७, दुई चरण (दुच) प्रणाली २२, समानान्तर (मिश्रित अर्धसमानुपातिक) प्रणाली २१, एकमुष्ट (एमु) प्रणाली १५, मिश्रित सदस्य समानुपातिक (मिसस) प्रणाली नौ र अन्य प्रणालीहरू १५ देशले प्रयोग गरिरहेका छन् । यी प्रणालीहरूमध्ये

विगत १० वर्षयता स्वाधीन भएका मुलुकहरूमा ६१.३५ ले सूची समानुपातिक प्रयोग गरेका छन् भने पहुनिहु एक सय ३५ ले मात्र प्रयोग गरेका छन्। (निर्वाचन प्रणालीको प्रारूप : अन्तर्राष्ट्रिय आईडीईए, पृष्ठ ३२)। तुलनात्मक रूपमा मिश्रित सदस्य समानुपातिक प्रणाली विभिन्न प्रणालीमा रहेका कमजोरीहरू हटाएर विकास गरेको हुँदा सन्तुलित प्रणाली भए तापनि यसको प्रयोग धेरै देशले गर्न सकेका छैनन्। यसमा सूची समानुपातिक प्रणालीलाई पहुनिहु, एकमुष्ट, दलगत एकमुष्ट, वैकल्पिक मत, दुई चरण प्रणालीजस्ता बहुमतीय प्रणालीसँग मिश्रित गरिन्छ र बहुमतीय प्रणालीले सिर्जना गरेको असमानुपातिकतालाई सूची समानुपातिकको माध्यमबाट पूर्ति गरिन्छ। यसलाई बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग हुने एकल असङ्क्रमणीय, सीमित मत, प्राथमिकता गणनाजस्तो आंशिक समानुपातिक प्रकृतिको निर्वाचन प्रणालीसँग पनि मिश्रित गर्न सकिन्छ। सूची समानुपातिक प्रणालीमा उम्मेदवारहरूको प्राथमिकताको सूची बनाउँदा सबै जाति, भाषा, धर्म, संस्कृति, लिङ्ग, क्षेत्र आदिका देशहरूमा झैं संविधानमै प्रस्ट हुने गरी उल्लेख गर्नुपर्दछ। अमूर्त ढङ्गले समावेशीको कुरा गरेमा राज्य पुनःसंरचनापश्चात् पनि वर्तमान नेपालका राष्ट्रियसभाको जस्तै स्थिति हुन सक्दछ। अब जाऔं, नेपालले संविधानसभाको निर्वाचनको प्रयोजनका लागि कस्तो निर्वाचन प्रणाली अपनाउने त ? मेरो विचारमा समावेशीकरणका लागि विभिन्न प्रणाली प्रयोग गर्न सकिए।ता पनि मुख्य रूपमा निम्न प्रणालीहरू उपयुक्त छन् :

### ४.१ सूची समानुपातिक प्रणाली

सूची समानुपातिक प्रणाली भन्नाले पार्टी वा समुदायहरूले निर्वाचनका बेला आ-आफ्ना उम्मेदवारहरूको प्राथमिकताको सूची घोषणा गरी निर्वाचनमा प्राप्त मत प्रतिशतका आधारमा सिट बाँडफाँट गर्ने प्रणाली हो। यस्तो प्रणालीमा अहिलेको जस्तो व्यक्ति उम्मेदवार नभई पार्टी वा समूह नै उम्मेदवार बन्दछ। यस्तो सूची राष्ट्रिय वा प्रादेशिक स्तरमा घोषणा गर्न सक्दछ।

(क) राष्ट्रिय सूची : यस प्रणालीमा सम्पूर्ण देशलाई नै राष्ट्रिय निर्वाचन क्षेत्र मानी सबै किसिमको सन्तुलन मिलाई राष्ट्रिय सूची बनाइन्छ। त्यसअनुरूप निर्वाचनमा जुन पार्टीले जति प्रतिशत मत प्राप्त गर्दछ, त्यसको अनुपातमा सिट बाँडफाँट गर्ने गरिन्छ। यस प्रणालीमा राष्ट्रिय निर्वाचन क्षेत्र हुने भएकाले संविधानसभाको निर्वाचन तुरुन्तै गर्न सकिन्छ। विश्वमा यस्तो प्रणालीमा एकल र बहुसूची गरी दुई प्रणाली प्रचलित छन्। एकल सूची भएका देशहरूमा एउटा मात्र सूची प्रकाशित हुन्छ। हाम्रोजस्तो एक सय एकवटा जात/जनजाति भएको देशमा सबै जात/जनजातिहरूको नाम त्यस्तो सूचीमा समावेश गर्न कठिन हुन्छ। त्यसैले तिनीहरूलाई विभिन्न जातीय समूहका रूपमा तथा सामुदायिक रूपमा वर्गीकृत गर्नु पर्दछ। त्यस्ता समूहहरू वर्गीकृत गर्दा खस-आर्य समूह, आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम, महिला आदि रूपमा गर्न सकिन्छ। यस्तो प्रणालीमा एउटै समुदायको लगातार नाम पर्न नहुने व्यवस्था गरी प्रत्येक समुदायलाई जनसङ्ख्याको अनुपातमा सिट सूचीकृत गरिनेछ। पेसाकर्मी अन्धा-अपाङ्गलाई पनि केही सिट छुट्याउन सकिन्छ। महिलालाई ३३ प्रतिशत सिट दिने प्रतिबद्धता लागू गर्न प्रत्यक तीनमा एक महिलाको नाम सूचीकृत हुनुपर्दछ र महिलाभित्र पनि जातीय-क्षेत्रीय सन्तुलन मिलाउनुपर्दछ। यस्तो एकल सूची प्रणाली नेदरल्यान्ड, नामिबिया र मोल्डोभामा प्रचलित छ। बहुसूची प्रणाली लागू गरेका देशहरूमा कहीं खुला सूची र सामुदायिक सूचीको मिश्रण गरिएको छ भने कहीँ विभिन्न समुदायका लागि अलग-अलग सूचीहरू दिने गरेको छ। फिजीमा खुला र सामुदायिक सूचीहरू दिने गरेको छ। यहाँ प्रत्येक मतदाताले दुई मत दिन पाउँछ। तर, न्युजिल्यान्डमा भने खुला र माओरीको सूचीमध्ये माओरी जातिले एउटा सूची छान्नु पर्दछ। त्यसभन्दा भिन्न लेबनान र बोस्निया-हर्जगोविनामा भने सामुदायिक रूपमा बहुसूची प्रकाशित हुन्छ र प्रत्येकले आफ्नो समुदायका लागि मात्र मतदान गर्ने व्यवस्था छ। नेपालमा बहुसूची प्रणाली लागू गर्ने हो भने एक लाखभन्दा बढी जनसङ्ख्या भएका जात/जनजातिहरूलाई जनसङ्ख्याको अनुपातमा, ५० हजारभन्दा बढी जनसङ्ख्या भएकाहरूलाई एक सिट र ५० हजारभन्दा कम जनसङ्ख्या भएकाहरूलाई माथि भनिएबमोजिमको समूह बनाई दुई तिहाइ (दुई सय ५० भए एक सय ६७ जना) सामुदायिक सूचीबाट र एकतिहाई खुला सूचीबाट छान्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ।

(ख) प्रादेशिक सूची : यस प्रणालीअनुरूप संविधानसभाको निर्वाचन गर्न सबैभन्दा पहिला मोटामोटी रूपमा नयाँ नेपालको प्रादेशिक संरचना तयार गर्नुपर्दछ। राष्ट्रिय सूचीमा धेरैजसो केन्द्रीय नेताहरू र नेताहरूसँग नजिक रहेका व्यक्तिहरू सूचीकृत हुने गरेकाले तलका लोकप्रिय व्यक्तिहरू पनि आउन सकुन् भनेर प्रादेशिक सूची प्रणाली प्रयोग गर्ने गरेको हो। बहुजातीय, बहुभाषिक देशहरूमा यस्ता प्रदेशहरू जनसङ्ख्या, भूगोल, आर्थिक सम्भाव्यता र जातीय तथा भाषिक बहुलताका आधारमा हुने हुँदा यस्तो प्रणाली प्रचलित देशहरूमा प्रायः एकल सूची प्रयोग हुने गरेको छ। स्वीट्जरल्यान्ड, फिनल्यान्ड आदि देशमा यस्तो प्रणाली प्रचलित छ। तर, डेनमार्कले भने विभिन्न वर्ग, लिङ्ग आदिको प्रतिनिधित्वका लागि अलग सूचीको व्यवस्था गरेको छ।

(ग) राष्ट्रिय र प्रादेशिक सूची : यस प्रणालीअनुसार पार्टीहरूले राष्ट्रिय र प्रादेशिक दुई अलग सूचीहरू प्रकाशित गर्दछन्। यसमा राष्ट्रिय नेताहरू र तलका लोकप्रिय व्यक्तिहरू दुवै आउन सकुन् भन्ने कुरामा ध्यान दिएको हुन्छ। दक्षिण अफ्रिकाको राष्ट्रियसभा (तल्लो सदन) को चार सयमा दुई सय सिट राष्ट्रिय सूची समानुपातिक र दुई सय सिट प्रादेशिक सूची समानुपातिक प्रणालीका आधारमा निर्वाचित हुने व्यवस्था गरेको छ। त्यहाँका प्रमुख प्रदेशहरू जातीय तथा भाषिक बनोटका आधारमा सिर्जना गरिएको हुँदा त्यहाँ जातीय, क्षेत्रीय सन्तुलन पनि जनसङ्ख्याको अनुपातमा सन्तुलित रहेको छ।

### ४.२. एकल सङ्क्रमणीय मत प्रणाली

यो बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्राथमिकताक्रम तोकी मतदान गर्ने प्रणाली हो। यसमा खसेको मतसङ्ख्याका आधारमा निर्वाचित हुनका लागि चाहिने मतको सङ्ख्या निर्धारित गरिन्छ। निर्धारित मतको कोटा प्राप्त गर्ने व्यक्ति तुरुन्त निर्वाचित हुन्छ। निर्वाचित व्यक्तिले आवश्यकताभन्दा बढी मत प्राप्त गरेमा उसले पाएको बढी मतको निश्चित फर्मुलाका आधारमा आनुपातिक मूल्य निर्धारित गरी दोस्रो प्राथमिकता तोकिएका व्यक्तिलाई मतसङ्क्रमण हुन्छ। त्यसरी पनि आवश्यक सङ्ख्यामा उम्मेदवाहरू जितेनन् भने निर्वाचित हुन नसकेका व्यक्तिहरूमध्ये सबैभन्दा कम मत पाएकोलाई सूचीबाट हटाइ तिनलाई

दिएको मत दोस्रो प्राथमिकतामा राखिएको व्यक्तिलाई सङ्क्रमण गराइन्छ । यो प्रणाली आयरल्यान्ड र माल्टामा प्रयोगमा रहेको छ । उम्मेदवार केन्द्रित हुने यो मत प्रणाली आकर्षक र वैज्ञानिक भएता पनि अत्यन्तै जटिल छ । हाम्रोजस्तो निरक्षर सङ्ख्या बढी भएको देशमा यो प्रणाली लागू गर्न सकिन्न ।

**४.३ समानान्तर प्रणाली**

यस प्रणालीमा एकल वा बहुसदस्यीय निर्वाचन क्षेत्रमा बहुमतीय र सूची समानुपातिक प्रणालीहरू समानान्तर रूपमा प्रयोगमा ल्याइन्छ । यसमा बहुमतीय ढाँचाबाट निर्वाचित हुने सिट सङ्ख्या र पार्टीले प्राप्त गरेको मत प्रतिशतबीचको अमिल्दो परिणामलाई सूची समानुपातिक प्रणालीबाट सिट बाँड्दा मिलाइएको हुँदैन । त्यसैले यो मिश्रित प्रकृतिको भए तापनि अर्धसमानुपातिक चरित्रको हुन्छ । बहुमतीय ढाँचाको दुर्गुण यसमा कायमै हुन्छ । यस प्रणालीमा पार्टी र व्यक्तिलाई गरी दुई मत दिनुपर्दछ । समानुपातिकताको सूची राष्ट्रिय र प्रान्तीय रूपमा प्रकाशित गर्ने चलन छ । थाइल्यान्ड, सेनेगल, इस्टटिमोर आदि देशमा राष्ट्रिय सूचीको व्यवस्था छ भने जापानमा प्रादेशिक प्रकृतिका ११ वटा निर्वाचन क्षेत्र बाँडी सूची प्रकाशित गर्ने चलन छ । बहुमतीय प्रणालीको दुर्गुण बाँकी नै रहने हुँदा नेपालजस्तो धेरै जात/जनजाति भएको देशमा यो प्रणाली उपयुक्त छैन ।

**४.४. मिश्रित सदस्य समानुपातिक**

यस प्रणालीमा एकल वा बहुसदस्यीय निर्वाचन क्षेत्रमा बहुमतीय ढाँचाको कुनै निर्वाचन प्रणालीअन्तर्गत निर्वाचन क्षेत्रको स्थानको परिणामले पैदा गरेको कुनै पनि अमिल्दो अनुपातलाई मिलाउनका लागि सूची समानुपातिक प्रणालीलाई प्रयोग गरिन्छ । दुई वटा प्रणालीलाई मिश्रित रूपमा लागू गर्दा यसमा समानान्तर रूपमा नभई प्रत्यक्ष रूपमा व्यक्ति चुनिने बहुमतीय ढाँचाको अमिल्दो अनुपातलाई क्षतिपूर्ति गर्दछ । नेपालमा दुई सय ५० सदस्यीय संविधानसभा हुने र त्यसमध्ये एक सय २५ प्रत्यक्ष रूपमा व्यक्ति चुनिने भएमा सूची समानुपातिकबाट आउने एक सय २५ जना पूर्ति गर्दा आदिवासी, जनजाति, दलित, मधेसी आदिको जनसङ्ख्याको अनुपात र लैङ्गिक सन्तुलनलाई मिलाएर सूचीबाट निर्वाचित गर्ने व्यवस्था गर्नुपर्दछ । यसमा पनि पार्टी र व्यक्तिलाई गरी दुई मत दिनुपर्दछ । यस प्रणालीअन्तर्गत पनि राष्ट्रिय र प्रादेशिक सूचीको प्रचलन छ । जर्मनी, न्युजिल्यान्ड, लेसोथो आदि देशमा राष्ट्रिय सूचीको प्रचलन छ भने मेक्सिकोमा प्रादेशिक सूचीको प्रचलन छ । यो प्रणाली राज्य पुनःसंरचनापश्चात्का लागि उत्तम प्रणाली भए तापनि अहिलेको संविधानसभाको निर्वाचनका सन्दर्भमा निर्वाचन क्षेत्र वर्गीकरण गर्नुपर्ने भएकाले विलम्ब हुन सक्दछ । त्यसैले सजिलोका लागि मोटो प्रादेशिक विभाजन गरी एकल असङ्क्रमणीय वा सीमित मत प्रणालीमा मिश्रण गरेर लागू गर्न सकिन्छ ।

**४.५ बहुसदस्यीय निर्वाचन प्रणालीहरू**

बहुसदस्यीय निर्वाचन क्षेत्रहरूमा बढी मतका आधारमा निर्वाचित हुने व्यवस्था भए तापनि त्यस्ता ठाउँहरूमा परिणामहरू आंशिक समानुपातिक हुने गर्दछन् । यस्ता प्रणालीहरू निम्नानुसार छन् :

(क) एकल असङ्क्रमणीय मत प्रणाली : यसमा मतदाताहरूले बहुसदस्यीय निर्वाचन क्षेत्र भए तापनि एक मत मात्र प्रदान गर्दछ । यसमा सिटसङ्ख्या जति छ, त्यति नै सङ्ख्यामा बढी मत प्राप्त गर्ने उम्मेदवाहरू जित्दछन् । यो सरल प्रणाली हो । यो प्रणाली अफगानिस्तान, जोर्डन, भानुआटु आदि देशमा प्रायोग गरिएको छ ।

(ख) सीमित मत : यो पनि बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग हुन्छ । एकल असङ्क्रमणीय मत प्रणालीको विपरीत यसमा जतिवटा सिट सङ्ख्या हुन्छ, त्यसभन्दा एक मत कम मतदान गरिन्छ । अर्थात्, निर्वाचित हुने उम्मेदवार सङ्ख्या पाँच भएमा सीमित मत प्रणालीमा चार मतसम्म दिन पाइन्छ । यस्तो प्रणालीमा आवश्यक सङ्ख्यामा बढी मत प्राप्त गर्नेहरू क्रमशः निर्वाचित हुन्छन् । यस्तो व्यवस्था जिब्राल्टारमा रहेको छ ।

(ग) प्राथमिकता गणना : यो निर्वाचन प्रणाली एकल र बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गर्न सकिन्छ । बहुसदस्यीय क्षेत्रमा प्रयोग गर्दा यसले पनि आंशिक समानुपातिकता प्रदान गर्दछ । यस प्रणालीमा उम्मेदवारहरूलाई प्रथम, दोस्रो र तेस्रो प्राथमिकताक्रम तोकी मतदान गर्न सकिन्छ । यसमा प्रथम प्राथमिकताको मूल्य एक, दोस्रोको शूल्य दशमलव पाँच र तेस्रोको शूल्य दशमलव ३३ राख्ने चलन छ । ती सबै प्राथमिकताको मूल्य जोड्दा सबैभन्दा बढी मत ल्याउने उम्मेदवाहरूको जित हुन्छ । यस्तो प्रणाली प्रयोग गर्ने एक मात्र मुलुक ओसेनियाको नाउरु हो । यो पनि हाम्रोजस्तो धेरै निरक्षर भएको देशमा प्रयोगमा ल्याउन सकिँदैन ।

समावेशीकरणको सन्दर्भमा अगाडि सारिएका उपरोक्त पाँच विकल्पहरूमध्ये सूची समानुपातिक र मिश्रित सदस्य समानुपातिक प्रणाली हाम्रो देशका सन्दर्भमा बढी उपर्युक्त छन् । यी दुईमध्ये पनि प्रादेशिक विभाजन र निर्वाचन क्षेत्र निर्धारण गर्न नपर्ने भएकाले वर्तमान संविधानसभाको निर्वाचनका सन्दर्भमा राष्ट्रिय सूची समानुपातिक प्रणाली सबैभन्दा सरल विकल्प हो । तर, संविधानसभाको निर्वाचनपश्चात् भने यी दुई प्रणालीमा जुन अपनाए पनि प्रादेशिक सूची प्रणालीमा नै जानुपर्दछ । सूची समानुपातिकमा व्यक्तिहरूको भन्दा पार्टीको छनोटमा नै मतदान केन्द्रित हुन्छ । त्यसको तुलनामा मिश्रित सदस्य समानुपातिकमा उम्मेदवार केन्द्रित मतदानका साथमा पार्टीलाई पनि मतदान हुने हुँदा थप आकर्षण मिल्दछ । यसमा तलका लोकप्रिय व्यक्तिहरूले उम्मेदवारी पाउने बढी सम्भावना भएकाले मिश्रित सदस्य समानुपातिक प्रणाली तुलनात्मक रूपमा आकर्षक हुनुका साथै समावेशी प्रकृतिको पनि छ । आजभोलि समावेशीकरणका लागि पहिलो हुने निर्वाचित प्रणाली भएका मुलुकहरूमा पनि आदिवासी जनजाति क्षेत्रमा कोटा प्रणाली, आरक्षित निर्वाचन क्षेत्र, सकारात्मक सीमा विभेद नीति अपनाएर प्रतिनिधित्व दिने गरेका छन् । अमेरिकाका विभिन्न राज्यहरूमा आरक्षण नीतिका साथै सकारात्मक सीमा विभेदको नीति अपनाइ सानो क्षेत्रबाट पनि प्रतिनिधित्व दिने गरेको छ भने बेलायतमा स्कटल्यान्ड, वेल्सजस्ता राज्यहरू र आदिवासी क्षेत्रहरूमा सिट सङ्ख्या बढी राखेर तथा भारतमा त्यहाँको लोकसभामा एक सय ५५ अनुसूचित जात (दलित) का लागि ७९ स्थान र ८५ अनुसूचित जनजातिका लागि ४१ स्थान आरक्षित गरिएको छ । महिलाहरूका हकमा जिल्ला र त्यसभन्दा मुनि तीन सय ३५ सन् १९९३ देखि आरक्षण दिएको छ (निर्वाचन प्रणालीको प्रारूप : अन्तर्राष्ट्रिय आईईडीए, पृष्ठ ४६) । तर, यी नीतिहरू

विवादास्पद बन्दै आएका छन् । त्यसको तुलनामा समानुपातिक प्रतिनिधित्व प्रणाली बढी न्यायपूर्ण र कम विवादास्पद रहेको छ । त्यसैले नेपालमा राज्यको पुन:संरचनापश्चात् सिर्जना गरिने प्रदेशहरू तथा त्यसभित्र निर्वाचन क्षेत्रको निर्धारणपश्चात् मिश्रित सदस्य समानुपातिक प्रणाली लागू गर्नु नै सबैभन्दा उपयुक्त हुन्छ । अतः संविधानसभाले नयाँ संविधान बनाएपश्चात् यसैलाई लामो समय कायम राख्नुभन्दा नयाँ व्यवस्थाअनुरूप आमनिर्वाचन गरी प्रतिनिधित्वलाई संवैधानिक संरचनाअनुरूप अगाडि बढाउनु नै बेस हुनेछ ।

## संविधानसभा चुनौती र अवसर

वर्तमान स्थितिमा ०६२/६३ सालको जनआन्दोलनको कार्यादेशअनुरूप हाल सर्वाधिकार सम्पन्न सार्वभौम प्रतिनिधिसभा घोषणा भइसकेको परिप्रेक्ष्यमा मुलुकको संविधानसभाको निर्वाचन सम्पूर्ण लोकतन्त्रवादीहरूका लागि बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खुर्पाको बिँड भनेझैँ ठूलो चुनौतीका साथै अवसरका रूपमा पनि उपस्थित छ । चुनौती यस अर्थमा कि यसको लक्ष्यसम्म पुग्न अझै धेरै सङ्क्रमणकालीन अवरोधहरू सामना गर्नुपर्ने छ भने अवसर यस अर्थमा छ कि यस कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न सके ५६ वर्षदेखि थाती रहेको मुद्दाले निकास पाउनुका साथै राज्यको लोकतान्त्रीकरण गर्ने महान् अवसर प्राप्त भएको छ । यस अवसरलाई मुलुकका प्रत्येक नागरिकले नेपालमा फेरि पनि लोकतन्त्रका लागि सङ्घर्ष गर्न नपरोस् भन्नाका लागि जनआन्दोलनले पर्दापछाडि धकेलेका सामन्ती भारदारहरू र त्यसका सम्पूर्ण अवशेषहरूको उन्मूलन नभएसम्म आन्दोलनलाई जारी राख्नुपर्छ । त्यसैले संविधानसभालाई सबैको भाग्य निर्माणको सवाल बनाइ सरोकारको विषय बनाउन सक्नुपर्दछ । अहिले हाम्रासामु रहेका चुनौतीलाई सामना गर्न र अवसरहरूको सदुपयोग गर्न निम्न प्रमुख कार्यभारहरूलाई सफलताका साथ पूरा गर्न सक्नु पर्दछ :

### ५.१. प्राप्त उपलब्धिहरूको रक्षा र लोकतन्त्रलाई संस्थागत

०४६ सालमा प्रजातन्त्रमा सबैको जित हुन्छ भन्ने नाममा जनआन्दोलनका अपराधीहरूलाई कारबाही गर्नुको बदला रातो कार्पेट ओछ्याएर चैते काङ्ग्रेस र कात्तिके कम्युनिस्टका रूपमा भित्र्याउने कार्य भयो । १४ वर्षपश्चात ती तत्त्वहरू आफ्नो काज पूरा गरी आ-आफ्नो घर फर्के । यसपटकको जनविद्रोहमा जनता आफैँ सचेत भई पार्टी र नेताहरूलाई खबरदारी गरिरहेका छन् । अहिले राजा र राजावादीहरू पराजित भएका छन् तर समाप्त भएका छैनन् । विषालु सर्पको टाउकोमै चोट लागेको छ तर पुच्छर हल्लाउने काम गरिरहेका छन् । ती सबैलाई विद्रोहले आफ्नो अधिनमा राख्न सक्नुपर्दछ । तिनीहरूमाथि क्रान्तिको अधिनायकत्व लागू गरेर प्राप्त उपलब्धिहरूको रक्षा गर्दै नयाँ लोकतान्त्रिक राज्ययन्त्र तथा शासन प्रणालीको विकास गर्नुपर्दछ । यो अहिलेको सबैभन्दा महत्त्वपूर्ण कार्यभार हो । यसका लागि, 'संविधानसभाको निर्वाचन गर, लोकतान्त्रिक गणतन्त्र स्थापना गर' भन्ने कार्यनीतिक नाराका आधारमा दबाबमूलक अभियान जारी राख्नुपर्दछ । संविधानसभापछि बन्ने संविधानमा जनताको सर्वोच्चता, समावेशी लोकतन्त्र, प्रतिस्पर्धात्मक बहुदलीय प्रणाली, नागरिक स्वतन्त्रता, आत्मनिर्णयको अधिकार, धर्म निरपेक्षता, भाषिक समानता, मौलिक हक, मानवअधिकार, कानुनी राज्यको अवधारणाजस्ता मूल्य र मान्यताहरूलाई संस्थागत गर्नुपर्दछ । संविधानसभामा जनताको विजयका लागि अहिलेदेखि नै विविध भाषामा प्रचार-प्रसार, प्रशिक्षण र जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।

### ५.२.हिंसात्मक द्वन्द्वको व्यवस्थापन र शान्ति बहाली

मुलुकमा विगत १० वर्षदेखि जारी रहेको सशस्त्र द्वन्द्वको शान्तिपूर्ण समाधान वर्तमान आन्दोलनको एउटा महत्त्वपूर्ण कार्यसूची हो । शाही प्रतिगमनपश्चात् लगातार जारी रहेको शान्तिपूर्ण आन्दोलन विभिन्न रूपमा जारी रहे पनि सात दलले निष्कर्षमा पुऱ्याउन सकेका थिएनन्, न त माओवादीहरूद्वारा १० वर्षसम्म जारी राखेको हिंसात्मक सङ्घर्षले नै कुनै निकास दिन सक्यो । उसले चलायमान युद्धसम्म त लड्यो तर हालसम्म देशको कुनै भू-भागमा घोषित रूपमा आधारइलाका सञ्चालन गर्न सकेन । बरु, १२ हजारभन्दा बढी व्यक्तिको मृत्यु, हजारौँ व्यक्तिहरूको अङ्गभङ्ग तथा विस्थापनजस्ता समस्याहरू जन्मायो । हिंसात्मक द्वन्द्वले देशको मानवअधिकारको स्थिति अत्यन्त कमजोर बन्यो भने मुलुक असफल राष्ट्रमा दर्ज हुने स्थितिमा पुग्यो । यस्तो परिस्थितिमा सात दलहरू र माओवादीबीच ०६२ मङ्सिर ७ गते सम्पन्न १२ बुँदे समझदारीले सम्पूर्ण लोकतन्त्र तथा शान्तिप्रेमी जनतामा उत्साह थप्यो । यसले एकाएक जनतामा आन्दोलनको आममनोविज्ञान विकास गऱ्यो । परिणामस्वरूप ०६२ चैत २४ देखि ०६३ वैशाख ११ सम्मको १९ दिनको आन्दोलनले जनविद्रोहको रूप धारण गऱ्यो । यसरी हिंसात्मक द्वन्द्वमा रहेको माओवादी १२ बुँदे सम्झौतापश्चात् शान्तिपूर्ण आन्दोलनको मूलधारमा समाहित हुन तयार भयो । अब त्यस समझदारीअनुरूप 'संविधानसभाको निर्वाचनका क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेना (हाल नेपाली सेना) संयुक्त राष्ट्रसङ्घ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरीक्षवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने' जुन सम्झौता छ, त्यसलाई तुरुन्त कार्यान्वयन गर्नुपर्दछ । त्यसै सम्झौताअनुरूप अन्तर्राष्ट्रिय समुदायलाई संलग्न गराई दुवै पक्षको हतियारको व्यवस्थापन गर्नुपर्दछ । पूर्वसहमति तोड्ने काम भएमा पुनः देशमा ठूलो सङ्कट आउन सक्दछ । त्यसैले शान्ति वहालीको पक्षमा पनि जनताले अझै खबरदारी गरिरहनु पर्दछ ।

### ५.३. सामाजिक द्वन्द्वको अन्त्य र राज्यको पुन:संरचना

देशको अग्रगामी परिवर्तनका लागि अर्को महत्त्वपूर्ण कार्यभार देशमा विकसित सामाजिक द्वन्द्वहरूलाई देशको नयाँ लोकतान्त्रिक मूल प्रवाहमा समाविष्ट गर्नु हो । यस सन्दर्भमा सात दल र माओवादीबीच सम्पन्न समझदारीपत्रमा 'निरङ्कुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रमा वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय आदि समस्याहरूको समाधान गर्न राज्यको अग्रगामी पुन:संरचना' गर्ने कुरा उल्लेख गरिएको छ । नेपालजस्तो बहुजातीय, बहुक्षेत्रीय तथा सांस्कृतिक बहुलता भएको मुलुकमा कस्तो किसिमको राज्यसंरचना निर्माण गर्नुपर्दछ ? यो एउटा महत्त्वपूर्ण प्रश्न हो । हाम्रोजस्तो देशमा एकातिर राष्ट्रिय एकतालाई मजबुत पार्ने दायित्व छ भने अर्कोतिर विविध जाति, भाषा, धर्म, संस्कृति, उत्पीडित क्षेत्र र महिलाहरूलाई मूलधारमा समेट्ने दायित्व छ । हाम्रो देशमा यी सबैलाई समावेशीकरणका लागि

अर्धसङ्घीय राज्य प्रणाली अपनाएर संयुक्त राष्ट्रसङ्घ, यूएनडीपी, आईएलओजस्ता विश्व संस्थाहरूद्वारा घोषित आदिवासीहरूको अग्राधिकार, समानुपातिक प्रतिनिधित्व, लैङ्गिक सन्तुलन तथा उत्पीडनमा परेका जातीय तथा क्षेत्रीय समुदायहरूलाई स्वशासनको मान्यताअनुरूप जातीय-क्षेत्रीय स्वायत्तताको व्यवस्था गर्नु अहिलेको अपरिहार्य आवश्यकता भएको छ। यी कुराहरूको सम्बोधनले मात्र मुलुकमा विकसित सामाजिक द्वन्द्वहरूको सामाधान हुन सक्दछ। अतः देशका राजनीतिक पार्टीहरूले आफूभित्र रहेका सबै खाले अहमवाद र सङ्कीर्णतावाद त्यागी राष्ट्रिय राजनीतिको मूल प्रवाहमा सबै समुदायको साझेदारी स्थापित हुने गरी राज्यको पुनःसंरचना गर्ने चुनौती तथा अवसरलाई उपयोग गर्न सक्नुपर्दछ।

५.४ सामाजिक-आर्थिक व्यवस्थाको रूपान्तरण : ०४६ सालमा देशमा ठूलो राजनीतिक परिवर्तन आयो। तर, त्यसलाई सामाजिक-आर्थिक क्षेत्रमा विस्तार र लोकतान्त्रीकरण गर्ने काम भएन। जबसम्म राजनीतिक परिवर्तनलाई सामाजिक-आर्थिक आधारबाट टेवा पुर्‍याइन्न, तबसम्म त्यो संस्थागत रूपले बलियो हुन सक्दैन भन्ने कुरा पटकपटक नेपालकै इतिहासले पुष्टि गरिसकेको छ। त्यसैले नेपालको सामन्तवादको आधार समाप्त गर्न क्रान्तिकारी भूमिसुधारको मान्यताअनुरूप भूमिको पुनरवितरण, कृषिको औद्योगीकरण, जल, जमिन र जङ्गलमाथि आदिवासीहरूको अग्राधिकार स्थापित गर्नेजस्ता कार्य गर्नु पर्दछ। कृषि र श्रममा आधारित उद्योग स्थापनामा जोड दिँदै तुलनात्मक लाभका क्षेत्रहरू पहिचान गरी लगानी अभिवृद्धि गर्नुपर्दछ। राष्ट्रिय पुँजीको विकास गर्न सहकारी क्षेत्रलाई गाउँगाउँसम्म विस्तारित गर्नुपर्दछ। औद्योगिक काममा लगाउनेले बाहेक उत्पादनका क्रियाकलापमा भाग नलिने व्यक्तिहरूले जमिन राख्न नपाउने व्यवस्था गर्नुपर्दछ। देशका बहुसङ्ख्यक किसान, मजदुर तथा श्रमजीवी वर्गको देशको साधनस्रोतमाथि स्वामित्व स्थापित गर्न यसले महत्त्वपूर्ण भूमिका खेल्दछ। जनताका आधारभूत सामाजिक-आर्थिक अधिकारका रूपमा शिक्षाको अधिकार, औषधिउपचारको अधिकार र रोजगारका अधिकारहरूको पनि ग्यारेन्टी गर्नुपर्दछ। खाने, लाउने र बाँच्ने अधिकारको ग्यारेन्टी नभई जनताले राज्यमाथि आफ्नो अपनत्व महसुस गर्न सक्दैन। त्यसैले सामाजिक-आर्थिक रूपान्तरणको प्रश्नलाई राज्यको लोकतान्त्रीकरणको मुख्य आधारका रूपमा संविधानसभाले स्थापित गर्न सक्नुपर्दछ।

■

# राज्य पुनःसंरचना र जातीय प्रश्न : मार्क्सवादी विश्लेषण

' खगेन्द्र प्रसाई

**मै**ले यी हरफहरू लेखिरहेका बेला देशमा धूमधामसँग संविधानसभा र त्यसमार्फत राज्यको पुनःसंरचनाको मौसम चलिरहेको छ। नयाँ नेपालको नक्सा कोर्ने घोषित लक्ष्यका साथ राज्य पुनःसंरचना विविध मान्यता र प्रस्तावहरू बृहत् चर्चाका विषय भएका छन्।

यस लेखमा समावेशी प्रजातन्त्र र राज्य पुनःसंरचनाअन्तर्गत उठेका दुई सर्वाधिक प्रचारित प्रस्तावहरूमाथि छलफल गर्ने जमर्को गरिनेछ। एउटा प्रस्ताव हो- जाति र जनजातिको जनसाङ्ख्यिक आकारका अनुपातमा राज्यमा प्रतिनिधित्वको ठोस ग्यारेन्टी गरिनुपर्छ। त्यस्तै, अर्को प्रस्ताव छ जातीय स्वशासनको व्यवस्था गरिनुपर्छ।

पुनःसंरचनाका यी प्रस्तावहरूले राज्यको चरित्र र अन्तरवस्तुलाई बेवास्ता गरेका छन् र त्यसको जातीय गणितीय पक्षलाई सर्वाधिक महत्त्वका साथ उठान गरेका छन्। गैरमार्क्सवादी वृत्तभित्र यस्ता मुद्दाले प्राथमिकता पाउनु स्वाभाविक नै हो तर मार्क्सवादी पार्टी, बुद्धिजीवी र सिङ्गो वृत्तभित्र जातीयताका प्रश्न प्रधान बनेर उठ्नुचाहिँ निश्चय पनि उदेकलाग्दो नै हो। मार्क्सवादी विज्ञानमा राज्य के हो ? राज्यको अन्तरवस्तु, चरित्र र उपादेयता के हुन् ? राज्यको पुनःसंरचना या नवगठन भनेको के हो ? के राज्यको पुनःसंरचना भनेको जातीय अङ्कगणित मिलान हो ? या राज्यको अन्तरवस्तु चरित्र र उपादेयताको नवगठन हो ? मार्क्सवादीहरूका लागि अल्पसङ्ख्यकको उपकरण रहेको राज्यलाई बहुसङ्ख्यकको र क्रमशः सबैको उपकरणमा रूपान्तरण गर्ने कुरा पो राज्य पुनःसंरचनाको प्रधान मुद्दा हो कि ? अर्थात्, राज्यको अर्थ राजनीतिक चरित्र र त्यसको मुलभूत अन्तरवस्तुको रूपान्तरण भनेको चाहिँ राज्य पुनःसंरचना हो कि ?

हामीले सजिलै बुझ्नुपर्ने कुरा के हो भने नयाँ संविधानको निर्माण स्वयम्मा राज्य पुनःसंरचना होइन। नयाँ संविधानले त्यस्तो संवैधानिक आधार तयार गर्न सक्नेछ, जसअन्तर्गत राज्य पुनःसंरचना र क्रान्तिकारी सामाजिक परिवर्तनलाई शान्तिपूर्ण तरिकाले अगाडि बढाउन सकिनेछ। त्यसकारण मार्क्सवादीहरूले अधिक महत्त्वका साथ उठान गर्नुपर्ने कुरा के हो भने कस्तो संवैधानिक व्यवस्था निर्माण भयो भने त्यसले भविष्यको शान्तिपूर्ण क्रान्तिकारी

परिवर्तनको चाहनालाई साकार पार्न सहज हुनेछ ? तर, दुःखको कुरा के भने यस्ता विषयहरूले पाएको महत्त्व न्यून र शून्यसरह नै छन् ।

अब माथि उल्लेख गरिएका दुवै प्रस्तावनाका अरू थुप्रै त्रुटिहरूको चर्चा गरौं :

**एक**, यी दुवै प्रस्तावले जातीय समस्यालाई नेपाली समाजको प्रधान समस्या ठान्छन् । यी प्रस्तावहरू त्यो एकलकाटे सामान्यीकरणमा आधारित छन् कि कुनै खास जातीयता भएका सबै मानिसका सामाजिक अवस्थाहरू उस्तै हुन्छन् र तिनका स्वार्थ र हितहरू एउटै हुन्छन् । यिनले नेपाली समाजको वर्गीय चरित्रलाई छेउटुप्पै बुझ्न सकेका छैनन् । आमवर्गीय समाजमा जस्तै नेपाली समाजको प्रधान अन्तरविरोध पनि वर्गीय नै हो । र, असमानताका अन्य स्वरूपहरू यही वर्गीय जगमा खडा भएका हुन्छन् ।

यो बुझ्न कठिन छैन कि एक जातीयताभित्र थुप्रै सामाजिक वर्गहरू हुन्छन् र यी भिन्नै सामाजिक वर्गहरूका सामाजिक अवस्था पनि भिन्न हुन्छन् । यी वर्गहरूका स्वार्थहरू फरक मात्र होइनन्, धेरै अवस्थामा परस्पर विरोधी हुन्छन् । निःसन्देह समस्या वर्गीय भए समाधान पनि वर्गीय हुनुपर्छ । जातीय आधारमा गरिएको राज्य गठनले त्यो सामाजिक-आर्थिक संरचनालाई बदल्दैन, जसले तमाम स्वरूप र प्रकारका असमानता र शोषणको उत्पादन र पुनःउत्पादन गरिरहन्छ । त्यस्तो व्यवस्थाले राज्यका पात्र र अनुहार मात्र बदल्नेछ, त्यसको सारभूत चरित्रलाई होइन । यदि आफ्नै जातको मानिसले आफ्नो प्रतिनिधित्व गर्छ भन्ने मान्ने हो भने जातीय कोटाको आवश्यकता नै पर्दैन । किनभने, ती जातिका मानिसहरूले आफ्नो हितको प्रतिनिधित्व गर्ने आफ्नै जातिको मानिसलाई शासनमा छनोट गर्नेछन् । यदि आफ्नै जातको मानिसले आफ्नो जातको हितको प्रतिनिधित्व नगर्न सक्छ भन्ने मान्ने हो भने जातीय प्रतिनिधित्व उपयोगी हुँदैन ।

यस्तो व्यवस्थाले अन्यत्रझैँ केही नयाँ पात्रहरूलाई शासकीय कुलीन समूहभित्र प्रवेश भने अवश्य गराउनेछ । बहुसङ्ख्याको अहितको मूल्यमा अल्पसङ्ख्यालाई समृद्ध र शक्तिशाली बनाउने सामाजिक-आर्थिक संरचनालाई निरन्तर बदल्दै लाने गरी राज्यको अन्तरवस्तु र चरित्र निर्माण गर्दै लाने कुराले मात्र राज्य पुनःसंरचनालाई वास्तविक अर्थमा साकार रूप दिने हो की ?

जातीयता आधारमा गठन गरिएको राज्यको वर्ग चरित्र के हुन्छ ? के त्यो वर्ग निरपेक्ष हुन्छ ? राज्य पुनःसंरचनाको सूत्र समानुपातिक प्रतिनिधित्व हुनुपर्छ भन्ने मान्य हो भने आर्थिक वर्गहरूका आधारमा प्रतिनिधित्व हुने व्यवस्था किन नगर्ने ?

**दुई,** यी दुवै प्रस्तावहरूले संस्कृति र जातीयताको अस्तित्वको निरन्तरतालाई आवश्यक ठान्छन् ।

वर्गीय समाजको संस्कृति पनि वर्गीय नै हुन्छ । त्यसकारण, त्यसले समाजको मूलभूत असमानता र शोषणलाई टिकाउने भूमिका खेलिरहेको हुन्छ । त्यसरी नै जातीय विभेद पनि वर्गीय समाजको एक स्वरूप र अभिव्यक्ति हो । त्यसकारण समाजको प्रगतिशील रूपान्तरणका लागि संस्कृति र जातीयता दुवैको परिवर्तन अनिवार्य हुन जान्छ । समाजको प्रगतिशील रूपान्तरणले गति लिँदै जाँदा संस्कृति र जातीयतामा पनि अनिवार्य रूपान्तरण हुँदै जान्छ या हुनुपर्छ । जातीयता न प्राकृतिक हो न अनिवार्य छ । यो त सामाजिक रचना हो । समाज परिवर्तनको प्रक्रियामा संस्कृति, जातीयता र अन्य सामाजिक रचनाहरू परिवर्तन हुँदै जाने कुरा समाज विकाससम्बन्धी समाजशास्त्रीय निष्कर्ष हो । त्यसकारण यसो भन्न हामीसँग पर्याप्त दह्रो आधार छ कि संस्कृति र जातीयताको निरन्तरताको प्रस्ताव यथास्थितिवादी र प्रतिक्रियावादी हो ।

**तेस्रो,** यी प्रस्तावहरूले व्यक्तिलाई राष्ट्रको स्वतन्त्र र सेकुलर नागरिक बनाउनुको सट्टा जातीयताको साँघुरो घेराभित्र सीमित गर्ने छन् । यिनले जातिहरूका बीचको दूरी बढाउने छन् र 'एक जात एक ठाउँ' र 'जातिका लागि जाति' जस्ता साम्प्रदायिक र विभाजनकारी मनोविज्ञानलाई बढावा दिन्छन् । राज्यलाई जातीयताका आधारमा हुने राज्य पुनरगठनले जातीय शुद्धतालाई अनिवार्य ठान्छ । जातीय शुद्धता बचाउने कुराले घनिष्ट सामाजिक सम्बन्ध र एकतालाई प्रतिरोध गर्दछ । राज्यलाई जातीयताका आधारमा सङ्गठन गर्ने मान्यता र कम्युनिस्टको अन्तर्राष्ट्रिय गीतमा अभिव्यक्त 'मानिसको एउटै अन्तर्राष्ट्रिय जाति हुनेछ' भन्ने महान् आदर्शका बीच कहीँ प्रस्ट असङ्गति छैन र ?

अब यी दुई प्रस्तावमध्ये जातीय स्वशासनसम्बन्धी प्रस्तावका थप त्रुटिहरूका बारेमा पनि चर्चा गरौं ।

**एक,** यो प्रस्तावले नेपाली समाजको जनसाङ्ख्यिक चरित्रबारे छेउटुप्पै बुझेको छैन या बुझेर बुझपचाएको छ । नेपालको कुनै पनि भूभागमा एउटै मात्र जातीयताका मानिसहरू बस्दैनन् । सबै भौगोलिक क्षेत्रहरूमा जातीय सम्मिश्रित बसोवास छ । त्यसकारण जातीय स्वशासन अव्यावहारिक र असम्भव छ ।

बहुजातीय कुनै पनि भूभागमा एक मात्र जातिको शासन निर्माण गर्न कसरी सकिन्छ ? खास क्षेत्रमा एक जातिको शासकीय वर्चस्वलाई स्थापित गर्ने हो भने त्यो मानवअधिकारको आधारभूत सिद्धान्तको विपरीत हुन जान्छ र त्यहाँ

अन्य जातिहरूको आत्मनिर्णयको अधिकारको उल्लङ्घन हुन जान्छ । यदि सबै जातिका मानिसहरूलाई समानताका आधारमा शासनमा प्रत्यक्ष वा परोक्ष सहभागी हुने व्यवस्था गर्ने हो भने त्यो जातीय स्वशासन रहन्न ।

कतिपय मित्रहरूले जातीय स्वायत्ततालाई आत्मनिर्णयको अधिकारको पर्यायवाचीका रूपमा प्रस्तुत गर्नुभएको छ । आत्मनिर्णयको अधिकार भनेको के हो ? एक व्यक्तिले आफ्नो जातका नाममा स्थापित शासन संयत्रअन्तर्गत शासनमा प्रत्यक्ष या परोक्ष सहभागी हुँदा मात्र आत्मनिर्णयको अधिकारको उपयोग या अभ्यास भएको मानिने हो ? के एक व्यक्तिको आफ्नो जातीयताको सीमाभित्र मात्र शासनका लागि छान्ने र छानिने अधिकारलाई आत्मनिर्णयको अधिकार मान्ने हो ? प्रत्येक नागरिकलाई समानतामा आधारित निर्वाचन प्रक्रियामार्फत प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा शासनमा सहभागी हुने व्यवस्था गर्ने हो भने त्यसले आत्मनिर्णयको अधिकारको प्रत्याभूति गरेको हुँदैन र ?

अन्त्यमा, यो आशा गर्दछु कि मार्क्सवादी वृत्तभित्रका मित्रहरूले यस्ता थुप्रै सवालहरूलाई खुला छलफलको प्रक्रियामार्फत अगाडि ल्याउनुहुनेछ ।

■

# प्यूठानमा जिल्ला अधिवेशन

प्यूठान । नेकपा (एमाले) प्यूठानको पाँचौं जिल्ला अधिवेशन गएको जेठ १९ र २० गते सम्पन्न भएको छ । अधिवेशनले धनबहादुर रायमाझीलाई पुनः सचिवमा निर्वाचित गरेको छ ।

सो अधिवेशनको उद्घाटन पार्टी स्थायी समितिका सदस्य वामदेव गौतमले गर्नुभएको थियो । कमिटीका सदस्यहरूमा हरि रिजाल, टङ्कबहादुर खड्का, तुलसीराम शर्मा, नेत्रबहादुर रोकाय, झकबहादुर विक, सुरेशचन्द्र थापा, चक्रबहादुर रोका, मानबहादुर जिसी, विष्णु केसी, मोहन विसी, शोभाराम भण्डारी, डिलाराम थापा, हिक्मत थापा, हीरा केसी, दलबहादुर केसी र लक्ष्मीप्रकाश राजभण्डारी रहनुभएको छ । त्यसैगरी, महिलाबाट शान्ता आचार्य र कमला रिजाल निर्वाचित भएका छन् । जनजातिबाट सर्वजित बुढाथोकी, दलितबाट रविलाल विक निर्वाचित हुनुभएको छ भने वैकल्पिक सदस्यमा नेहरसिंह केसी, भुवन राना र सेतुराम गोराथोकी निर्वाचित हुनुभएको छ ।

अधिवेशन उद्घाटन समारोहमा पार्टीका राप्ती अञ्चल इन्चार्ज तथा वैकल्पिक केन्द्रीय सदस्य प्रकाश ज्वाला, केन्द्रीय प्रचार तथा प्रकाशन विभागका सदस्य सूर्य थापा, राप्ती अञ्चल सचिव छविलाल वलीलगायतले बोल्नुभएको थियो ।

# सङ्खुवासभामा अधिवेशन

खाँदबारी । नेकपा (एमाले) सङ्खुवासभाको पाँचौं जिल्ला अधिवेशनले पुनः डेढराज खड्का सचिव रहनुभएको एक्काइस सदस्यीय जिल्ला कमिटी चयन गरेको छ ।

गएको वैशाख ७ र ८ गते सम्पन्न अधिवेशनबाट उपसचिवमा डम्बर खड्का निर्वाचित हुनुभएको छ । कमिटीका सदस्यहरूमा ऋषिकेशव चापागाईं, कृष्ण तामाङ, भीम भट्टराई, मानसिंह पोखेल, जितबहादुर घिमिरे, वीरेन्द्र केसी, उमेश डाँगी, कमलनारायण लिथेप, बद्री सापकोटा, डम्बर घले, फणिन्द्र निरौला, कवानसिंह राई, दुर्गाकिरण राई, सुरेशकुमार राई, छिँदाआङ्जु भोटे, नारद राई, सीता दाहाल, केशरबहादुर महते र भूपवीर खतिवडा रहनुभएको छ ।

अधिवेशनको उद्घाटन केन्द्रीय सल्लाहकार कमिटी सदस्य नेत्र गौतमले गर्नुभएको थियो भने अञ्चल सचिव राजेन्द्र गौतम, सदस्य तुलसी न्यौपानेलगायतले बोल्नुभएको थियो ।

# अर्थमन्त्रालयका सल्लाहकार डा. भट्टराई रहनुभएन

काठमाडौं । नेपाल सरकारको अर्थमन्त्रालयका सल्लाहकार डा. नारायणप्रसाद भट्टराईको शुक्रबार निधन भएको छ ।

स्वर्गीय भट्टराईलाई अन्तिम श्रद्धाञ्जली दिँदै नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले पार्टीको झन्डा ओढाउनुभएको थियो । भट्टराईको अन्त्येष्टिस्थल पशुपति आर्यघाटमै पुगेर नेकपा (एमाले) स्थायी समिति सदस्य एवम् उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री केपी शर्मा ओली, गृहमन्त्री कृष्ण सिटौला श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो ।
त्यसैगरी एमाले नेताहरू प्रदीप नेपाल, केशव बडाल, महेन्द्र पाण्डे, अष्टलक्ष्मी शाक्य, बसन्त नेम्वाङले पनि अन्तिम श्रद्धाञ्जली दिनुभएको थियो । श्रद्धाञ्जली दिन बाम बुद्धिजीवी, नेपाल सरकारका सचिव, कर्मचारी र शुभचिन्तकहरू उपस्थित थिए ।

# परिवर्तित स्थितिमा नेपालको विदेशनीतिका सम्बन्धमा

# ध्यान दिनुपर्ने तथा अवलम्बन गर्नुपर्ने कुराहरू

भर्खरै सम्पन्न ऐतिहासिक जनआन्दोलनको सफलताले नेपाल र नेपाली जनतालाई समग्र रूपमा सार्वभौमसत्तासम्पन्न बनाउने मार्ग प्रशस्त गरेको छ। स्वतन्त्र, सार्वभौमसत्तासम्पन्न नेपालको भविष्य निर्माणमा नेपाली जनताको निर्णायक भूमिका रहने सुनिश्चित भएको छ। जनआन्दोलनको यस भावना र जनादेशलाई आन्तरिक तथा विदेश दुवै क्षेत्रका नीति एवम् व्यवहारमा रूपान्तरित गरिनुपर्दछ।

ऐतिहासिक जनआन्दोलनमा अन्तर्राष्ट्रिय समुदायले पुऱ्याएको सहयोग र समर्थनको उच्च मूल्याङ्कन गर्दै त्यसलाई नेपालको स्वतन्त्रता, सार्वभौसत्ता, लोकतान्त्रीकरण तथा आर्थिक विकास र सम्वृद्धिका लागि सदुपयोग गर्न हामीहरूले कुशलताका साथ अगाडि बढ्नु पर्दछ। नेपाली जनताको व्यापक समर्थन एवम् सक्रियतामा सञ्चालित लोकतान्त्रिक आन्दोलनमा मित्रराष्ट्र भारतलगायत अन्तर्राष्ट्रिय समुदायले गरेको समर्थन, सहयोग र सम्मानको हामीले स्वागत गर्नुपर्दछ। यी कुराहरूका साथै वर्तमान बदलिँदो विश्व परिस्थितिलाई समेत ध्यानमा राखी परिवर्तित स्थितिमा हामीले विदेश सम्बन्धलाई नयाँ धरातलमा अगाडि बढाउनु पर्दछ। यसका लागि तत्काल निम्न कुराहरूमा ध्यान दिँदै यथोचित किसिमले व्यवहारमा अवलम्बन गर्नुपर्दछ।

१. ऐतिहासिक जनआन्दोलनमा अभिव्यक्त जनताको पूर्ण सार्वभौमसत्तालाई विदेश नीतिमा पनि प्रतिबिम्वित गर्नुपर्दछ। नेपालको विदेश नीति र सम्बन्धलाई लोकतान्त्रीकरण गर्नुपर्दछ।
२. संयुक्त राष्ट्रसङ्घको बडापत्र तथा पञ्चशीलका सिद्धान्तका आधारमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता तथा राष्ट्रिय हितको संरक्षण तथा सम्बर्द्धन गर्ने कुरालाई हामीले विदेश नीतिको मुख्य आधार बनाउनुपर्दछ। नेपालको भू-राजनीति तथा आर्थिक विकासको आवश्यकतालाई ध्यानमा राखी विदेश नीति सन्तुलित ढङ्गले सञ्चालन गर्नुपर्छ। नेपालले तुलनात्मक लाभका क्षेत्रहरू पहिल्याई अन्तर्राष्ट्रिय जगत्‌मा यसको प्रवर्द्धन र विस्तार गर्नुपर्दछ। विदेश नीतिमा रहिआएको तदर्थवाद समाप्त गर्नुपर्दछ।
३. नेपालको कूटनीति विगतमा झैं औपचारिक र निस्क्रिय होइन, सक्रिय र दूरदृष्टियुक्त हुनुपर्दछ। नेपालको आर्थिक विकास, जनताको सम्वृद्धि तथा दिगो शान्तिका पक्षमा अन्तर्राष्ट्रिय सहयोग, समर्थन र योगदान परिचालन गर्नुपर्दछ।
४. विगतका निरङ्कुश र जनविरोधी शासकहरूले नेपाल राष्ट्रको हित र नेपाली जनताको राष्ट्रिय स्वाभिमानमा आघात पुऱ्याउने गरी भएगरेका सबै अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र सहमतिहरू आवश्यकताअनुसार खारेज, पुनरावलोकन र संशोधन हुनुपर्दछ।
५. विगतमा विवादास्पद बनेका नीति र व्यवहारहरूलाई सच्याइनुपर्दछ तथा त्यस्ता काम-कुराको पुनरावृत्ति हुनुहुँदैन। नेपालको आर्थिक विकास तथा पुनःनिर्माणका लागि सर्वदलीय सहमतिका आधारमा तत्कालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना बनाई सोहीअनुरूप मित्रराष्ट्रहरूसँग सहयोग-समर्थनका लागि आह्वान, वार्ता र सहमति गर्नुपर्दछ।
६. सबै मित्रराष्ट्रहरूसँग सुमधुर सम्बन्ध कायम गर्दै छिमेकी देशहरूसँगको सम्बन्धलाई विशेष महत्त्वका साथ घनिष्ट बनाइरहनु पर्दछ। जोकसैसँग पनि भएका समस्या र असमझदारीहरूलाई क्रमशः हटाउँदै जानुपर्दछ। भारत र चीनको सम्बन्धमा रहेका संदेनशीलतालाई सधैँ ख्याल गर्नुपर्दछ।
७. लोकतान्त्रिक नेपाल कुनै पनि देशसँग कुनै पनि किसिमको सैनिक वा सुरक्षा गठबन्धनमा सामेल हुनुहुँदैन।
८. जीविकोपार्जन र आर्थिक सम्वृद्धिका लागि निरन्तर बढ्दो सङ्ख्यामा विदेशिएका नेपालीहरूको हकहितको संरक्षणमा ध्यान दिइनु पर्दछ। प्रवासी नेपालीहरूबाट नयाँ नेपालको निर्माणमा हुनसक्ने योगदानको पूर्ण रूपमा परिचालन गर्नुपर्दछ।
९. विदेश नीति र कूटनीतिको तात्कालिक लक्ष्य पूर्ण लोकतन्त्रलाई संस्थागत गर्ने र सुदृढ तुल्याउने, सरकार-माओवादी शान्ति वार्तालाई सफल पार्दै देशमा दिगो शान्ति कायम गर्ने, निष्पक्ष, स्वतन्त्र र शान्तिपूर्ण वातावरणमा संविधानसभाको निर्वाचन गरी नयाँ संविधानको निर्माण गर्दै लोकतान्त्रिक प्रक्रियालाई निरन्तरता दिने हुनुपर्दछ। साथै, विस्थापितहरूको पुनःस्थापन, भौतिक संरचनाहरूको पुनःनिर्माण, शान्ति प्रक्रियाको व्यवस्थापनमा आवश्यक सबैखाले सहयोगको परिचालनलाई विदेश नीतिको अर्को महत्त्वपूर्ण तात्कालिक लक्ष्य बनाइनुपर्दछ।

उपर्युक्त सामान्य नीतिका आधारमा भारतसँगको मैत्री र कूटनीतिक सम्बन्धलाई नयाँ परिस्थितिअनुरूप परिभाषित गर्दै सञ्चालन गर्नु आवश्यक छ। त्यसका लागि निम्नलिखित कुराहरूमा ध्यान दिनुपर्दछ :

१. भारतसँगको मैत्री सम्बन्धमा नकारात्मक प्रभाव पार्ने समस्याहरूलाई क्रमशः हटाउँदै जानुपर्दछ। सुरक्षा, जलस्रोतको उपयोग तथा विभिन्न सन्धि-सम्झौताका सम्बन्धमा विगतमा उठेका विवादास्पद कुराहरूमा देशभित्र सात राजनीति दलहरू र माओवादीका बीच तथा प्रतिनिधिसभा एवम् नागरिक समाजका माझ छलफल गरी राष्ट्रिय नीति एवम् दृष्टिकोण तय गर्दै सोहीअनुरूप भारतसँग संवाद र सहमति गर्नुपर्दछ।
२. अहिले सङ्क्रमणकालीन स्थिति भएकाले संविधानसभाको निर्वाचन भई नयाँ संविधान तथा सरकारको निर्माण नभएसम्म ठूला, दूरगामी, विवादास्पद र संवेदनशील विषयमा कुनै नयाँ सन्धि-सम्झौता गरिनुहुन्न। उठेका समस्याहरूको समाधान खोज्नेतर्फ मात्र ध्यान केन्द्रित गर्नुपर्दछ।
३. प्रधानमन्त्रीको भारत भ्रमणको कार्यसूचीमाथि सात दलको बैठकमा खुलाखुलस्त किसिमले छलफल गरी प्राप्त निष्कर्षका आधारमा अघि बढ्नुपर्दछ। प्रतिनिधिसभालाई सबै कुराको जानकारी गराइनुपर्दछ।
४. यसपालिको प्रधानमन्त्रीको भ्रमण केवल सद्भावना भ्रमण मात्र हो भने निम्नलिखित कुराहरू गरिनु उपयुक्त हुन्छ :

४.१. नेपाली जनताको पूर्ण लोकतन्त्र र दिगो शान्तिका लागि सञ्चालित संयुक्त जनआन्दोनप्रति भारत सरकार तथा भारतीय जनताले प्रकट गरेको ऐक्यबद्धता एवम् समर्थनका लागि हार्दिक रूपमा धन्यवाद दिने ।
४.२. शान्ति प्रक्रिया र संविधानसभाको निर्वाचनलाई सफल तुल्याउन सद्भाव र सहयोगका लागि आग्रह गर्ने ।
४.३. नेपाली जनताको पूर्ण रूपमा सार्वभौमसत्ता सम्पन्न हुने आकाङ्क्षामा सहयोग पुऱ्याउन आह्वान गर्ने ।
४.४. नयाँ लोकतान्त्रिक तथा समृद्ध नेपालको निर्माणमा नेपाली जनताले आरम्भ गरेको अभियानमा सहयोग र समर्थन पुऱ्याउन आग्रह गर्ने ।
४.५. भौतिक संरचनाहरूको पुनःनिर्माण तथा विस्थापितहरूको पुनःस्थापनामा आर्थिक सहयोगका लागि आग्रह गर्ने ।
४.६. दुईपक्षीय मैत्री सम्बन्ध र सहयोगका क्षेत्रमा रहेका समस्या तथा असमझदारीहरूलाई पारस्परिक वार्ता र विश्वासका आधारमा हटाउने एवम् नेपाल-भारत घनिष्ट सम्बन्ध विकास गर्ने कुरामा जोड दिने ।
४.७. एकअर्काको भूमि एकअर्काका विरुद्ध कुनै पनि हिसाबले प्रयोग हुन नदिने कुरामा स्पष्ट हुँदै त्यसमा जोड दिने ।
४.८. दक्षिण एसियामा दिगो शान्ति, आर्थिक विकास र राजनीतिक स्थिरतामा जोड दिने र क्षेत्रीय सहयोगलाई अगाडि बढाउने कुरामा विश्वास प्रकट गर्ने ।
४.९. भुटानी शरणार्थी समस्याको समाधानमा भारतको सहयोगको अपेक्षा गर्ने ।
४. १०. भारतीय प्रधानमन्त्रीलाई नेपालको सद्भावना भ्रमणमा लागि आमन्त्रित गर्ने ।

**(नेकपा (एमाले)को दृष्टिकोण)**

# प्रधानमन्त्रीको सद्भावना भारत भ्रमण

## ' विष्णु रिजाल

**ज**नआन्दोलनको बलमा नेपालमा लोकतन्त्र स्थापना भएपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गत जेठ २३ देखि २६ गतेसम्म गर्नुभएको भारतको सद्भावना भ्रमणले निकै महत्त्व पाएको छ । राजनीतिक र कूटनीतिक क्षेत्रमा यस भ्रमणका बारेमा चर्चा-परिचर्चाहरू भएका छन् । यस भ्रमणका तत्कालीन र दीर्घकालीन असरहरूका बारेमा विभिन्न अनुमान र लेखाजोखाहरू पनि भइरहेका छन् । अभिन्न छिमेकी मुलुकका रूपमा भारतले यसपटक नेपालको भविष्यप्रति देखाएको सरोकार र गरेको सहयोगले भारतप्रति विगतमा रहेका कतिपय आशङ्काहरूलाई हटाउन मद्दत गरेको छ । त्यति मात्र होइन, नेपालको दीर्घकालीन हितमा भारतीय सहयोगले उल्लेख्य भूमिका निर्वाह गर्ने परिप्रेक्ष्यमा यसपटकको भ्रमणले त्यस दिशामा सकारात्मक योगदान गरेको छ ।

**सम्मानको राजनीतिक अर्थ**

यसपटकको भ्रमणमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको स्वागत गर्न भारतीय प्रधानमन्त्री डा. मनमोहन सिंह स्वयम् इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा आउनुलाई उच्च महत्त्वसाथ हेरिएको छ । पूर्वनिर्धारित कार्यक्रममा भारतीय विदेशराज्यमन्त्री ई. अहमदले प्रधानमन्त्री कोइरालाको स्वागत गर्ने तय भए पनि भारतीय प्रधानमन्त्री सिंह आफैँ आउँदा भारतीय सञ्चारमाध्यमसमेत आश्चर्यमा परेका थिए । यसअघि अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुस आउँदा प्रधानमन्त्री सिंह स्वागत गर्न गएको घटनालाई लिएर भारतीय तल्लो सदन लोकसभामा चर्को विवाद भएको थियो । तर, यसपटक उहाँ प्रधानमन्त्री कोइरालालाई स्वागत गर्न आउँदा भने कतै कुनै विवाद देखिएन । भारतीय सञ्चारमाध्यमहरूमा प्रधानमन्त्री सिंहले विमानस्थल गएर तेस्रोपटक मर्यादाक्रम तोडेको टिप्पणी गरिए पनि त्यसलाई सकारात्मक रूपमा चर्चा गरिएको छ ।

भारतले यसपटक नेपालका प्रधानमन्त्रीलाई किन यति सम्मान दियो ? यसका पछाडि रहेका खास कारणहरू के हुन् ? यसअघिका भन्दा यसपटकको भ्रमणले किन भिन्नै महत्त्व र स्थान पायो ? कूटनीतिक र राजनीतिक वृत्तमा यतिबेला यी प्रश्नहरूलाई महत्त्वका साथ हेरिएको छ । खासगरी विगतमा भारतीय भूमिकाका बारेमा नेपालमा थुप्रै प्रश्नहरू उठ्ने गरेको सन्दर्भमा अहिले यी प्रश्नहरू धेरै जायज र सान्दर्भिक पनि छन् । अरू सबै सम्बन्ध परिवर्तन गर्न सके पनि छिमेकी परिवर्तन गर्न नसकिने सर्वमान्य मान्यताका आधारमा हेर्दा न नेपालमा हुने परिवर्तनबाट भारत अछूतो रहन सक्छ, न त भारतमा हुने घटनाक्रमबाट नेपाल नै अछूतो रहन सक्छ । यही मान्यताका आधारमा भारतले नेपालमा जनआन्दोलनका

माध्यमबाट भएको हालैको परिवर्तनप्रति आफ्नो प्रतिबद्धता जनाएको छ। भारतले लोकतन्त्रप्रतिको त्यही प्रतिबद्धता व्यवहारमा देखाउन नेपालको लोकतान्त्रिक सरकारका प्रधानमन्त्रीलाई यति धेरै महत्त्व दिएको हो भन्न सकिन्छ ।

नेपालमा हालै सम्पन्न सफल जनआन्दोलनप्रति भारतको स्पष्ट समर्थन रहेको थियो । यद्यपि, प्रधानमन्त्रीका विशेष दूतका रूपमा डा. करन सिंहलाई भारतले नेपाल पठाएपछि वैशाख ८ गते राजाले गरेको घोषणा स्वीकार्न भारतले गरेको प्रारम्भिक आग्रह गलत थियो भन्ने कुरा भोलिपल्टै प्रमाणित भयो र भारतले हतारहतार आफ्नो दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्‍यो । माघ १९ को शाही कदमपछि नेपालको निरङ्कुश शाही सत्तालाई सहयोग पुग्ने भएकाले भारतले सैनिक सहायतालगायतका सबै सहयोगहरू बन्द गरेको थियो। यस परिप्रेक्ष्यमा जनआन्दोलनमार्फत स्थापना भएको नयाँ सरकारलाई भारतले सक्दो सहयोग गर्न खोजेको देखिन्छ। प्रधानमन्त्री कोइरालालाई भारतले गरेको सम्मानलाई यही रूपमा बुझ्नु उपयुक्त हुनेछ ।

**आर्थिक सहायता**

शाही शासनले मुलुकलाई राजनीतिक रूपमा मात्र होइन, आर्थिक रूपमा पनि जर्जर र भयावह बनाएको तथ्य कसैबाट लुकेको छैन। राजपरिवार, शाही नातेदार, दरबारिया आसेपासे र शाही मन्त्रीहरूले मुलुकलाई जुकाले झैँ चुसेर टाट पल्टाउन मात्रै बाँकी राखेका छन्। यस परिप्रेक्ष्यमा लोकतन्त्रको बहालीपछि नेपालका हितैषी मित्रहरूले आर्थिक सहयोगको प्रक्रिया पुनः अघि बढाएका छन्। यसपटकको भारत भ्रमणमा पनि यस विषयले निकै प्राथमिकता पाएको छ । विद्रोहको सामना गरिरहेको गरिब मुलुक विदेशी सहायताको अभावमा जर्जर हुनु स्वाभाविक थियो। यस अवस्थामा सुधार ल्याउनु लोकतान्त्रिक सरकारको प्राथमिक दायित्वको सवाल थियो। यही मान्यताअनुसार वर्तमान सरकारले आफ्ना पहलहरूलाई अगाडि बढाएको छ। भारतले नेपाललाई यसपटकको भ्रमणका क्रममा दिएको आर्थिक सहायताले सङ्कटमा परेको नेपालको आर्थिक अवस्थालाई उकास्न अवश्य मद्दत पुर्‍याउने अपेक्षा गर्न सकिन्छ। भारतले बर्सेनि पाउने ६५ करोडको सहयोग झन्डै दोब्बर पार्नुका साथै सहुलियत ऋणका रूपमा साढे सात अर्बभन्दा बढी रकम उपलब्ध गराएको छ। त्यति मात्र होइन, निर्यातमा लगाइएको शुल्क खारेजी, छात्रवृत्ति वृद्धि, पर्यटन प्रबर्द्धनका लागि हवाई उडानमा वृद्धिलगायतका सहयोगहरू भारतले गरेको छ ।

भारतले नेपालको आर्थिक विकासमा विगतदेखि नै सहयोग गर्दै आएको छ। अहिले उपलब्ध गराइएको नयाँ सहयोगले नेपालको विकासमा थप टेवा मात्र पुर्‍याउने छैन, सङ्कटमा परेको एक मित्रलाई अर्को मित्रले गरेको सङ्कटकालीन सहयोगका रूपमा पनि काम गर्नेछ। आर्थिक सहायतामा केन्द्रित यो भ्रमणले नेपालको आर्थिक विकासमा उल्लेखनीय सहयोग पुर्‍याउने विश्वास गर्न सकिन्छ ।

**विवादास्पद सम्झौता भएनन्**

नेपाल-भारत सम्बन्ध जति पुरानो छ, कतिपय सन्दर्भमा त्यति नै विवादित पनि छ। खासगरी भारतले नेपालको जलस्रोतका क्षेत्रमा अपनाएको दृष्टिकोण र रवैयाका कारण आलोचना पनि खेप्दै आएको छ। प्रधानमन्त्री कोइराला पर्याप्त गृहकार्य र छलफलबिना नै भारत भ्रमणमा जान हतारिएको देख्दा फेरि पनि कुनै अपमानजनक सन्धि-सम्झौता त हुँदैनन् भनेर धेरै नेपालीलाई झस्काएको थियो। विवादास्पद टनकपुर सन्धिका कारण प्रधानमन्त्री कोइराला स्वयम्को विगत सकारात्मक नभएका कारण लोकतन्त्र आइसकेपछि पनि उहाँसँग नागरिकहरू झस्किनु अस्वाभाविक थिएन। तर, यसपटक नेपाल र भारतका बीचमा आर्थिक सहायताबाहेकको कुनै सम्झौता भएन, जसले कोइरालाको भ्रमणलाई विवादित हुनबाट जोगाएको छ ।

नाजुक स्वास्थ्यस्थितिका प्रधानमन्त्री कोइराला स्वास्थ्योपचारका लागि बैंकक जाने सार्वजनिक भएलगत्तै उहाँ त्यसको सट्टा हतारहतार भारत भ्रमणमा निस्किनुले धेरैलाई झस्काएको मात्र थिएन, नेपाललें पुनः कुन दुर्घटनाको सामना गर्नुपर्ने हो भनेर त्रसित पनि बनाएको थियो। प्रधानमन्त्रीको भ्रमण टोलीमा संलग्न पत्रकारका रूपमा मैले भ्रमण टोलीमा संलग्न नेपाली अधिकारी र कतिपय भारतीय अधिकारीहरूसँग कुराकानी गर्दा नेपालको दीर्घकालीन हितलाई कुठाराघात गर्ने कुनै गोप्य सम्झौताको छनक पाउन सकिनँ। दुवै देशका प्रधानमन्त्रीबीच भएको पौने घण्टा लामो कुराकानीको पछिल्लो १५ मिनेट भारतीय रक्षामन्त्री प्रणव मुखर्जी पनि समावेश हुनुले हातहतियार र भारतीय जेलमा रहेका माओवादी नेताहरूका बारेमा केही कुराकानी भएको अनुमान गर्न सकिन्छ। **भारत बाधक नबन्ने**

नेपालका समस्या समाधानमा भारतले आफू बाधक नबन्ने प्रतिबद्धता जनाएको छ। नेपालमा जनआन्दोलनका बलमा प्रतिनिधिसभा पुनःस्थापना भएपछि माओवादीसँग सुरु भएको शान्तिवार्ताको सफलताका लागि आफूले सहयोग गर्ने वचन भारतले दिए पनि उसको दोहोरो भूमिका पो रहन्छ कि भन्ने आशङ्का अद्यावधि कायम छ। भारतले एकातिर माओवादीलाई आतङ्कवादीको सूचीमा अहिले पनि राखिरहेको छ भने अर्कोतिर माओवादीसँगको शान्ति वार्तामा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

**परिवर्तनप्रति समर्थन**

भारत सरकारले नेपालको राजनीतिक परिवर्तनप्रति समर्थन जनाएको छ । विगतमा बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको दुई स्तम्भे नीतिको वकालत गर्ने भारतले नेपाली जनताको परिवर्तनको चाहनालाई आत्मसात् गरेको देखिएको छ । दुई प्रधानमन्त्रीबीचको वार्तास्थलबाहिर जम्मा भएका स्वदेशी तथा विदेशी सञ्चारमाध्यमहरूलाई वार्ताबारे जानकारी दिँदा भारतीय विदेश राज्यमन्त्री आनन्द शर्माले पटकपटक बहुदलीय लोकतन्त्रको वकालत गर्नु कुनै संयोग मात्र थिएन । सञ्चारकर्मीहरूले नेपालको राजतन्त्रबारेको धारणा सोध्दा शर्माले कूटनीतिक मर्यादाको ख्याल गर्दै त्यस प्रश्नलाई पन्छाउनुले पनि भारतको पछिल्लो धारणा बुझ्न मद्दत पुऱ्याउँछ । नेपालमा लोकतान्त्रिक गणतन्त्रको माहोल बन्दै गएको अवस्थामा भारतले विगतको मान्यतामा सुधार ल्याउँदै बहुदलीय लोकतन्त्रको कुरा मात्रै उठाउनुले उसले नेपालको परिवर्तनप्रति अपनाएको दृष्टिकोण दर्शाउँछ ।

नेपाली प्रतिनिधिमण्डलको भारत भ्रमणका अवसरमा भेट गर्ने अरू भारतीय राजनेताहरूले पनि नेपालको परिवर्तनप्रति आफ्नो समर्थन जनाएका छन् । हिन्दुवादी दक्षिणपन्थी दल भारतीय जनता पार्टीका अध्यक्ष राजनाथ सिंहबाहेक नेपालका राजाका पक्षमा कसैले पनि प्रतिक्रिया दिएनन् । राष्ट्रपति एपीजे अब्दुल कलाम, उपराष्ट्रपति भैरोसिंह शेखावत, प्रधानमन्त्री डा. मनमोहन सिंह, सत्तारुढ संयुक्त प्रगतिशील गठबन्धनकी अध्यक्ष सोनिया गान्धी, विपक्षी नेता लालकृष्ण अडवाणी, भारतीय कम्युनिस्ट पार्टीका सचिव डी राजा, प्राध्यापक एसडी मुनिलगायतले नेपालको परिवर्तनप्रति समर्थन मात्र जनाउनुभएन, माओवादी विद्रोहको शान्तिपूर्ण समाधानमा पनि जोड दिनुभयो ।

हिन्दु अतिवादीहरूको प्रभाव रहेको भारतको भ्रमणमा जानुभन्दा अगाडि प्रतिनिधिसभाले नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरेको थियो । यस भ्रमणका क्रममा भारतीय जनता पार्टीजस्तो कट्टर हिन्दुवादी दलले पनि नेपालको परिवर्तनप्रति समर्थन जनाउनुले भारतीय धर्मभीरुहरूका आडमा नेपालमा धार्मिक सहिष्णुता बिथोल्न खोज्नेहरूलाई राम्रो पाठ सिकाएको छ ।

**निष्कर्ष**

प्रधानमन्त्रीले सत्तारुढ गठबन्धनबीच पर्याप्त छलफल र गृहकार्य गरेको भए यसपटकको भ्रमण अझै उपलब्धिमूलक र सार्थक हुने थियो । संयुक्त सरकारको प्रधानमन्त्रीका रूपमा उहाँले सत्तारुढ दलहरूको दलीय प्रतिनिधित्वसमेत गराउन सकेको भए त्यसले अझ राम्रो परिणाममा पुऱ्याउने थियो । तर पनि, मन्त्रीका रूपमा अरू दलका नेताहरू पनि सहभागी भएको हुँदा यसमा राष्ट्रिय सहमति कायम भएको मान्नुपर्छ । यस भ्रमणले लोकतान्त्रिक नेपालको छवि उजागर गर्न अवश्य पनि मद्दत पुऱ्याएको छ। नीतिगत तहमा भएका समझदारीहरू कार्यान्वयनमा आउँदा तिनले नेपालको दीर्घकालीन विकासमा उल्लेखनीय योगदान गर्ने अपेक्षा गर्न सकिन्छ ।

■

# सरकार–माओवादी युद्धविराम आचारसंहिता

ऐतिहासिक जनआन्दोलनमार्फत पूर्ण लोकतन्त्र, अग्रगमन र शान्तिका पक्षमा प्रकट भएको जनादेशको सम्मान गर्दै,

मानवअधिकारको विश्वव्यापी घोषणापत्र-१९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानवअधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहँदै,

सात राजनीतिक दल एवम् नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारीलाई पूर्ण रूपले पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दै,

प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, प्रेस स्वतन्त्रता तथा कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रति प्रतिबद्धता व्यक्त गर्दै,

नेपाली जनताले संविधानसभाको निर्वाचनमा कुनै डर, धाकधम्की र हिंसाको प्रभावबिना नै सहभागी भई संविधान निर्माणको प्रक्रियामा सहभागी हुन पाउने आधारभूत अधिकारको प्रत्याभूति गर्दै, तथा

लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राख्दै,

नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको युद्धविरामलाई स्थायी शान्तिमा परिणत गर्न र वार्ताको माध्यमबाट समस्याको शान्तिपूर्ण समाधान गर्न नेपाली जनताको भावनाअनुरूप देहायको आचारसंहिता जारी गरिएको छ :

**भयमुक्त नागरिक जीवन सुनिश्चितता**

१. एकअर्कालाई उत्तेजित गर्ने गरी कुनै सार्वजनिक वक्तव्य दिने वा त्यस प्रकारको अन्य कुनै काम नगर्ने ।

२. दुवै पक्षले जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने ।

३. एकअर्काका सैनिक वा सुरक्षा निकायमा आक्रमण वा विध्वंसात्मक कार्य नगर्ने, माइन बिछ्याउने वा एम्बुस थाप्ने कार्य नगर्ने, आ-आफ्नो सेनामा नयाँ भर्ती नगर्ने तथा सुराकी नगर्ने ।

४. शान्ति सुव्यवस्था कायम राख्न दुवै पक्षले पारस्परिक सहयोग गर्ने ।

५. हातहतियार तथा सैनिक व्यवस्थापनबारे आपसी सहमतिका आधारमा आवश्यकताअनुसार छलफल तथा समझदारी कायम गर्दै जाने ।

**जनतामा विश्वासको वातावरण निर्माण**

६. सार्वजनिक भेला, सभा सम्मेलन, समारोह वा राजनीतिक क्रियाकलाप गर्दा दुवै पक्ष कम्ब्याट ड्रेसमा वा हातहतियारसहित उपस्थित नहुने ।

७. राजनीतिक दलका कार्यकर्ता तथा सामाजिक सङ्घसङ्गठनका सदस्य र व्यक्तिहरूले देशको कुनै पनि भागमा गएर आफ्नो विचारको प्रचार गर्ने, सभासम्मेलन गर्ने र सङ्गठन गर्ने कार्य गर्न दुवै पक्षबाट कुनै किसिमको बाधाअवरोध नगर्ने तथा कुनै मानसिक वा शारीरिक दबाब नदिने ।

**जनताका आधारभूत सेवा र विकास निर्माणमा**

८. युद्धविराम अवधिभर बन्द वा चक्काजामजस्ता कार्यक्रमहरू नगर्ने तर शान्तिपूर्ण ढङ्गका सभा-जुलुहरू गर्न सकिने ।

९. जनताका आधारभूत सेवा र सुविधा निर्बाध रूपले सञ्चालन हुन दिने ।

१०. जनहित तथा विकास निर्माणका नियमित काम शान्तिपूर्ण ढङ्गले अगाडि बढाउने कुरामा कुनै बाधा व्यवधान नपुर्‍याउने ।

११. खाद्यान्न, औषधि, विकास निर्माणका सामग्रीहरू तथा दैनिक उपभोगका वस्तुहरू ओसारपसार गर्न बन्देज नलगाउने र बाधा विरोध नगर्ने ।

**शिक्षण संस्था, अस्पताल तथा औद्योगिक प्रतिष्ठानहरूको सुसञ्चालन**

१२.विद्यालय, कलेज, विश्वविद्यालय, अस्पताल, उपचार केन्द्रहरू तथा औद्योगिक प्रतिष्ठानलाई सुचारु रूपले सञ्चालन गर्न दुवै पक्षबाट वातावरणको निर्माण गर्ने ।

**सञ्चारमाध्यमबाट शान्तिवार्तालाई सहयोग**

१३. युद्धविराम, आचारसंहिता र शान्ति प्रक्रियाका पक्षमा सूचना प्रवाह गर्ने तथा राजनीतिक प्रचार-प्रसार गर्ने कार्य गर्दा शिष्ट तथा मर्यादित भाषाको प्रयोग गर्ने ।

१४. सञ्चारमाध्यमबाट वार्ता तथा शान्ति प्रक्रियालाई प्रतिकूल असर पर्ने खालका अभिव्यक्ति कसैले नदिने ।

**बलपूर्वक चन्दा र आर्थिक सहयोग नउठाउने**

१५. कसैको इच्छाविपरीत चन्दा र आर्थिक सहयोग, नगदी, जिन्सी वा सेवा नउठाउने वा परिचालन नगर्ने ।

**रिहाइ र पुनःस्थापना**

१६. विभिन्न व्यक्तिहरूमाथि दुवै पक्षद्वारा लगाइएका आरोप, अभियोग र मुद्दा फिर्ता गर्ने र बन्दीहरूलाई रिहाइ गर्दै जाने ।

१७. बेपत्ता नागरिकहरूको स्थिति यथाशीघ्र सार्वजनिक गर्ने ।

१८. विस्थापित भएका व्यक्तिहरूलाई आ-आफ्नो घरमा फर्किएर शान्तिपूर्ण, सहज तथा सम्मानपूर्वक पुनःस्थापित हुने कार्यमा सहयोग गर्ने ।

१९. द्वन्द्वका क्रममा राजनीतिक दलका नेता, कार्यकर्ता तथा सर्वसाधारण जनताको कब्जा गरिएका वा ताला लगाइएका वा प्रयोग गर्न नदिइएका सम्पत्ति सम्बन्धित व्यक्ति वा परिवारलाई फिर्ता र उपभोग गर्न दिने । सो सम्पत्ति फिर्ता गर्ने प्रक्रियामा समस्या उत्पन्न भएमा आपसी सहमतिका आधारमा समाधान गर्ने ।

**वार्ता सहजीकरण**

२०. वार्तामा संलग्न हुने दुवै पक्षका व्यक्तिहरूको आवागमन एवम् गतिविधिमा कुनै प्रकारको बाधा-व्यवधान नगर्ने ।

**अनुगमन**

२१. दुवै पक्षको आपसी सहमतिका आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुगमन टोलीद्वारा युद्धविरामको अनुगमन गराउने ।

**विविध**

२२. आचारसंहिताको व्याख्यामा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको सहमतिबाट समस्याको समाधान गरिने ।

२३. प्रस्तावनाको भावनाअनुरूप यो आचारसंहितामा दुवै पक्षको सहमतिले थपघट वा संशोधन गर्न सकिने ।

२४. यो आचारसंहिता हस्ताक्षर भएपछि तुरुन्त प्रारम्भ गर्ने ।

२५. आचारसंहितामा हस्ताक्षर भएपछि यो आचारसंहिता सार्वजनिक गर्ने ।

**नेकपा माओवादीका तर्फबाट नेपाल सरकारबाट तर्फबाटः**

**कृष्णबहादुर महरा     कृष्णप्रसाद सिटौला**

२०६३/०२/१२

# संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्र

१. प्रतिनिधिसभाको पुनःस्थापनापश्चात् नेपाली राजनीतिमा संविधानसभाको चर्चा पहिले कहिल्यै भन्दा चर्को रूपमा उठेको छ। जनआन्दोलनमा ठोस मागका रूपमा स्थापित भएको संविधानसभाको स्वरूप, प्रक्रिया तथा परिणामका बारेमा छलफल आवश्यक हुनु स्वाभाविक छ । त्यसैले हामीले विशेषतः आठ राजनीतिक दलहरूको अवधारणा सर्वसाधारण जनतामा पुऱ्याउने उद्देश्यले 'संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्र' शीर्षकमा यो छलफल कार्यक्रमको आयोजना गरेका छौँ ।

हाम्रो यो प्रयत्न विगतको शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय भूमिका निभाउने आठ राजनीतिक दलका सोचहरूलाई आमजनतासम्म पुऱ्याउने हो । जनताले दलहरूलाई जस्ताको तस्तै चिन्नुपर्छ भन्ने हाम्रो प्रतिष्ठानको मान्यता हो । सिद्धान्त, राजनीति र कार्यक्रममा रहने विभेदहरूले अहिलेको संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्रको यात्रामा अवरोधहरू खडा नहोउन् भन्नका लागि आठै राजनीतिक दलका यससम्बन्धी मान्यताहरू जनताका बीचमा पुऱ्याउने प्रयत्न हामीले गरेका हौँ ।

२. अहिलेसम्म संविधानसभा एउटा प्रक्रिया अथवा एउटा विधिका रूपमा मात्र प्रस्तुत भएको छ । त्यो विधि या प्रक्रियाको रूप पनि असाध्यै स्थूल छ । संविधानसभाको निर्वाचन भनेको मूलतः राजनीतिक क्षेत्रको विषय हो । निर्वाचन क्षेत्रको निर्धारण समावेशी हुनुपर्छ भन्ने छलफल पनि विस्तारित रूपमै उठेको छ । महिला, जनजाति तथा उत्पीडित जाति समुदायका साथै श्रमिक, किसानजस्ता आधारभूत वर्गले आफ्नो सहभागिता नजनाउने हो भने संविधानसभा आंशिक र अपूर्ण हुने सुनिश्चित छ । नेपालको सामाजिक संरचनामा जिल्ला वा क्षेत्रीय प्रशासनिक एकाइको त कुरै छाडौँ, ग्रामपालिकाअन्तर्गतका वडाहरूमा समेत एकल समूहको प्रतिनिधित्व भेटिँदैन । मिश्रित संस्कृतिको यो यथार्थ नै नेपाली समाजको विशेषता हो र संसारका असाध्यै थोरै मुलुकमा पाइने विशेषता हो । यो मिश्रित संस्कृतिलाई समेट्न राजनीतिक दलहरूले निर्वाचनको समावेशी शैली अवलम्बन गर्नु बढी उपयुक्त हुनेछ । यो समावेशीकरण राजनीतिक दलहरू निर्वाचित हुने, तिनले धरातलीय यथार्थका आधारमा उम्मेदवारको सूची जारी गर्ने काम गर्नु अहिलेका लागि उपयुक्त निर्वाचन प्रक्रिया हुनेछ ।

३. हाम्रो वर्तमान राज्य सामन्ती ढर्रामा चलेको छ । राजधानी शासक भएको छ अनि मोफसल शासित भएको छ । मुलुकमा उत्पन्न भइरहेका विग्रहहरूका लागि राज्य संरचनाको यो स्वरूप पनि जिम्मेवार छ । त्यसै हुनाले अहिलेको शान्तिपूर्ण जनआन्दोलनले राज्यको पुनःसंरचनालाई एउटा मुद्दा बनाएको पनि हो । सबै पार्टीले राज्यको पुनःसंरचनाका बारेमा आफ्नो खाका तयार नगरुन्जेल पुनःसंरचनाको मुद्दा अन्धाहरूले छामेको हात्ती भइरहनेछ । तसर्थ, यो परिसंवाद कार्यक्रममा पुनःसंरचनाको सन्दर्भमा एउटा सार्थक बहसको थालनी होस् भन्ने पनि हाम्रो अपेक्षा हो ।

हामीलाई लाग्छ, जनतालाई सार्वभौम तुल्याउन हाल केन्द्रीय सत्तामा रहेको शक्तिको रूपमा रहेको कतिपय अधिकार प्रत्यायोजन गरेर मात्र पुग्दैन, हस्तान्तरण नै गरिनुपर्छ । यसका लागि कस्तो तरिकाले प्रशासनिक एकाइहरूको विभाजन गर्ने र तिनीहरूको संयोजन गर्ने भन्नेमा बहस हुन सक्छ र हुनु जरुरी पनि छ । कतिपय राजनीतिक शक्ति तथा व्यक्ति विशेषमा 'सङ्घीय ढाँचामा राज्यलाई ढालेमा यो समस्या हल हुन सक्छ भन्ने छ भने कतिपय राजनीतिक शक्ति तथा व्यक्तिहरू अहिलेकै अवस्थामा 'विकेन्द्रीकरण' जोड्दा पर्याप्त हुने' मतमा छन् । हामीलाई, समाज व्यवस्था 'तलबाट माथि उठेको' हुनपर्ने लागेको छ । यसका लागि ग्रामीण क्षेत्रमा ग्रामपालिका र नगरक्षेत्रमा नगरपालिका राज्यको एकाइ हुनुपर्छ । ग्राम/नगरपालिकाको आफ्नै विधायिका हुन्छ र त्यही विधायिकाले तत्तत् तहको कार्यकारी निकाय छनोट गर्छ । मुलुक एकात्मक राज्य नै रहनेछ तर सञ्चालनको ढाँचा अहिलेभन्दा ठीक उल्टो हुनेछ । अहिले माथिको आदेशमा एकाइ चलेको छ भने समावेशी लोकतन्त्रमा गाउँको योजना गाउँमै, नगरको योजना नगरमै बन्नेछ । केन्द्रीय निकायले संयोजनकारी भूमिका निर्वाह गर्नेछ ।

४. संविधानसभाको निर्वाचनपछि निर्माण हुने नयाँ संविधानले मुलुकलाई पूर्ण लोकतन्त्रमा प्रवेश गराउनेछ । त्यो लोकतन्त्र भनेको मुलुकमा बसोवास गर्ने सम्पूर्ण नागरिकलाई सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माण गर्न उत्प्रेरित गरिरहने शासन प्रणाली नै हो भनेर हामीले बुझ्नु पर्छ ।

**परिसंवाद कार्यक्रमको लक्ष्य**

१. अहिले बजारमा संविधानसभाको निर्वाचन कौतूहलको विषय बनेको छ । त्यसका बारेमा सैद्धान्तिक या राजनीतिक कुनै क्षेत्रमा बहस-छलफल हुनसकेको छैन । यो कार्यक्रममार्फत संविधानसभासम्बन्धी सबै राजनीतिक दलका मान्यतालाई सार्वजनिक गर्ने ।

२. संविधानसभाको मुद्दालाई पारदर्शी बनाउने ।

३. संविधानसभामा जानुअघि सबै राजनीतिक दलहरूको लोकतन्त्र र गणतन्त्रप्रतिको प्रतिबद्धता दस्तावेजीकरण गर्ने ।

**छलफलमा केन्द्रित हुनुपर्ने विषयहरू**

१. संविधानसभाको लक्ष्य के हो ?

- यो राजतन्त्र वा गणतन्त्र छान्ने जनमतसङ्ग्रह हो ।
- यो कहिल्यै नखोसिने जनताको सार्वभौमसत्ताको सुनिश्चितता गर्ने विधि हो

२. संविधानसभाको निर्वाचनको प्रक्रिया कस्तो हुनुपर्छ ?

- निर्वाचन क्षेत्रको स्वरूप
- महिला र उत्पीडित जातिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था
- श्रमजीवी वर्गको उचित प्रतिनिधित्वको व्यवस्था ।

३. संविधानसभामार्फत प्राप्त गर्न खोजिएको शासन प्रणाली कस्तो हो ?

- स्रोतका आधारमा राज्यको विभाजन
- जातीय अनुपातका आधारमा राज्यको विभाजन

४. संविधानसभाको निर्वाचनपश्चात्को लोकतन्त्रले कस्तो अर्थतन्त्रलाई अघि बढाउनेछ ?

- उदार तथा प्रतिस्पर्धी समाज
- सामाजिक न्यायमा आधारित समतामूलक समाज

**विधि**

यो एउटा परिसंवाद कार्यक्रम हो । यो कार्यक्रममा संविधानसभाको स्वरूप, प्रक्रिया र परिणामका बारेमा राज्यसंरचना र लोकतन्त्रलाई केन्द्रविन्दुमा राखेर आन्दोलनमा सहभागी आठ राजनीतिक पार्टीहरूका तर्फबाट कार्यपत्र प्रस्तुत हुनेछन् । यी कार्यपत्रहरूमाथि सहभागीहरूका तर्फबाट छलफल तथा प्रश्नोत्तर हुनेछ । परिसंवाद कार्यक्रममा हामीले प्रतिष्ठानका तर्फबाट केही जिज्ञासा र हाम्रो सामान्य अवधारणा अघि सारेका छौँ । परिसंवाद कार्यक्रममा सबै दलका तर्फबाट प्रस्तुत भएका कार्यपत्र तथा छलफलका क्रममा उठेका मूलभूत प्रश्न र उत्तरहरूलाई समेटेर हामीले एउटा पुस्तिका पनि प्रकाशन गर्ने सोच बनाएका छौँ । त्यसै हुनाले हाम्रो यो अवधारणापत्र हामीले समयमै सबै राजनीतिक दलमा पुऱ्याएका हौँ । अवधारणापत्रको अध्ययनपश्चात् प्राप्त हुने कार्यपत्रले हाम्रो अवधारणाको मान्यतासँग मेल राख्नुपर्छ भन्ने हाम्रो आग्रह होइन । हामीले त अहिले उठेका प्रश्नहरूको उत्तर खोज्नका लागि छलफललाई विषयकेन्द्रित बनाउन खोजेका मात्र हौँ ।

***(मदन–आश्रित स्मृति प्रतिष्ठानले ०६३ असार १७ गते आयोजना गर्ने परिसंवाद कार्यक्रममा पेश गरिने अवधारणापत्र)***

# नेपालको वर्तमान आर्थिक स्थिति र भावी बाटो

' डा. पुष्प कँडेल

**भूमिका**

भर्खर मात्र नेपालमा जनक्रान्ति सम्पन्न भएको छ । देशको जनसङ्ख्याको झन्डै २० प्रतिशत (एकै दिनमा करिब ५० लाख) जनता सडकमा उत्रिई सम्पन्न गरेको त्यस क्रान्तिले बेलायतीहरूले सन् १६८८ मा, अमेरिकीहरूले सन् १७७६ मा, फ्रेन्चहरूले सन् १७८९ मा र भारतले सन् १९४७ मा प्राप्त गरेबराबरको स्वतन्त्रता नेपाली जनतालाई दिने स्थिति छ । यसले तमाम सामन्तवादी बन्धनहरूलाई चुँडाई नेपालको विकासको मार्गप्रशस्त गरेको छ । यदि संस्थागत गर्न सकिएमा यस परिवर्तनले नेपाली जनतालाई बन्धनमुक्त बनाएको छ र आगामी संविधानसभामार्फत त्यसले पूर्णता पाउने निश्चित छ । यसले

जङ्गलमा बसेर लडिरहेको शक्तिलाई पनि बहुदलीय प्रतिस्पर्धामा आउने बाटो खुला गरेको छ । एक्काइसौं शताब्दीमा शक्ति बन्दुकको नालबाट होइन, शान्तिपूर्ण आन्दोलनबाट आउँछ भन्ने कुरा यस आन्दोलनले देखाएको छ ।

युगान्तकारी परिवर्तनपछि नेपाली संसद्ले नेपालको राजनीतिक बाटोका सम्बन्धमा साझा मार्गचित्र कोरेको छ । यसले राजालाई नारायणहिटीभित्र सीमित बनाउने, सेनालाई नेपाल सरकारप्रति बफादार बनाउने, नेपालको राष्ट्रिय गान नयाँ बनाउने, नेपाललाई हिन्दु राज्यबाट धर्मनिरपेक्ष राज्य बनाउने, सबै जातजाति, भाषा आदिलाई समान अधिकार दिने, महिलाहरूलाई राज्यको हरेक अङ्गमा एकतिहाई स्थान सुरक्षित राख्ने, छवाछूतरहित समाजको निर्माण गर्ने आदि सम्बन्धमा उद्घोष गरेको छ । यसले राज्य सञ्चालनका सन्दर्भमा हरेक नेपालीलाई समान अवसर प्राप्त हुने अवस्था पनि सिर्जना गरेको छ ।

राजनीतिक रूपमा यति ठूलो परिवर्तन हुँदा पनि आर्थिक तहमा भने नेपालमा खासै परिवर्तन आउन सकेको छैन । हुनतः राजनीतिक परिवर्तनजस्तो आर्थिक परिवर्तन एक रातमा हुनसक्ने कुरा होइन तर नीति, सोचाइ र परिकल्पनाहरूमा कुनै परिवर्तन नै हुन सक्तैन भन्ने पनि होइन । अर्थमन्त्री रामशरण महतद्वारा संसद्मा प्रस्तुत अर्थतन्त्रको वर्तमान अवस्थासम्बन्धी स्वेतपत्रमा यससम्बन्धमा कुनै झलक आउनुपर्थ्यो । यो स्वेतपत्रले राजाको निरङ्कुश शासनकालका निरङ्कुश आर्थिक क्रियाकलापको विरोध त गऱ्यो तर प्रजातन्त्रपछिको शासनकालमा भएगरेका कतिपय गलत आर्थिक क्रियाकलाप र नीतिको पनि समर्थन गर्न पुग्यो । राजनीतिक वृत्तमा जसरी हिजो भएका कमजोरीहरूलाई अप्रत्यक्ष रूपमा नै भए पनि स्वीकारी भावी दिनमा नयाँ हिसाबले चल्ने बाचा गरिएको छ, आर्थिक रूपमा त्यस्तो हुन सकेन । यसले न्यूनतम रूपमा देशको तत्कालीन अवस्था, मूलभूत समस्याहरू र भावी बाटोका सम्बन्धमा नीतिगत निर्णयहरू ल्याउनु पर्दथ्यो । सात पार्टीको समर्थनको सरकार भएकाले अहिले आएका नीतिलाई साझा नीति भन्न सकिन्थ्यो र यसले भावी दिनको आर्थिक बाटोलाई पनि सहज बनाउँथ्यो । दुर्भाग्य, यसो हुन सकेन । यसलाई वर्तमान सरकारको कमजोरीका रूपमा नै लिनु पर्दछ । सरकार र खासगरी अर्थमन्त्री यो सुनौलो अवसरबाट वञ्चित भएका छन् । यस लेखमा छोटो रूपमा यिनै तीन कुराहरू (देशको वर्तमान आर्थिक अवस्था/समस्याहरू, अर्थतन्त्र कमजोर हुनुका मूल कारणहरू र देशले लिनुपर्ने भावी बाटो) का बारेमा चर्चा गर्ने कोसिस गरिएको छ ।

**नेपाली अर्थतन्त्रको वर्तमान अवस्था/समस्याहरू**

१. नेपाल अहिले संसारका गरिबतम देशहरूको पङ्क्तिमा रहेको छ । भर्खर मात्र प्रकाशित तथ्याङ्कअनुसार नेपालको प्रतिव्यक्ति आम्दानी तीन सय डलर छ भने त्यो पनि मूलरूपमा धनी वर्गको हातमा केन्द्रित छ । दिनमा एक डलर (करिब ७० रुपियाँ) भन्दा कम आम्दानी गर्नेहरूको सङ्ख्या देशमा २४ प्रतिशत छ । देशका ७८ प्रतिशत मानिसहरू संलग्न कृषिक्षेत्र अत्यन्त पिछडिएको अवस्थामा छ, जसले गार्हस्थ्य उत्पादनको ३८ प्रतिशत मात्र योगदान गर्दछ । अर्थतन्त्रको मेरुदण्ड हुनुपर्ने उत्पादन क्षेत्रले पनि करिब सात प्रतिशत मात्र योगदान गर्दछ । देशको राजस्व सङ्कलन कुल गार्हस्थ्य उत्पादनको करिब १२.५ प्रतिशत मात्र छ र यो पनि मूलतः अप्रत्यक्ष करमा आधारित छ । विकसित देशहरूमा राजस्व सङ्कलन कुल गार्हस्थ्य उत्पादनको ५० प्रतिशतसम्म हुने गर्दछ । बचत अत्यन्त न्यून छ, त्यसैले लगानी पनि न्यून छ । नेपालमा गरिबीको स्थिति पनि भयावह देखिन्छ । अहिले कुल नेपालीमध्ये ३१ प्रतिशतले आवश्यक खाना नपाएको, ४१ प्रतिशतले उपयुक्त बसोवास नपाएको, ३६ प्रतिशतले न्यूनतम रूपको लत्ताकपडा नपाएको, २८ प्रतिशतले न्यूनतम स्वास्थ्य उपचार नपाएको, २१ प्रतिशतले विद्यालयको मुख नै देख्न नपाएको, कुल जनसङ्ख्याको करिब ५० प्रतिशत मात्र साक्षर भएको र त्यसमा पनि महिलाहरूको प्रतिशत ३१ प्रतिशत मात्र रहेको, ६० प्रतिशत बालबालिकाले मात्र आवश्यकताअनुसारको खोप प्राप्त गरेको, बिजुली ३७ प्रतिशत नेपालीले मात्र उपभोग गर्न पाएको, पाइपबाट आएको पानी ४४ प्रतिशतले मात्र उपभोग गर्न पाएको र ३९ प्रतिशतले मात्र आधुनिक ट्वाइलेट उपभोग गर्न पाएको स्थिति छ । छिमेकी देशहरूका तुलनामा पनि नेपालको मानव विकास सूचकांक, औसत आयू, साक्षरता, विद्यालय भर्ना प्रतिशत, कुल गार्हस्थ्य उत्पादन, मानव विकाससम्बन्धी विभिन्न सूचीहरू आदिका आधारमा हेर्दा नेपालको स्थिति अत्यन्त धेरै जनसङ्ख्या रहेको र प्राकृतिक विपत्तिबाट दुःख पाइरहने बङ्गलादेशकै हाराहारीमा छ । भुटानले पनि हामीलाई उछिनिसकेको छ ।

वर्तमान विश्वमा व्यापारलाई अर्थतन्त्र सुधार्ने मूल आधारका रूपमा लिइन्छ । देश विश्व व्यापार सङ्गठनमा गइसकेको र आयातलाई खुला गरिसकेको अवस्थामा नेपालले पनि त्यसमा विशेष रूपले ध्यान दिनुपर्नेछ । तर, नेपालको विदेशी व्यापार उत्साहप्रद छैन । ०४६ सालसम्मको अन्तरमुखी अर्थव्यवस्थाका कारणले व्यापार पनि धेरै मात्रामा आयातमुखी रहँदै आएको छ । व्यापार सन्तुलन घाटामा रहँदै आएको छ । निर्यातभन्दा आयातको वृद्धिदर बढिरहेका कारण यस्तो घाटा झन्झन् बढ्दै गएको छ । आयातको झन्डै ४० प्रतिशत मात्र निर्यात हुने गरेको छ । व्यापार पूर्णरूपमा भारत आधारित छ । कुल आयात-निर्यातको झन्डै ७० प्रतिशत भाग भारतसँग मात्र हुने गरेको छ । भारतसँगको निर्भरता क्रमशः बढ्दैछ । भारतबाट हुने औपचारिक आयातको झन्डै आधा हिस्सा त चोरीबाट नै हुने गर्दछ । नेपालको चीनसँगको व्यापारमा पनि ठूलो घाटा रहेको छ । चीनतिर कूल आयात करिब १० अर्ब रुपियाँ भएकोमा निर्यात त्यसको २५ प्रतिशत पनि छैन ।

२. नेपालमा विगत २५ वर्षको इतिहास हेर्दा मूल्यवृद्धि अत्यन्त चर्को रहेको छ । वार्षिक झन्डै नौ प्रतिशतको हाराहारीमा मूल्यवृद्धि रहेको छ । यो मूल्यवृद्धि पनि स्वतन्त्र नभएर भारतको मूल्यवृद्धिसँग गाँसिएको छ । विगत केही वर्षमा मूल्य केही मात्रामा नियन्त्रित देखिएकोमा यस वर्ष फेरि आकाशिएर झन्डै आठ प्रतिशतमा पुग्ने देखिएको छ । मूल्यवृद्धिले गर्दा सामान्य जनताको जीवनस्तर अत्यन्त कष्टप्रद हुन पुगेको छ ।

३. नेपालको राजस्व सङ्कलन दर अन्य देशहरूको तुलनामा अत्यन्त कम छ । कर चुहावट अत्यन्त धेरै भएकाले यसो भएको हो । ०४६ सालमा प्रजातन्त्र प्राप्तिपछि राजस्व वृद्धिदर झन्डै १३/१४ प्रतिशतको हाराहारीमा रहेकोमा अहिले त्यो

ऋणात्मक हुन पुगेको छ । यस वर्ष मात्र अनुमानित बजेटमा झन्डै पाँच अर्बभन्दा बढी न्यूनता आउने करिब निश्चित नै छ । यसले देशको अर्थतन्त्रमा तत्काल सङ्कट निम्त्याउने सम्भावना रहेको छ ।

४. कुनै पनि देशको आर्थिक अवस्था कुन दिशातिर जाँदैछ भन्ने कुरा त्यसमा आउने निजी क्षेत्रको लगानीले निर्धारण गर्दछ । यस्तो लगानीले नै आर्थिक मन्दीलाई चिर्न सक्तछ । चीन, भारत आदि देश अहिले निजी लगानी वृद्धिको कारणले नै आर्थिक रूपले समृद्ध हुँदै गएका हुन् । नेपालमा पनि प्रजातन्त्र प्राप्तिपछि निजी लगानीको वातावरण केही मात्रामा सुधिए तापनि अहिले पुनः त्यो अत्यन्त निराशाजनक अवस्थामा पुगेको छ । देशमा रहेको अस्थिरताको कारणले त्यसो हुन गएको हो । लगानी कम भएका कारणले नै देशमा बेरोजगारी अत्यन्त चर्को स्थितिमा रहेको छ । हिसाब नै गर्ने हो भने चीनमा वार्षिक ५० अर्ब डलर, भारतमा तीन अर्ब डलर, पाकिस्तानमा ८० करोड डलर, श्रीलङ्कामा २४ करोड डलर वार्षिक लगानी हुन्छ भने नेपालमा एक करोड डलर मात्र वार्षिक विदेशी लगानी हुने गरेको छ ।

५. देशमा अहिले साधारण खर्च बढ्दै गएको देखिन्छ भने विकास खर्च कम हुँदै गएको छ । विकास खर्च कम हुँदै जाँदा देशमा सरकारी लगानी कम हुँदै जाने भएकाले यसले दीर्घकालसम्म असर पार्ने देखिन्छ । साधारण खर्च र विकास खर्चको अनुपात पहिले एकतिहाई र दुईतिहाई हुने गरेकोमा अहिले त्यो उल्टिएको छ । अहिले कूल खर्चको साधारण खर्च दुईतिहाई भएको छ भने विकास खर्च एकतिहाई मात्र देखिन्छ । सामान्यतया साधारण खर्च बढिसकेपछि घट्न नमान्ने भएकाले यसले भावी दिनहरूमा पनि असर पार्ने देखिन्छ । साधारण खर्चमध्ये पनि सेना र प्रहरीमा जाने खर्च अत्यधिक रूपमा बढेको छ । केही वर्षअघिसम्म कुल साधारण खर्चको नौ प्रतिशतमा रहेको सुरक्षा खर्च अहिले दोब्बर भई १८ प्रतिशतको हाराहारीमा पुगेको छ । सेनामा बढेको खर्च दीर्घकालीन खालको हुने भएको र यसले पारिश्रमिक, पेन्सन, उपदान आदिमा पनि असर पार्ने भएकाले यसको असर पचासौं वर्षसम्म पनि पर्न सक्छ ।

६. साधारण खर्चमध्ये पनि पेन्सन, उपदान आदि भुक्तानीले मूल ठाउँ लिनु नेपालको अर्थतन्त्रको अहिलेको विशेषता हो । अहिले नै पेन्सन र उपदानमा मात्र करिब चार अर्ब रुपियाँ जाने गरेको छ भने बढ्दो औसत आयु, द्वन्द्व आदिको कारणले थपिएको सैनिक र प्रहरी आदिको भारसमेत थपिँदा भावी दिनमा यो अत्यन्त चर्को हुनेछ । माओवादी सेनासमेतलाई नेपाल सेनामा समाहित गरिसकेपछिको यसको भार थामिनसक्नु हुने निश्चित छ । विदेशी र आन्तरिक ऋणको साँवा-ब्याजको भार क्रमशः बढ्दै गएको छ । यसको मात्रा चालू खर्च बजेटको झन्डै ३१ प्रतिशत रहेको छ । लडाइँमा रहेको देशको सामान्य विशेषता नै ऋण थपिँदै जानु भएकाले भावी दिनमा यसको भार अझ गह्रुँगो हुन पुग्ने देखिन्छ । थपिँदै गएको ऋणले परनिर्भरता पनि बढाउँदै लगेको छ । निकट भविष्यमा नेपाल ऋणको खोरमा पर्ने स्थिति देखिँदैछ ।

७. जनतालाई पुँजीवादी शोषणबाट मुक्ति दिलाई अत्यावश्यक सेवा सजिलोसँग उपलब्ध गराउन र देशलाई औद्यौगिकीकरणको यात्रामा अघि बढाउन स्थापना भएका संस्थानहरू अहिले अधिकांश घाटामा छन् । कुल ३८ मध्ये २३ वटा संस्थानहरू घाटामा रहेकाले एकातिर त्यहाँबाट सरकारलाई आउनुपर्ने ब्याज, लाभांश आदि रकम आइरहेको छैन भने अर्कोतर्फ जनताको करबाट आएको राजस्व रकम पनि यिनीहरूकै भरणपोषणका लागि खर्च भइरहेको छ ।

८. नेपालको कुल बजेटको झन्डै २५ प्रतिशत विदेशी योगदानमा निर्भर रहने गरेको छ । तर, नेपाली अर्थव्यवस्थाको अर्को समस्या दाता आधारित विदेशी सहयोग पनि हुने गरेको छ । देशको आर्थिक नीति र सहयोग नेपालीले नेपालमा होइन, विदशीले विदेशमा बनाउने गर्दछन् । एकातिर देशको आन्तरिक आर्थिक अवस्था अत्यन्त कमजोर रहेकाले विदेशी सहयोग लिनुपरेको छ भने अर्कोतर्फ नेपालको आन्तरिक मामिलामा विदेशीहरूको हस्तक्षेप त्यति नै बढ्दै गएको छ । नेपालको आर्थिक गुरुयोजनाको सम्बन्धमा सरकार आफैँले न कुनै अनुसन्धानहरू गराएको छ, न त कुनै ढाँचा निर्धारण नै । दाताहरूले अनुसन्धान गरी गुरुयोजनादेखि परियोजनासम्मको डिजाइन गर्ने र त्यसको ढाँचाहरू तयार गर्ने गर्दछन् । यसरी दाता आधारित परियोजनाहरू सञ्चालन भएकाले न नेपालमा स्वतन्त्र आर्थिक विश्लेषकहरू उत्पादन हुन सकेका छन्, न त नेपालीको आवश्यकताअनुसारको लगानी नै । विदेशीले परियोजना बनाउने, विदेशीले नै विज्ञका रूपमा काम गर्ने र विदेशी सामान नै प्रयोग हुने भएकाले एकातिर अधिकांश रकमहरू विदेश फर्कन्छन् भने अर्कोतर्फ आवश्यकताअनुसारको परियोजनामा नभई अनावश्यक ठाउँमा लगानी हुन पुग्दछ । यस्तो खालको विदेशी सहयोग पनि प्रतिगामी सरकारको आगमनपछि स्वाट्टै घटेको छ ।

९. नेपाली अर्थतन्त्रको अर्को समस्या भ्रष्टाचारको रहेको छ । चाहे सरकारी क्षेत्र होस् वा व्यावसायिक क्षेत्र, द्वन्द्वका कारणले देशमा भ्रष्टाचार बढाएको छ । सरकारी क्षेत्रमा हेर्ने हो भने सुरक्षाका नाममा हुने अपारदर्शी खर्च बढेको छ । भर्खरै *हिमाल* खबर पत्रिकाले प्रकाशित गरेअनुसार देशमा विगत केही वर्षमा ५० अर्ब रुपियाँभन्दा बढी रकम अपारदर्शी हिसाबले खर्च भएको छ । भ्रष्टाचार बढ्नु भनेको यो वा त्यो कारणले संस्थागत प्रणालीलाई कमजोर पार्नु भएकाले यसले समग्र अर्थव्यवस्थालाई नै पनि असर गरेको छ । सरकारी स्वेतपत्रले दिएअनुसार गैरबजेट निकासा मात्र एक अर्ब ३३ करोड रुपियाँ भएको देखिन्छ । निजी क्षेत्र झन् भ्रष्ट रहेको छ । चाकरी गर्ने र त्यसका आधारमा मुनाफा आर्जन गर्ने, सर्वसाधारणलाई ठगेर धनी बन्ने आदि विषय नेपालको निजी क्षेत्रका लागि सामान्य छ । त्यस क्षेत्रले प्रतिगमनलाई गरेको सहयोगले पनि यही देखाउँछ ।

**अर्थतन्त्र कमजोर हुनाका मूल कारणहरू**

१. माथिको छलफलबाट के देखिन्छ भने नेपाल अहिले चरम आर्थिक सङ्कटमा छ । देशको सामान्य दैनिक खर्च धान्न पनि नपुग्ने राजस्व आउने स्थिति रहेको छ । यसरी नेपाल तन्नम हुनुमा मूलरूपमा देशमा रहेको सामन्तवादी व्यवस्था जिम्मेवार रहेको छ । जबसम्म सामन्तवाद रहन्छ, तबसम्म स्वतन्त्र पुँजीको विकास नहुने बरु यसको ठाउँमा राज्यको संरक्षणमा श्रम नगरी जनतालाई शोषण गरेर विलासीपूर्ण जिन्दगी बिताउनेहरूको हातमा उत्पादनका साधनहरू केन्द्रित रहने भएकाले पुँजीले स्वतन्त्र रूपमा काम गर्न पाउँदैन । यति मात्र नभई स्वतन्त्र पुँजीलाई पनि दलाल पुँजीमा परिणत नगरी काम

गर्न नदिने यसको प्रवृत्तिले गर्दा देशको विकास हुन नसकेको हो । राज्यका सामन्तहरूको हातमा धन केन्द्रित हुँदै जाने, उनीहरूले राज्यलाई कर पनि तिर्नु नपर्ने र उनीहरूको नियन्त्रणमा देशको अर्थव्यवस्था रहने भएकाले यसो भएको हो । प्रतिगमनपछिका वर्षहरूमा देशको अर्थव्यवस्था झन् ओरालो लाग्नुले यही कुरा प्रमाणित गर्दछ । सामन्तवादलाई राजधानी र गाउँहरूमा पनि समाप्त गर्नका लागि सहरमा भूमिसुधारको पनि त्यति नै आवश्यकता छ ।

२. देशको अर्थव्यवस्थालाई यो ठाउँसम्म ल्याउन जिम्मेवार अर्को पक्ष माओवादी द्वन्द्व पनि हो । माओवादीहरूको भौतिक पूर्वाधार नष्ट गर्ने काम, स्वतन्त्र व्यवसायीहरूलाई चन्दामार्फत आतङ्कित बनाउने काम, उनीहरूले भन्दै आएको चर्को कर व्यवस्था, आफ्ना विरोधीहरूलाई गाउँबाट लखेट्ने काम आदिले लगानीमा नैराश्य आएको र भएका उद्योगहरू पनि बन्द गर्नुपर्ने स्थिति आएको छ ।

द्वन्द्वले प्रत्यक्ष रूपमा विदेशी ऋण बढाउँछ भने अप्रत्यक्ष रूपमा स्वदेशी र विदेशी पुँजीलाई देशबाहिर लैजाने, नयाँ विदेशी लगानीमा असर पार्ने, दक्ष कामदार विदेशिने, पर्यटनबाट आउने आय घट्ने, निर्यात घट्ने, आयात घट्ने, विदेशी सहयोग घट्ने, मानवीय सहयोग घट्ने आदि अवस्था ल्याउँछ । द्वन्द्वले राष्ट्रिय अर्थतन्त्रको हिसाबमा प्रत्यक्ष रूपमा उत्पादन क्षमता, पूर्वाधार, कारखाना, यन्त्र उपकरण, सवारी साधन आदिको नास, कामदारहरूको मृत्यु र अङ्गभङ्ग, बढ्दो सुरक्षा खर्च, शरणार्थी हेरचाह खर्च, बारुदी सुरुङ खर्च आदि र अप्रत्यक्ष रूपमा उत्पादनको काममा कमी, विद्रोही र सरकारी पक्षबाट कर वृद्धिले लगानीमा असर, मानव संसाधनको विकासमा न्यूनता, लडाइँमा जानेहरू शिक्षित हुने अवसरबाट वञ्चित हुने स्थिति, उत्पादनको काममा छिटो नाफा गर्ने र दीर्घकालीन लगानी गर्ने प्रवृत्तिमा बढावा आदिको स्थिति आउँछ । घरायसी तहमा मृत्यु, अङ्गभङ्ग, बिरामी र अप्रत्यक्ष हिसाबमा खाद्य सुरक्षा, मुद्रास्फीति, बसाइँसराइ, विस्थापन आदिको पनि स्थिति आउँछ । अध्ययनबाट द्वन्द्वको कारणले निकारागुआमा अधिकतम ९० प्रतिशत, युगान्डामा ११.३ प्रतिशत श्रीलङ्कामा दुई दशमलव दुई प्रतिशतदेखि १५.८ प्रतिशतसम्म आर्थिक वृद्धिदर घटेको पाइएको छ । एक जना अर्थशास्त्रीले एक वर्षको गृहयुद्धले गृहयुद्ध समाप्त भइसकेपछि पनि हरेक वर्ष दुई दशमलव एक प्रतिशतले पाँच वर्षसम्म आर्थिक वृद्धिदर घटाउने र यसको मूल कारण घटाउन नमिल्ने सैनिक खर्च हुने कुरा देखाएबाट हामीकहाँ द्वन्द्वको दीर्घकालीन असर हुने देखिन्छ ।

द्वन्द्वको कारणले भौतिक पूर्वाधारमा भएको नोक्सानी मात्रको हिसाबले पनि यस द्वन्द्वले आर्थिक क्षेत्रमा कति असर गरेछ भन्ने देखिन्छ । यस सम्बन्धमा राष्ट्रिय योजना आयोगले दुई सय ५० मिलियन डलरको भौतिक पूर्वाधार मात्र नोक्सान भएको कुरा गरेको छ भने डीएफआईडीले १८ अर्व रुपियाँ बराबरको नोक्सान भएको कुरा गरेको छ । त्यसैगरी, कसैले यसलाई २५ अर्ब रुपियाँ बराबरको भनी आकलन गरेका छन् । खासगरी नोक्सानीहरू बैंक तथा वित्तीय संस्थाहरू, विद्युत प्राधिकरण, नेपाल टेलिकम र स्थानीय निकायहरूसम्बन्धी रहेका छन् । स्थानीय विकास मन्त्रालयले तयार गरेको विवरणअनुसार अहिलेसम्म स्थानीय निकायको भौतिक पूर्वाधारका हिसाबमा मात्र करिब ६६ करोड रुपियाँ बराबरको नोक्सानी भएको देखिन्छ, जसमध्ये जिल्ला विकास समितिको करिब १७ करोड, गाविसको ३९ करोड र नगरपालिकाको १० करोड रहेका छन् । १९ वटा जिल्ला विकास समिति, एक हजार आठ सय ४१ गाउँ विकास समिति र ३९ वटा नगरपालिकाहरूमा यस्ता नोक्सानहरू भएको देखिन्छ । निजी क्षेत्रमा भएको अरबौं रुपियाँको पूर्वाधार नोक्सानीको हिसाब यसमा समावेश छैन । द्वन्द्वले उद्यमीहरूको मनमा सिर्जना गरेको त्रास र अस्थिरताले ल्याएको निराशाको झन् हिसाब नै हुन सक्तैन ।

३. आर्थिक स्थिति यस स्थितिमा पुग्नुको अर्को कारण विगतका सरकारले लिएको पूर्ण अनियन्त्रित आर्थिक नीति पनि हो । यस्तो नीतिले कृषिआधारित अर्थतन्त्र भएको देशको कृषिलाई नै ध्वस्त बनाएको छ । अन्तर्राष्ट्रिय संस्थाहरूद्वारा निर्देशित यस्तो नीतिले एकातिर नेपालमा धनी र गरिबबीचको खाडललाई अझ गहिऱ्याएको छ भने अर्कोतर्फ देशका उद्योगधन्दालाई धराशायी बनाएको छ । राजनीतिक पार्टीहरूको पातालतिरको प्रतिस्पर्धी दौडले जुन विकृति भित्र्यायो, त्यसले पनि स्वतन्त्र अर्थतन्त्रको विकासमा बाधा पुऱ्याएको छ ।

४. नेपाली अर्थव्यवस्थाको अर्को एउटा समस्या आर्थिक रूपमा देश पूरै एकीकरण हुन नसक्नु पनि हो । भौगोलिक रूपमा देशको एकीकरण भएको दुई सय ३७ वर्ष भए तापनि आर्थिक रूपमा अहिलेसम्म एकीकरण हुन सकेको छैन । यातायातको अभाव, भौगोलिक विकटता, न्यून आय, बैङ्किङ्ग सुविधाको अभाव र जनतामा रहेको न्यून चेतना आदिले गर्दा देशको अर्थव्यवस्था छिन्नभिन्न अवस्थामा छ । आर्थिक एकीकरण भइनसकेकाले नेपाली वस्तुले उपयुक्त हिसाबले आफ्नै आन्तरिक बजार पनि पाउन सकिरहेको छैन । यसबाहेक परम्परागत सोच, जाति, भाषा आदिमा रहेको विविधता, भूपरिवेष्ठित, भारतवेष्ठित, कमिसन अर्थतन्त्र आदि पनि नेपालको विकासका बाधक रहेका छन् ।

**भावी दिनमा केन्द्रित हुनुपर्ने ठाउँ**

केही महिनाअघि इन्स्टिच्युट अफ डेभेलपमेन्ट स्टडिजले गरेको एउटा अध्ययनले नेपालको अर्थव्यवस्था केही महिनाभित्रमा नै ढल्ने घोषणा गरेको थियो । त्यसको घोषणा केही हदमा सत्य निस्किएको छ । किनभने, यो अवधिभित्रमा देशको राजनीतिक व्यवस्थामा नै आमूल परिवर्तन आएको छ । तर, अर्थतन्त्रमा त्यसले देखाएका परिसूचकहरू जस्तो : राजस्व उठ्ती, मूल्यवृद्धि, लगानीमा कमी, शून्य करिब आर्थिक वृद्धि, बढ्दो आयातले गर्दा भारतसँगको सोधनान्तर स्थिति बिग्रने आदि जस्ताका तस्तै छन् । त्यसैले अर्थतन्त्रको मूलबाटो यिनै समस्याहरू समाधानतर्फ लाग्नु नै रहेको देखिन्छ ।

नेपालको मूल समस्या भनेको नै नेपालीहरूलाई पूर्णरूपमा आर्थिक काममा परिचालन गर्न नसक्नु हो । नेपाली समाज अहिलेसम्म चलायमान हुन सकेको छैन । कुनै पनि पदार्थ जति मात्रामा गतिशील हुन्छ, त्यसमा परिवर्तन पनि त्यति नै हुन्छ । त्यसैले नेपालको आर्थिक समृद्धिका लागि नेपाली समाजलाई पूर्ण शक्तिका साथ परिचालन हुने स्थिति निर्माण गर्नुपर्छ । अहिलेसम्म गतिशील हुन नसकेका महिला, दलित, कतिपय जनजाति, दुर्गम क्षत्र र पिछडिएका समुदायका मानिसहरूलाई पूर्णरूपमा परिचालन गरिसकेपछि मात्र नेपाली समाज पूर्णरूपमा चलायमान हुन्छ । ८५ प्रतिशत नेपाली जनता गाउँमा बस्ने भएकाले गाउँको क्रियाशीलता पनि त्यत्तिकै आवश्यक छ । यसो गर्न सरकारी क्षेत्रबाट मात्र सम्भव छैन । त्यसैले निजी क्षेत्रलाई

यसमा सहभागी बनाउनैपर्छ। तर, त्यो निजी क्षेत्र राज्यको आवश्यकतालाई बुझ्ने जिम्मेवार निजी क्षेत्र हुनुपर्दछ। यसका लागि अहिलेको केन्द्रित शासन व्यवस्थाबाट मात्र सम्भव छैन। त्यसैले विकेन्द्रित ढाँचा तयार गर्नु पनि त्यत्तिकै आवश्यक छ। विकेन्द्रित ढाँचा तयार गर्ने सन्दर्भमा सतर्कता अपनाउन सकिएन भने ताईबाट उफ्रेको माछो भुङ्ग्रोमा भनेझैँ एक किसिमको द्वन्द्वबाट उम्किने बित्तिकै अर्को द्वन्द्वमा फस्ने पनि त्यत्तिकै सम्भावना छ।

संसारका अन्य देशहरू र छिमेकी देशहरूकै तुलनामा पनि नेपालको अर्थव्यवस्था अत्यन्त कमजोर रहेको छ। यदि नेपाली अर्थतन्त्रलाई सबल बनाउँदै देशलाई आर्थिक रूपले समुन्नत बनाउने हो भने खास रूपमा केन्द्रित हुनुपर्ने मूल ठाउँहरूमा सामाजिक पूर्वाधार निर्माण (मूल रूपमा गुणस्तरयुक्त रोजगारमूलक शिक्षा र स्वास्थ्य), भौतिक पूर्वाधार निर्माण (मूल रूपमा यातायात), राजनीतिक पूर्वाधार निर्माण (मानवअधिकार, आवधिक निर्वाचन, प्रेस स्वतन्त्रता) र आर्थिक पूर्वाधार निर्माण (सामन्त वर्गलाई दिइएका विशेष सुविधा खारेजी, भूमिसुधार, लगानीको वातावरण सिर्जना, देशको प्राथमिकताअनुसारको योजना निर्माण) नै आजको मूल आवश्यकता हो। यसको माध्यमबाट नै नेपाली मात्रलाई स्वाभिमानी, चेतनायुक्त र सीपयुक्त तथा स्वस्थ मानवमा परिणत गर्न सकिन्छ। यस्तो पूर्ण मानवले मात्र नेपालको रक्षा र निर्माण गर्न सक्तछ। त्यसैले नेपालको भावी योजनाको केन्द्रविन्दु शिक्षा हुनुपर्दछ।

माथि उल्लिखित बुँदाहरू दीर्घकालीन सोचाइका कुरा भए। अर्थतन्त्रलाई ध्वस्त हुनबाट तत्काल बचाउनका लागि सरकारले तत्कालीन कामहरू गर्नुपर्ने आवश्यकता छ। यस्ता कामहरूमा राजस्व प्रशासनमा सुधार, सुशासन, निर्यात वृद्धि, सुरक्षा र दरबारका लागि हुने अनुत्पादक खर्चमा कटौती, स्थानीय तहमा जनप्रतिनिधिको व्यवस्था गरी रकम पठाउने काम, कृषकहरूलाई राहतको व्यवस्था, कमैयाहरूलाई भूमि, विदेशी सहयोग परिचालन आदि रहेका छन्। यी सबैका लागि गाउँ र गाउँलेलाई बलियो बनाउने रणनीति लिनु पर्दछ।

**नेपाल र यसका छिमेकी देशहरूको मानव विकास सूचकांक**

| देश | मानव विकास सूचकांक | औसत आयु | प्रौढ साक्षरता | विद्यालय भर्ना प्रतिशत | क्रयशक्तिको आधारमा कुल गार्हस्थ्य उत्पादन | औसत आयु सूचकांक | शिक्षा विकास सूचकांक | कुल गार्हस्थ्य उत्पादन सूचकांक | मानव विकास सम्बन्धमा विश्वमा क्र. सं. |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल | ०.५२६ | ६१.६ | ४८.६ | ६१ | १४२० | ०.६१ | ०.५३ | ०.४४ | १३६ |
| भारत | ०६०२ | ६३.३ | ६१ | ६० | २८९२ | ०.६४ | ०.६१ | ०.५६ | १२७ |
| बङ्गलादेश | ०.५२० | ६२.८ | ४१.१ | ५३ | १७७० | ०.६३ | ०.४५ | ०.४८ | १३९ |
| श्रीलङ्का | ०.७५१ | ७४ | ९०.४ | ६९ | ३७७८ | ०.८२ | ०.८३ | ०.६१ | ९३ |
| पाकिस्तान | ०.५२७ | ६३ | ४८.७ | ३५ | २०९७ | ०.६३ | ०.४४ | ०.५१ | १३५ |
| भुटान | ०.५३६ | ६२.९ | ४७.० | – | १९६९ | ०.६३ | ०.४८ | ०.५० | १३४ |
| माल्दिभ्स | ०.७४५ | ६६.६ | ९७.२ | ७५ | – | ०.६९ | ०.९० | ०.६५ | ९६ |
| चीन | ०.७५५ | ७१.६ | ९०.९ | ६९ | ५००३ | ०.७८ | ०.८४ | ०.६५ | ८५ |

**श्रोत :** *मानव विकास प्रतिवेदन २००५*, यूएनडीपी, न्युयोर्क।

■

# सगरमाथाको चुचुरोमा रातो झन्डा

## सूर्य थापा

सगरमाथाको शिखरमा विश्वभरिका श्रमिक जनताको आस्था र विश्वासको प्रतीक हँसिया-हथौडा' अङ्कित झन्डा फहराएको छ।

ताप्लेजुङवासी नेकपा (एमाले) का एक कार्यकर्ताले यस्तो कीर्तिमान कायम गरेका हुन्। लालझन्डासहित सगरमाथा आरोहीको नाम हो- 'नाम्ग्या शेर्पा'। विश्वको सर्वोच्च शिखर सगरमाथामा थरीथरीका कीर्तिमान राख्ने प्रतिस्पर्धा चलिरहेको छ। सन् १९५३ को मे २९ तारिखका दिन तेन्जिङ्ग शेर्पा र सर एडमन्ड हिलारीले चुचुरोमा पहिलोपटक पाइला टेकेपश्चात् आरोहणको क्रम थालनी भएको थियो। उहिले सगरमाथा चढ्नु ज्यादै कठिनतम् काम मानिन्थ्यो, अहिले जोखिमपूर्ण भए तापनि रोचक प्रतिस्पर्धायुक्त बनेको छ।

२०५० सालसम्म नेपाली महिलाले सगरमाथाको चुचुरोमा टेकेका थिएनन्। पासाङ ल्हामु शेर्पाले त्यसको पहिलो कीर्तिमान कायम गरिन्। अब त सगरमाथाको चुचुरोमा बच्चा जन्माउने कीर्तिमान मात्रै बाँकी रहेको हो कि ? केही वर्षअघि पेमदोर्जी शेर्पा र मोनी मुलेपति चुचुरोमै विवाहबन्धनमा बाँधिएपश्चात् यस्तो प्रश्न उठ्ने गरेको छ।

सबभन्दा कम समयमा सगरमाथाको चुचुरो चुम्ने प्रतिस्पर्धामा एकपछि अर्को गरी कीर्तिमान कायम भइसकेका छन् । झन्डै डेढ दर्जनपटक सगरमाथा चढ्ने आप्पा शेर्पाको कीर्तिमानले सबभन्दा धेरैचोटि चुचुरोमा पुग्ने आरोही बनाएको छ-उनलाई ।

ताप्लेजुङको लेलेप-८ का ३५ वर्षीय नाम्म्या शेर्पाले गएको जेठ ३ गते फहराएको कम्युनिस्ट पार्टीको झन्डा नै सगरमाथाको चुचुरोमा गाडिएको पहिलो राजनीतिक झन्डा बन्न पुगेको छ । मैले सगरमाथामा फहराएको पार्टीको त्यही झन्डा त्रिभुवन विमानस्थलमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रदीप ज्ञवालीलाई दिएँ र उहाँले सोही झन्डा फहराउँदै मलाई स्वागत गर्नुभयो' नाम्म्याले भने ।

उनका अनुसार, प्रतिस्पर्धाको यस युगमा सगरमाथामा नयाँ-नयाँ कीर्तिमानको प्रयास गरिनु स्वाभाविक हो । नाम्म्याले आइसल्यान्ड ट्रेक्सको व्यवस्थापनमा 'कोब्लर एन्ड पार्टनर एभरेस्ट एक्सपिडिसन' को उच्च हिमाली कामदारका रूपमा स्वीस पर्वतारोहण टोलीका साथ यो चौथोपटक सफल आरोहण गरेको बताउँछन् । उनलाई चुचुरोमा फहराउने कम्युनिस्ट झन्डा नेकपा (एमाले) ताप्लेजुङ-काठमाडौं सम्पर्क मञ्चका अध्यक्ष दङ्गध्वज खोयाहाङ्ग र सचिव पासाङ शेर्पाले ०६२ चैत १५ गते एक औपचारिक कार्यक्रम गरी हस्तान्तरण गरेको बताएका छन् । नाम्म्या स्वयम् पनि ताप्लेजुङ-काठमाडौं सम्पर्क मञ्चका साधारण सदस्य हुन् । प्रस्तुत छ, तिनै सफल आरोही नाम्म्या शेर्पासँगको संक्षिप्त संवाद :

o *सगरमाथाको चुचुरोमा कतिपटक टेक्नुभयो ?*

- चारपटक चढिसकें ।

o *यसपालि कुन टोलीसँग आरोहणमा जानुभएको थियो ?*

- स्वीस टिम हो । अप्रिल ४ मा लुक्लातर्फ लाग्यौं- सात जना विदेशी र हामी सात शेर्पाहरू ।

o *फेरि नयाँ रेकर्ड राख्न जानुभएको हो त ?*

- मैले पार्टीको हँसिया-हथौडाअङ्कित झन्डा साथ लगेको थिएँ । चुचुरोमा पुग्नासाथ फहराएँ । संसारको सबभन्दा अग्लो स्थानमा श्रमजीवी जनताको प्रतीक झन्डा फहराउनु एउटा रेकर्ड नै भयो भनौं ।

o *आरोहण अनुमति लिने क्रममा झन्डा फहराउने जानकारी गराउनुभएको थियो त ?*

- त्योचाहिँ थिएन । तर, फहराएको त सत्य हो- तस्बिर स्वयम् बोल्छ । पहिले नै जानकारी गराएको भए राम्रो हुन्थ्यो । तर, पर्वतारोहण क्षेत्रमा लाग्नेहरूले राजनीति त्यति मन पराउँदैनन् । तिनीहरू यतिखेर झन्डा फहराउने भन्दा विरोध जनाउलान् भनेर गोप्यता कायम गरेको हो ।

o *झन्डा कसले दिएको थियो ?*

- म आफू पनि ताप्लेजुङ-काठमाडौं सम्पर्क मञ्चको सदस्य छु । मलाई पार्टीको झन्डा मञ्चका अध्यक्ष दङ्गध्वज खोयाहाङ, सचिव पासाङ शेर्पालगायतले ०६२ चैत १५ गते सानो औपचारिक कार्यक्रम आयोजना गरेर दिनुभएको थियो । उहाँहरूले मलाई सफल आरोहणको शुभकामनासमेत दिनुभएको थियो । काठमाडौंमा आइपुगेर त्यो झन्डा उहाँहरूलाई नै दिएँ । पर्यटनमन्त्रीले एयरपोर्टमा त्यही झन्डा फहराएर स्वागत गर्नुभयो ।

o *पार्टीको झन्डा लैजान र फहराउन किन प्रेरित हुनुभयो त ?*

- पार्टीको नीति, सिद्धान्तप्रति निष्ठावान् समर्थक रहेको हुनाले म स्वयम् प्रेरित भएँ । ०६० सालमा सगरमाथा आरोहण गर्दा मेची अञ्चलकै म पहिलो सफल आरोही भएको थिएँ । त्यतिखेर सम्पर्क मञ्चका अध्यक्षले प्रचार-प्रसार र सम्मानका निम्ति विशेष सक्रियता देखाउनुभएको थियो । यसपालि नयाँ रेकर्ड पनि होस् भन्ने हिसाबले लागेँ ।

o *अझै कति चढ्नुहुन्छ- सगरमाथा ?*

- हेरौं, परिस्थिति कस्तो हुन्छ ? देशमा शान्तिसुरक्षा कायम भयो भने पर्यटकहरू आउने क्रम बढ्छ । पर्यटकहरू आरोहणमा आउँदा हामी पनि चढ्न पाउने हो । त्यसैले यो कुरा शान्ति-सुरक्षा र विदेशी आरोहीहरूमा निर्भर हुन्छ ।

o *छोटो उमेरमै सगरमाथामा पटकपटक चढिसक्नुभयो, अरू हिमाल पनि चढ्नुभएको छ ?*

- म ३५ वर्षको भएँ । चोयू, धौलागिरि, पाकिस्तानको मुस्तागाता आदि आठ हजार मिटरभन्दा अग्ला चुचुरोमा पुगिसकेको छु । छ हजार पाँच सय मिटरसम्मका आठ/नौवटा चढिसकें ।

o *किन हिमाल चढ्नुहुन्छ- तपाईं ?*

- मुख्यतः यो हाम्रो पेसा नै हो । जीविकाका लागि शेर्पाहरू हिमाल चढ्छन्, म पनि जीविका चलाउन नै चढिरहेको छु ।

o *एकपटक आरोहणमा जाँदा कति कमाउनुहुन्छ ?*

- दुई/तीन लाख रुपियाँसम्म हुन्छ ।

o *आरोहण नजाँदा के गरेर दिन बिताउनुहुन्छ ?*

- घुमफिर गर्छु ।

o *हिमाल चढ्न साह्रै गाह्रो छ, हगि ?*

- हो । ज्यादै जोखिमपूर्ण हुन्छ ।

o *भविष्यको योजना के छ ?*

- पर्वतारोहण पेसालाई नै अगाडि बढाउने सोचाइमा छु । हिमाल चढ्ने नै हो ।

o *तपाईंका मनपर्ने आरोहीहरू को को हुन् ?*

- बाबुछिरी शेर्पा, लोप्साङ जाङ्बु आदि, जसको मृत्यु भइसक्यो । आप्पा शेर्पा पनि मनपर्ने दाइ हो ।

*० सगरमाथामा अनेकथरी कीर्तिमान राख्ने होडबाजी तपाईंलाई कस्तो लाग्छ ?*

- प्रतिस्पर्धाको युगमा यो स्वाभाविकै हो । कीर्तिमान राख्ने इच्छा सबैलाई हुन्छ ।

▪

# लाल सलाम, भारतीय कमरेड !

**' अग्निशिखा**

'भारत छोड आन्दोलन (सन् १९४२) को केही समयअघि मात्र ब्रिटिस शासकहरूले कम्युनिस्ट पार्टीमाथिको प्रतिबन्ध हटाएका थिए । त्यसपछि हाम्रा पार्टी कार्यालयमा आक्रमण गरियो र कमरेडहरूमाथि निर्दयतापूर्वक कुटपिट गरियो । सबैतिरबाट हामीले हिंसात्मक विरोधको सामना गर्नुपर्‍यो ।' पश्चिम बङ्गालमा पाँच पदावधिसम्म वाममोर्चाको सरकारको नेतृत्व गरेका पूर्वमुख्यमन्त्री ज्योति बसुले आफ्नो संस्मरणमा लेखका छन् ।

बङ्गालका कम्युनिस्टहरूले ब्रिटिस शासनदेखि नेहरू-इन्दिरासम्मका शासनका प्रतिबन्ध, दमन, हत्या र राजनीतिक षड्यन्त्रका कैयन् शृङ्खला पार गरेका छन् । तिनका लागि विजय आकाशबाट झरेको थिएन, पातालबाट पनि उम्रेको थिएन । बङ्गालका ती कम्युनिस्ट आजका अभिमन्यू थिए, जसलाई चक्रव्युहमा फसेर मारिनु स्वीकार्य थिएन । जसले अनेक रूपका चक्रव्युहहरूलाई बहादुरीका साथ तोडेका थिए । र, विजयको बिहानीलाई पश्चिम बङ्गालमा भित्र्याएका थिए । विजयको सातौँ बिहानी त्यहाँ गत महिना झुल्किएको छ ।

अर्थात्, पश्चिम बङ्गालको चौधौँ विधानसभाको निर्वाचनमा वाममोर्चाले सानदार विजय हासिल गरेको छ । सातौँपटक राज्य सरकार गठन गरेको छ । बुद्धदेव भट्टाचार्य फेरि मुख्यमन्त्री बनेका छन् । त्यहाँ वाममोर्चाको लगातार सातपटकसम्मको विजयले संयुक्त प्रगतिशील गठबन्धनको केन्द्रीय सरकारमा समेत कम्युनिस्टहरूको हैसियत अरू उठेको छ, राजनीतिक धाक अरू जमेको छ ।

सन् १९७७ मा वाममोर्चाले पहिलोपटक पश्चिम बङ्गालको विधानसभाको निर्वाचनमा विजय हासिल गरेको थियो । मुख्यमन्त्रीका रूपमा ज्योति बसुले २१ जून १९७७ मा शपथ लिएका थिए । वाममोर्चाका संस्थापक अध्यक्ष प्रमोद दाशगुप्तले वाममोर्चालाई प्राप्त ऐतिहासिक जनादेशको सन्दर्भमा एक अपिलमार्फत भनेका थिए- 'राइटर्स विल्डिङ्ग (राज्य सरकारको प्रशासनिक भवन) बाट शासन चलाइने छैन । जनताको प्रत्यक्ष र परोक्ष सहयोगबाटै प्रशासन चलाउनुपर्नेछ । यो जनताको सरकार हो ।'

यसपटकको निर्वाचनमा पनि ९२ वर्षका शीर्षस्थ कम्युनिस्ट नेता ज्योति बसु प्रचार अभियानमा जुटेका थिए । यस जितको सन्दर्भमा जनतालाई अभिनन्दन गर्दै उनले भनेका छन्- 'यस राज्यका जनताले फेरि एकपटक आफ्नो चेतनाको परिचय दिएका छन्, विधानसभाको निर्वाचनमा लगातार सातपटक वाममोर्चालाई समर्थन दिएर संसदीय जनतन्त्रको इतिहासमा एउटा नजीर स्थापित गरेका छन् । वाममोर्चाले जितिरहनुको सन्दर्भमा उनले भनेका छन्-'जब म मुख्यमन्त्री थिएँ, देशभित्र र बाहिर पनि मलाई सोध्ने गरिन्थ्यो- तपाईंहरू बारम्बार चुनाव जित्नुहुन्छ, यसको रहस्य के हो ? म उनीहरूलाई जवाफ दिन्थेँ- हामी आमजनतालाई झूटो आश्वासन दिँदैनौँ । जे भन्छौँ त्यो काम गर्ने प्रयास गर्छौं । जुन काम गर्न सक्दैनौँ, त्यो कुरा पनि जनतालाई भन्छौँ । जनताबाट हामी केही कुरा लुकाउँदैनौँ । यसरी, हामीले जनताको आस्था कमाएका छौँ ।' तर पनि उनले सम्पूर्ण भारतीय स्तरमा वामपन्थीहरूको शक्ति अहिले पनि कमजोर रहेको तथ्य स्वीकारेका छन् ।

दुई सय ९४ सिट रहेको विधानसभाको निर्वाचनमा वाममोर्चाले दुई सय ३५ सिटका साथ तीनचौथाई सिटमा विजय हासिल गरेको छ । प्राप्त मत प्रतिशत ५०.२३ रहेको छ । यसअघि, १९८२ र १९८७ को विधाानसभा चुनावमा पनि वाममोर्चाले ५० प्रतिशतभन्दा बढी मत प्राप्त गरेको थियो । भारतमा आजसम्मको चुनावमा अन्य कसैलाई पनि यो प्रतिशत हासिल भएको छैन ।

पश्चिम बङ्गालमा वाममोर्चाप्रति जनतामा रहेको यस्तो अपार विश्वासको कारण के हो ? सरला माहेश्वरी लेख्छिन्- 'सत्ताको विकेन्द्रीकरणले यहाँको ग्रामीण जीवनमा व्यापक मौन क्रान्ति ल्याएको छ, गाउँहरूमा शक्तिको सन्तुलनलाई पूरै फेरिदिएको छ । आमजनता, कृषि, श्रमिक, गरिब किसान, मध्यम किसान, सहरका मजदुर, मध्यमवर्गीय कर्मचारी, साना दुकानदार, विद्यार्थी, युवा, महिला, अल्पसङ्ख्यक समुदायका जनता, अनुसूचित जाति तथा जनजातिका सम्पूर्ण जनताले वाममोर्चाको शासनमा आफूलाई पहिलेका कुनै पनि समयको तुलनामा ज्यादा बलियो र सुरक्षित पाएका छन् ।

सरलाकै भनाइमा, वाममोर्चाले आफ्नो शासनमा २७ लाख भूमिहीन किसानलाई जमिन वितरण गरेको छ । १५ लाखभन्दा बढी बन्टाइदारहरूको पञ्जीकरण गरेर उनीहरूको जीवन र जीविकाको सुरक्षा सुनिश्चित गरेको छ । वाममोर्चाको प्रमुख घटक

भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) ले मिहिनेतकश जनताको राजनीतिक चेतना निरन्तर विकास गर्न अभियानहरू छेडेको छ। यसकै परिणामस्वरूप, पश्चिम बङ्गालका तीन करोड मानिस भाकपा (मा) तथा त्यसका विभिन्न जनसङ्गठहरूसँग प्रत्यक्ष रूपमा गाँसिएका छन्।

यसै सन्दर्भमा, मृदुल देले लेखेका छन्-'वामपन्थीहरू आफ्ना गल्ती सच्याइरहेका छन्, कहीँकतै गल्ती सच्याउनमा ढिलाइ पनि भइरहेको छ। कहीँकतै नयाँ ढङ्गबाट गल्तीहरू भइरहेका छन् या भएका हुनसक्छन्। तथापि, गल्तीलाई सच्याउने प्रयास खुला रूपमा हुने गरेको छ, कुनै ढाकछोप छैन। त्यसैले, यसपटक अझ बढी मतदाताले वामपन्थीहरूको समर्थन गरेका छन्।

सदाझैँ यसपटकको निर्वाचन परिणाममा पनि वामोर्चाको घटकहरूमा भाकपा (मार्क्सवादी) कै वर्चस्व रहेको छ। त्यस पार्टी एक्लैले ६० प्रतिशतभन्दा बढी सिटमा विजय हासिल गरेको छ भने ३६.९७ प्रतिशत मत प्राप्त गरेको छ। वाममोर्चाका पूर्व मन्त्रिमण्डलका कैयन सदस्यहरूले चुनावमा ५० प्रतिशतभन्दा बढी मत पाएका छन्। मुख्यमन्त्री बुद्धदेव भट्टाचार्य ६१.२५, सुशान्त घोष ७०, महेश्वर मूर्म ६३.४६, नन्दगोपाल भट्टाचार्य ६०.४४ प्रतिशत मतका साथ विजयी भएका छन्।

वाममोर्चाविरोधीहरूलाई लगभग पत्तासाफ गरेर कुनामा धकेलेको यो निर्वाचनमा सबैभन्दा बढी मार तृणमूल काङ्ग्रेसले बेहोर्नुपरेको छ। कम्युनिस्टप्रति अत्यन्त पूर्वाग्रह र विद्वेष राख्ने ममता बनर्जीले नेतृत्व गरेको तृणमूलले पहिलेको ६० सिटमा ३१ सिट गुमाएको छ। तृणमूलसँग गठबन्धन गर्ने भारतीय जनता पार्टीले एक सिट पनि जित्न सकेन। काङ्ग्रेसले भने पहिलेको तुलनामा पाँच सिट गुमायो।

वामविरोधीहरूको यस्तो लज्जाजनक पराजयको कारणका सम्बन्धमा, भाकपा (मार्क्सवादी) को पश्चिम बङ्गाल राज्य कमिटीको मुखपत्र *'स्वाधीनता'* ले लेखेको छ- 'पश्चिम बङ्गालमा विरोधी राजनीतिक दलहरूको स्थिति कमजोर छ। यसका लागि उनीहरू आफैँ जिम्मेवार छन्। यी राजनीतिक दलहरूले कहिल्यै आत्मालोचना गरेनन्। राज्यको विकासमा बाधा उत्पन्न गर्नु नै उनीहरूको प्रमुख काम रहेको छ। सत्य त यही हो कि, पश्चिम बङ्गालमा विपक्षहरू आमजनताबाट अलग्गिन पुगेका छन् र उनीहरूको पहुँच केही दैनिक अखबार र टीभी च्यानलसम्म मात्र सीमित रहेको छ। विपक्षहरूसँग कुनै कार्यक्रम छैन।'

बुद्धदेव भट्टाचार्यकै मुख्यमन्त्रित्वमा गठित सरकारमा ३३ मन्त्री र ११ राज्यमन्त्री रहेका छन्। २० जना नयाँ अनुहारका छन् भने मन्त्रीमा एक र राज्यमन्त्रीमा दुई महिला रहेका छन्। वाममोर्चाको जितको अवसरमा आयोजित एक सभामा बुद्धदेवको यो भनाइ मननीय छ- 'विकास गरिबहरूका लागि हुने कुराको प्रत्याभूति दिनुपर्छ। विकास ती मान्छेका लागि हुनुपर्छ, जसले आजसम्म केही पाएका छैनन्। राज्यका ३८ हजार गाउँ (ग्राम) मा चार हजार गाउँ यस्ता छन्, जहाँ गरिबहरूको आँसु अहिलेसम्म सुकेको छैन। विकासको मोडेल दिल्लीसँग पनि छ। त्यस मोडेलअनुसार गरिबहरूलाई सहरबाट बाहिऱ्याइन्छ, जसले गर्दा विदेशबाट आएका मान्छेहरूले दिल्ली सहरलाई चकाचौँध देखून्। अर्कोतर्फ, मुम्बईमा गगनचुम्बी भवनहरूकै छेउमा झुपडीहरू पनि रहेका छन्। वामपन्थीहरू यसलाई विकासको मार्ग मान्दैनन्।'

यसैगरी, केरलामा सम्पन्न विधानसभाको निर्वाचनमा पनि भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) ले नेतृत्व गरेको लेफ्ट डेमोक्रेटिक फ्रन्टले दुईतिहाईभन्दा बढी सिटमा कब्जा जमाएर विजय हासिल गरेको छ। काङ्ग्रेसले नेतृत्व गरेको युनाइटेड डेमोक्रेटिक फ्रन्ट पराजित भएको छ। स्मरणीय छ, झन्डै आधा शताब्दीअघि नै कम्युनिस्टहरूलाई सरकारमा पुऱ्याउने पहिलो राज्य केरला नै हो। विधानसभाको निर्वाचनमा विजयका साथ, अप्रिल ५ १९५७ मा अविभाजित भारतीय कम्युनिस्ट पार्टीको नेतृत्वमा, विश्वमा नै पहिलो जननिर्वाचित कम्युनिस्ट सरकार गठन भएको थियो। र, ईएमएस नम्बुदिरीपाद मुख्यमन्त्री बनेका थिए।

तथापि, अढाई वर्ष नबित्दै गुलाफप्रेमी नेहरूको केन्द्र सरकारको करामतले गर्दा त्यस सरकारलाई ढालियो। अर्थात्, ३१ जुलाई १९५९ मा प्रधानमन्त्री जवाहरलाल नेहरूको सिफारिसमा राष्ट्रपति राजेन्द्र प्रसादले केरला राज्यको सरकारलाई भङ्ग गरे, केरला विधानसभासमेत विघटन गरे। जबकि, नेहरूका ज्वाइँ अर्थात् इन्दिरा गान्धीका पति फिरोज गान्धीलाई समेत ससुराको यो कदम पचेको थिएन। त्यसैले उनले ज्योति बसुसँगको भेटमा भनेका थिए- 'आज केरलामा लोकतन्त्रको हत्या भएको छ।'

भारतको राजनीतिमा गठबन्धन सरकारको सुरुवात केरलाबाटै भएको हो। यहाँ एकपछि अर्को गठबन्धन सरकार बन्दै आएका छन्। मुख्य प्रतिस्पर्धीका रूपमा भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) ले नेतृत्व गरेको लेफ्ट डेमोक्रेटिक फ्रन्ट (एलडीएफ) र काङ्ग्रेसले नेतृत्व गरेको युनाइटेड डेमोक्रेटिक फ्रन्ट (यूडीएफ) रहिआएका छन्। बीचबीचमा पटक-पटक गरी सरकार चलाएको एलडीएफले अहिले केरलामा आफ्नै छैटौँ सरकार गठन गरेको छ। र, भाकपा (मा) का पोलिटब्युरो सदस्य तथा दैनिक अखबार *'देशाभिमानी'* का प्रधान-सम्पादक अच्युतानन्दनले मुख्यमन्त्रीको पद सम्हालेका छन्।

## २००६ मा वाममोर्चामा रहेका पार्टीहरूको प्राप्ट सिट र मत प्रतिशत

| पार्टी | सिट | मतप्रतिशत |
|---|---|---|
| भाकपा (मार्क्सवादी) | १७६ | ३६.९७ |
| भाकपा | ९ | २.०९ |
| फरवार्ड ब्लक | २३ | ५.६७ |

| | | |
|---|---|---|
| आरएसपी | २० | ३.७२ |
| डब्लू बीएसपी | ४ | ०.७२ |
| डीएसपी | १ | ०.३६ |
| सहयोगी दल : | | |
| आरजेडी | १ | ०.०८ |
| एनसीपी | - | ०.१९ |

## केरलामा वाममोर्चाको सरकार

१९५७
१९६७
१९८०
१९८७
१९९६
२००६

## पश्चिम बङ्गालमा वाममोर्चाको विजय यात्रा

| सन् | सिट |
|---|---|
| १९७७ | २३१ |
| १९८२ | २३३ |
| १९८७ | २५१ |
| १९९१ | २४५ |
| १९९६ | २०३ |
| २००१ | १९९ |
| २००६ | २३५ |

## २००६ मा अन्य पार्टीको प्राप्त सिट र मतप्रतिशत

| पार्टी | सिट | मतप्रतिशत |
|---|---|---|
| तृणमूल काङ्ग्रेस | २९ | २६.३४ |
| भारतीय जनता पार्टी | | १.९३ |
| काङ्ग्रेस | २१ | १४.९१ |
| गोरखा नेसनल लिवरेसन फ्रन्ट | ३ | ०.५० |
| जेकेपी (एन) | १ | ०.२१ |
| निर्दलीय उम्मेदवारहरू | ४ | ३.७९ |
| अन्य साना पार्टीहरू | | ०.६४ |
| भाकपा (माले) | | ०.१७ |
| बहुजन समाजवादी पार्टी | | ०.७३ |
| समाजवादी पार्टी | | ०.२० |

■

# सङ्घर्षका प्रतीक सिद्धिनाथ ज्ञवाली

**' वेदुराम भुसाल**

**ने** पालका शोषित-पीडित जनताको मुक्ति र प्रगतिका लागि आफ्नो सिङ्गो जीवन समर्पण गर्ने योद्धाहरूमध्ये एकको नाम हो सिद्धिनाथ ज्ञवाली । वि.सं. १९९१ को वैशाख २४ मा गुल्मी जिल्लाको बम्घा-९ बसाढमा माता थानिकला र पिता भानुभक्तका सुपुत्रका रूपमा जन्मनुभएका सिद्धिनाथ ज्ञवालीले गाउँमै गुरुकुलीय शिक्षा पद्धतिअन्तर्गत रहेर पण्डित

जीवलाल गौतमबाट प्रारम्भिक संस्कृत शिक्षा प्राप्त गर्नुभएको थियो । करिब १५/१६ वर्षको उमेरमा उहाँ थप अध्ययनका लागि अर्घाखाँची, खिदिमको हरिहर संस्कृत पाठशालामा जानुभयो। त्यहाँ करिब एक वर्ष अध्ययन गरेपछि उहाँ महोत्तरीको मटिहानीमा रहेको संस्कृत माध्यमिक विद्यालयमा गएर मध्यमासम्मको अध्ययन गर्नुभएको थियो ।

अध्ययन गरी ०१३ सालमा गाउँ फर्किएपछि उहाँको सम्पर्क छिमेकी गाउँका प्रयागलाल श्रेष्ठसँग भयो । प्रयागलाल दार्जीलिङमा अध्ययन गर्दा मार्क्सवादी दर्शनबाट प्रभावित थिए र सिद्धिनाथसँग सम्पर्क हुँदा उनी नेपाल प्रजापरिषद्को सक्रिय कार्यकर्ता थिए। प्रयागलालको सम्पर्कबाट सिद्धिनाथ पनि राजनीतिमा संलग्न हुनुभयो । ०१४ सालदेखि उहाँ प्रजापरिषद्को जिल्ला कार्यसमितिमा रहेर काम गर्न थाल्नुभयो । ०१५ सालको आमसभाका बेला गुल्मीमा प्रजापरिषद् र नेकपाबीच सहकार्य भएको थियो र ०१६ सालमा अर्घाखाँचीमा उपचुनाव हुँदा प्रयागलाल र सिद्धिनाथले 'कम्युनिस्ट भनेको भूत होइन, साहसिक वैज्ञानिक विचार हो' भन्ने शीर्षकको पर्चासहित नेकपाका उम्मेदवार खुवीराम आचार्यका पक्षमा प्रचार गर्नुभएको थियो ।

०१६ सालमा विर्ताप्रथा उन्मूलन भएको थियो र राजा-रजौटाहरू खारेज भएका थिए। सबै राजा-रजौटाहरूका विर्ता क्षेत्रहरू रैकर भइसकेका थिए तर पहिले धैरेनीका राजा चिरञ्जीवी शाहको खान्की-खुवामा पर्ने वीरवास क्षेत्रमा विचारी रुद्रप्रसाद ज्ञवालीसमेतका राजाका कर्मचारीहरूले जनताबाट रकम असुली गरिरहेकाले त्यस कार्यका विरुद्ध सिद्धिनाथहरूद्वारा कम्युनिस्टहरू र असन्तुष्ट काङ्ग्रेसहरूसँग समेत मिलेर 'घूस फिर्ता' भन्दै किसान आन्दोलन चलाइएको थियो। त्यही आन्दोलनका क्रममा उहाँहरूले *'गुल्मी समाचार'* नामक पत्रिका पनि निकाल्नुभएको थियो। उक्त आन्दोलन र पत्रिका प्रकाशनसँग जोडेर प्रशासनले प्रयागलाल श्रेष्ठलाई गुल्मीको सदरमुकाम तम्घासमा स्थानहद गरेको थियो। त्यसबेला सिद्धिनाथले जनताको जुलुस लिएर सदरमुकाम घेर्न जानुभएको थियो (०२७ मङ्सिर २० मा)। मङ्सिर २५ देखि उहाँ गुल्मी गौडाका अगाडि सत्याग्रह (धर्ना) बस्नुभएको थियो। उहाँहरूको सत्याग्रह चलिरहेकै बेला पुस १ गते राजाले सरकार र संसद् भङ्ग गरी सम्पूर्ण अधिकार आफ्नो हातमा लिएपछि उहाँहरूले 'लहराको टुप्पो तान्दा पहराको जगै भत्किएकाले हाललाई आन्दोलन स्थगित गरिएको छ' भन्दै उक्त आन्दोलन टुङ्ग्याउनुभएको थियो ।

२०१८ सालमा सिद्धिनाथ ज्ञवाली देशको राजनीतिक स्थिति बुझ्न काठमाडौं जानुभयो। त्यहाँ उहाँले खासगरी प्रजा परिषद्का नेताहरूसँग भेटेर राजनीतिको भावी दिशाबारे बुझ्न खोज्नुभयो। उहाँले प्रजा परिषद्मा दीर्घकालीन सोचका साथ राजनीति अगाडि बढाउने चिन्तन नरहेको पाउनुभयो। त्यसपछि गोरखपुर हुँदै घर फर्कने क्रममा उहाँले गोरखपुरमा कम्युनिस्ट पार्टीका नेता लाल सिंहलाई भेट्नुभयो। प्रयागलालसँगको सङ्गत र ०१६-१७ सालतिर पाल्पा-गुल्मीमा जिम्मेवारी बहन गर्नुहुने कम्युनिस्ट कार्यकर्ता वीआर राईसँगको सङ्गतले गर्दा सिद्धिनाथ पहिलेदेखि नै कम्युनिस्ट सिद्धान्त र विचारबाट प्रभावित हुनुहुन्थ्यो। गोरखपुरमा नेता लाल सिंहसँग भेट भएर पार्टीको दरभङ्गा प्लेनमका निर्णयहरूसहितका दस्तावेज प्राप्त गरी अध्ययन गरेपछि उहाँले अब कम्युनिस्ट पार्टीमा प्रवेश गरेर राजनीतिमा सक्रिय रहने अठोट गर्नुभयो। त्यहाँबाट गाउँ फर्किएपछि भर्खरै जेलबाट छुटेर आएका केशरमणि पोखेल र बनारसबाट फर्किएका माधव ज्ञवालीसँग उहाँको भेट भयो। त्यसपछि उहाँ नेकपाको गण्डक प्रान्तीय कमिटीअन्तर्गत गुल्मी-अर्घाखाँची संयुक्त जिल्ला कमिटी मातहतको गुल्मी एरिया कमिटीमा सङ्गठित भएर काम गर्न थाल्नुभयो ।

पार्टीका तत्कालीन महासचिव केशरजङ्ग रायमाझीले राजाको फौजी बलमा सत्ता हत्याउने कार्यको समर्थन गरेर पार्टीलाई धरापमा पारेको अवस्थामा उनलाई कारबाही गर्दै अन्तर जोनल सामञ्जस्य समितिको आयोजनामा भएको तेस्रो महाधिवेशनबाट निर्वाचित नेतृत्वले पनि पार्टीलाई ठीक ढङ्गले सञ्चालन गर्न नसकेको र पार्टी छिन्नभिन्न भइरहेको अवस्थामा कमरेड पुष्पलालले ०२२ सालमा एक अपिल जारी गरी पार्टीको पुनर्गठनका निम्ति आह्वान गर्नुभएको थियो। लुम्बिनीमा उक्त अपिलअनुसार पार्टी पुनर्गठन गर्ने काम अत्यन्त प्रभावकारी ढङ्गले भएको थियो। त्यस कार्यमा सक्रियतापूर्वक लाग्ने एक कार्यकर्ता सिद्धिनाथ ज्ञवाली पनि हुनुहुन्थ्यो ।

पञ्चायतको समेत उपभोग गर्ने तत्कालीन पार्टी नीतिअनुरूप सिद्धिनाथ ज्ञवाली बलेटक्सार गाउँ पञ्चायतको प्रधानपञ्चमा उम्मेदवार भई निर्वाचित हुनुभएको थियो। ०२६ मा गएर पार्टीले पञ्चायतको बहिष्कार गर्ने भनेपछि चाहिँ उहाँ प्रधानपञ्च हुँदाहुँदै भूमिगत भएर पार्टी काममा लाग्नुभएको थियो ।

०२४ सालको आश्विनमा गुल्मी र अर्घाखाँची जिल्लामा पार्टीका अलग-अलग जिल्ला कमिटी गठन भए। गुल्मीमा बनेको जिल्ला कमिटीका पाँच सदस्यमध्ये एक सिद्धिनाथ पनि हुनुहुन्थ्यो। त्यस कमिटीका सचिव केशरमणि पोखेल र अन्य सदस्यहरूमा एकदेव ज्ञवाली, गोविन्द ज्ञवाली र माधव ज्ञवाली थिए। क. पुष्पलालको नेतृत्वमा ०२५ सालमा आयोजित नेकपाको तेस्रो राष्ट्रिय सम्मेलनमा सिद्धिनाथ गुल्मीको प्रतिनिधिका रूपमा सहभागी हुनुभएको थियो। ०२७ मा सिद्धिनाथ गुल्मी जिल्ला कमिटीको सचिव बन्नुका साथै पार्टीको सर्कुलर नं. १/३ को पालना गर्दै पूर्णकालीन भूमिगत कार्यकर्ता बन्नुभएको थियो। ०२८ सालदेखि उहाँ लुम्बिनी अञ्चल कमिटीको सदस्यसमेत बन्नुभएको थियो ।

जेलमा छँदा क. पुष्पलालद्वारा प्रस्तुत नयाँ जनवादी कार्यक्रमलाई समर्थन गरेका मोहनविक्रम सिंह जेलबाट छुटेपछि चाहिँ 'गद्दार पुष्पलाल' भन्दै विरोधमा उत्रिएपछि उनको त्यस पुष्पलालविरोधी अभियानका विरुद्ध सशक्त वैचारिक सङ्घर्ष गर्नेहरूको पङ्क्तिमा सिद्धिनाथ पनि रहनुभएको थियो ।

२०२९/३० मा लुम्बिनीमा सामन्त तथा जाली-फटाहाविरोधी अनेकौं प्रकारका सङ्घर्षहरू भएका थिए। ती सङ्घर्षहरूका अगुवा योद्धामध्ये एक हुनुहुन्थ्यो सिद्धिनाथ ज्ञवाली। ०३० कात्तिक २६ गते अञ्चलका सबै जिल्ला सदरमुकाममा किसान ऱ्याली

प्रदर्शन गर्ने कार्यक्रमको तयारीमा उहाँ निकै मिहिनेतपूर्वक लाग्नुभएको थियो । उक्त विरोध प्रदर्शनपछि गुल्मीमा प्रशासनले निकै चर्को दमन गर्‍यो । त्यसैबीच, फागुन २८ मा भएको बर्रे सङ्घर्षपछि त झन् अञ्चलव्यापी रूपमै चर्को दमनचक्र चलाइयो । त्यस दमनले गर्दा पार्टीका कैयन जिम्मेवार व्यक्तिहरू पलायन भए भने कतिपय निरास पनि भए । उहाँहरूले ती दुवैखाले विचार र प्रवृत्तिका विरुद्ध सङ्घर्ष गर्नुपर्‍यो । ०३३ सालमा जीवराज आश्रित, मोदनाथ प्रश्रित र वामदेव गौतमलगायतले काङ्ग्रेससँग संयुक्त भएर मात्रै आन्दोलन गर्न सकिन्छ भन्ने धारणा राख्नु हुँदैन, कम्युनिस्ट पार्टीको आफ्नै स्वतन्त्र सङ्घर्षशील विचार हुनुपर्छ भनेर पार्टीको विस्तारित बैठकमा कुरा राख्दा सिद्धिनाथले पनि साथ दिनुभएको थियो । उहाँहरूले बर्रे सङ्घर्षलगायत लुम्बिनीमा भएका तमाम सङ्घर्षहरूको समीक्षा गर्नुपर्ने माग पनि राख्नुभएको थियो । पार्टी केन्द्रले उहाँहरूका विचारलाई ग्रहण गरेन । उहाँहरूले ०३३ असार १५ मा 'मुक्तिमोर्चा' मार्फत आफ्ना विचारहरू सार्वजनिक गर्दै पार्टी केन्द्रबाट अलग भएको घोषणा गर्नुभयो । देशका सबै क्रान्तिकारीहरू एकजुट भएर अगाडि बढ्नुपर्ने धारणा समेत रहेको हुँदा झापा आन्दोलनबाट अगाडि बढेको को-अर्डिनेसन केन्द्रसँग उहाँहरूको सम्पर्क भयो र कैयन मतभेदहरूलाई थाँती राख्दै ०३४ को भदौमा उहाँहरू कोकेमा सामेल हुनुभयो ।

तत्कालीन कोकेमा पुरानो पार्टी सदस्यतालाई मान्यता नदिने नीति भएकाले बीसौँ वर्षदेखि आन्दोलनमा होमिएर आएकाहरूले पनि फेरि नयाँ सदस्यताको शपथ खानुभयो र जीवराज आश्रितको नेतृत्वमा गुल्मी जिल्ला युनिट गठन गरी त्यसैमा सङ्गठित हुनुभयो । ०३५ सालमा नेकपा (माले) को गठन गर्दा सिद्धिनाथ त्यहीँ जानुभएको थियो । ०३५ मा जीवराजकै नेतृत्वमा पाल्पा-गुल्मी संयुक्त जिल्ला सङ्गठन कमिटी बन्यो र सिद्धिनाथ त्यसको एक सदस्य हुनुभयो । ०३७ देखि उहाँ पश्चिम-दक्षिण क्षेत्रीय कमिटीको सदस्य हुनुभयो र ०४३ देखि पाल्पा जिल्ला कमिटीको सचिव हुनुभयो । ०४५ मा उहाँ सचिव रहनुभएको पाल्पा जिल्ला कमिटीको एक सदस्य भई मैले पनि काम गरेको थिएँ । ०४६ सालमा भएको चौथो महाधिवेशनमा उहाँ पाल्पाबाटै प्रतिनिधि हुनुभएको थियो ।

०४७ मा दुई पार्टीको एकीकरण भएर नेकपा (एमाले) बनेपछि उहाँ राष्ट्रिय परिषद्को सदस्य र लुम्बिनी अञ्चल कमिटीको सचिव हुनुभएको थियो । पार्टी एकीकरणदेखि ०४९ मा सम्पन्न पाँचौं महाधिवेशनसम्मको अवधिमा लुम्बिनी अञ्चल कमिटीमा उहाँ-हामी सँगै रहेर काम गरेका थियौँ । पाँचौं महाधिवेशनबाट उहाँ पार्टीको केन्द्रीय सल्लाहकार कमिटीमा रहनुभयो । त्यसदेखियता उहाँ निरन्तर रूपमा सल्लाहकारकै तहमा रहिरहनुभएको छ । छैटौं महाधिवेशनपछि पार्टी विभाजन हुँदा उहाँ मालेतर्फ लाग्नुभएको थियो । त्यसबेला पनि उहाँलाई केन्द्रीय सल्लाहकारमा नै राखिएको थियो ।

२०५०-५६ सम्म राष्ट्रियसभाको सदस्य भई उहाँले संसद्मा समेत जनताका आवाज घन्काउनुभएको थियो । यसरी सिद्धिनाथ ज्ञवालीले पार्टीको साङ्गठानिक काम, सङ्घर्ष र जनआवाज मुखरित गर्ने कार्यमा आफ्नो जीवनको लामो समय खर्चिनुभएको थियो । जीवनका ७२ वसन्त पार गरी ७३ औँ वर्षमा हिँडिरहनुभएका किसान नेता सिद्धिनाथ ज्ञवालीले आफ्ना करिब ५० वर्ष सङ्घर्षशील राजनीतिमा लगाउनुभएको छ । त्यसमध्ये करिब ४५ वर्ष त उहाँले कम्युनिस्ट राजनीतिमै बिताउनुभएको छ । ५० मध्ये राष्ट्रियसभामा रहेको छ वर्षलाई छाडेर ४४ वर्ष लाभरहित राजनीतिक कार्य गर्दा परिवारले झेल्नुपरेको दुःखकष्ट बताइसाध्य छैन । एउटा छोराले निरास भएर आत्महत्या गर्न पुगेको घटनाले नै सम्पूर्ण दुःखको प्रतिनिधित्व गर्दछ भन्न सकिन्छ । जीवनभर देश र जनताको हितका खातिर सङ्घर्ष गरेको योद्धाले अहिले आफ्नै शरीरका उच्च रक्तचाप र हृदयसम्बन्धी रोगसँग लडिरहनुपरेको मर्म पोख्दा कसको मन द्रवित नहोला र ! लुम्बिनी अञ्चलको कम्युनिस्ट आन्दोलनका एक प्रतीक सिद्धिनाथले स्वास्थ्यलाभ गरी देश र जनताका खातिर थप सङ्घर्ष गर्न सक्नोस् ! यही हार्दिक शुभकामना !

■

# मार्क्सका दुई कविता

## (किशोर कालका)

## सत्यको सूर्यलाई

बत्तीले उज्यालो दिन्छ, ज्योति फाल्छ नक्षत्रले
हृदयको गहिराइमा छ द्युति,
झकमक्क पार्दछ सौन्दर्य
अन्तहृदयको प्रभा उज्ज्वल ज्योति
कहिले पनि देख्न सकिन्न
जसरी सत्यको सूर्यलाई सकिन्छ ।
प्रत्येक हृदयमा रहन्छ जसरी एक चालक
सत्यको सूर्य तिमी आफैं नै हौ
तर, यो पनि त हो
सूर्यमा समेत पर्दछ छायाँ ।

## एक जना योद्धा नायकलाई सम्झेर

यता खोज, उता खोज खोजिहिँड जताततै
अवाक् भई तिमी देख्ने छौ
उठिरहेका योद्धा एवम् नायक दुवैलाई
उनको नृत्य, उनको बोली
सबै नै छ व्यवस्थित, आधुनिक
तरै पनि राती तिनलाई
डस्ने गर्छ त्यही कीरा पौराणिक !

# प्रलेसमा नयाँ नेतृत्व

काठमाडौं । जेठ २८-२९ मा इन्जिनीयरिङ्ग क्याम्पस पुल्चोकमा सम्पन्न प्रगतिशील लेखक संघ, नेपालको सातौं सम्मेलनले निनु चापागाईंको नेतृत्वमा नयाँ नेतृत्व चयन गरेको छ । जसमा उपाध्यक्षमा हरिगोविन्द लुईटेल र सुधा त्रिपाठी, महासचिवमा अमर गिरी, सचिवमा मातृका पोखरेल र कोषाध्यक्षमा गोपाल ठाकुर रहनुभएको छ ।

त्यसैगरी केन्द्रीय सदस्यहरूमा अनिरुद्ध तिम्सिना, चङ्की श्रेष्ठ, सरिता तिवारी, पद्मप्रसाद शर्मा, डा. पशुपतिनाथ तिम्सेना, पुण्यप्रसाद खरेल, इस्माली, राजन पोखरेल, डा. ताराकान्त पाण्डे, डा. जगदीशचन्द्र भण्डारी, डा. नन्दीश अधिकारी, डा. गोपीन्द्र पौडेल, आहुती, कुसुम ज्ञवाली, रामविनय, जीवन शर्मा, सुशीला प्रधानाङ्ग, बुद्ध सायमी, सीता शर्मा, राजेश वान्तवा र लक्ष्मी माली रहनुभएको छ ।

राष्ट्रिय परिषद् सदस्यहरूमा मोदनाथ मरहट्टा, भवानी क्षेत्री, खेम नेपाली, विजयराज आचार्य, आशकुमार चिकंबन्जार, एस.पी. विवेक (विष्णु भण्डारी), शरद पौडेल, आत्माराम शर्मा, विष्णु रिजाल, आर.एम. डंगोल, डा. श्रीधर गौतम, इन्द्रबहादुर भण्डारी, राममणि पोखरेल, सङ्गीत स्रोता, रामप्रसाद प्रदीप, इन्द्रराज लामा, बूँद राना, प्रदीप प्रधान, बाबुराम आचार्य, विदुर वस्ती, विन्दा मैनाली, मन्जु पुडासैनी, रामप्रसाद मिश्र, कविता पौडेल, धनकुमारी सुनार, पञ्चकुमारी परियार, बद्रीविशाल र चन्द्रा थानी हुनुहुन्छ ।

# महिलाको पक्षमा ऐतिहासिक निर्णय

**' कमला पराजुली**

ऐतिहासिक जनआन्दोलन २०६२/६३ बाट पुनःस्थापित संसद्को पहिलो अधिवेशन चलिरहेका बेला २०६३ जेठ १६ गते संसद्बाट नेपाली महिलाका पक्षमा अत्यन्त महत्त्वपूर्ण र ऐतिहासिक फैसला भएको छ । यो फैसलाले अब नेपाली महिलालाई सार्वभौम नागरिकको पहिचान दिएको छ । सदियौँदेखि बाबु, लोग्ने र छोराको नामबाट मात्र आफ्नो पहिचान दिनसक्ने र आफूले १० महिना गर्भमा राखेर जन्माएको सन्तानको पहिचानका लागि पनि आफू अयोग्य हुने नेपाली आमाको विडम्बनापूर्ण अवस्थाको अन्त्य गरेर, आमाको नामबाट पनि सन्तानले नागरिकता पाउने व्यवस्था गरेर यो संसद्ले आमाको दूधको भारा तिरेको छ । त्यसैले ०६३ जेठ १६ नेपाली महिलाको ऐतिहासिक दिन भएको छ ।

यो निर्णयलाई नेपाली महिलाको अनवरत सङ्घर्षको प्राप्ति मान्नुपर्छ । कसैलाई लाग्दो हो, यो कुरा सजिलै प्राप्त भएको हो । तर, त्यो हैन । नेपालमा वि.सं. १९७४ देखि सङ्गठित महिला आन्दोलनको थालनी भएको छ र त्यतिखेरदेखि महिला अधिकारका कुराहरू पनि उठ्दै आइरहेका छन् । जहिलेसुकै पनि राष्ट्र सङ्कटमा परेका कारण, देशमा राजनीतिक अस्थिरता आएका कारण, निरङ्कुशता र प्रतिगमनले सम्पूर्ण नागरिक अधिकार हनन भइरहेका कारण महिलामाथिका हिंसा, अत्याचार र महिला अधिकारका सवालहरू सधैँ ओझेलमा पर्ने, प्राथमिकतामा नपर्ने र झिनामसिना सवाल बन्ने गरेका थिए । तर, हरेक आन्दोलनलाई निर्णायक मोड दिने महिलाको सवाल सधैँ ओझेलमा पर्नु सम्भव नहुने कुरालाई यसपटकको संसद्बाट स्वीकार गरियो । त्यसैले यो उपलब्धि सङ्घर्ष र मिहिनेतले प्राप्त भएको हो ।

हाम्रो कानुनमा एउटी आमाको सन्तानसँगको सम्बन्ध देखिने आधार थिएन । आफूले पाएको छोरो या छोरी हो भन्नका लागि त्यो नागरिकता दिलाउने (पुरुष) बाबुकी पत्नी भएको अर्थमा मात्र ती आमा कानुनी रूपमा सन्तानकी आमा बनेर परिचित भइरहेको अवस्था छ । सन्तानको शैक्षिक प्रमाणपत्र, नागरिकता, राहदानीलगायतका सम्पूर्ण सरकारी र आधिकारिक कागजातमा सन्तानको नामसँग गाँसिएर आमाको कतै पनि पहिचान हुँदैन । हरेक आमाले एउटा सन्तान

१० महिना गर्भमा राखेर जीवनमरणको दोसाँधमा मृत्युसँग सङ्घर्ष गर्दै जन्म दिन्छिन् । सन्तानको जीवनरक्षाका लागि स्तनपान गराउँछिन्, आफूले नखाएर, नलाएर पनि मातृत्वको संरक्षण गर्छिन् । ती हरेक आमाले आफ्ना सन्तानको दिसा-पिसाबसँगै कैयौं दिन, रात, महिना र वर्ष गुजारेका हुन्छन् । हरेक पल-पल सन्तानको सफल भविष्यको कल्पनामा आशा सँगालेर बाँचिरहेका हुन्छन् । ती सारा क्षणहरू अधिकांश त आमा एक्लैले गुजारेकी हुन्छिन् तर जब त्यो सन्तानको पहिचान हुने समय आउँछ, त्यहाँ ती आमाको कुनै अस्तित्व र स्थान हुँदैन । कति संवेदनशील र मार्मिक परिस्थिति छ महिलाहरूको ?

तर, नागरिक आमा वा बाबुको कसैको नामबाट मात्र होइन, आमा-बाबु दुवैको नामबाट पनि हुने व्यवस्था हुनुपर्छ । किनभने, सामान्यतयाः सन्तानका लागि आमा-बाबु दुवै बराबरी हुन्छन् र आमा-बाबुका लागि छोरा-छोरी दुवै बराबरी हुन्छन् । त्यसैले सबै आवश्यक कागजातहरूमा (विद्यालय, कलेज, नागरिकता, राहदानीलगायतका सबै कुरामा) आमा या बाबुमध्ये एक होइन, सामान्य अवस्थामा आमा र बाबु दुवैको नाम खुल्ने व्यवस्था हुनुपर्छ । किनभने, ती सन्तानउपरको दायित्व, जिम्मेवारी र अपेक्षा आमा-बाबु दुवैको समान हुन्छ । त्यसबाहेकको विशेष परिस्थितिमा आमा या बाबु मात्र पनि हुन सक्ने अवस्था हुन्छ र कानुन पनि त्यसै आधारमा तयार हुनु पर्छ । त्यसै गरी नागरिकता बनाउँदा अविवाहित व्यक्तिको हकमा आमा-बाबुको नाम उल्लेख भएझैं, विवाहित व्यक्तिको हकमा महिलाको नागरिकता बनाउँदा यदि पतिको नाम उल्लेख हुने व्यवस्था हुन्छ भने पुरुषको नागरिकतामा पनि पत्नीको नाम उल्लेख गरिने व्यवस्था गरिनुपर्छ । यो व्यवस्थाले पुरुष र महिला दुवैलाई बराबरी जवाफदेही र पारदर्शी बनाउन सहयोग पुऱ्याउँछ ।

त्यति मात्र होइन, संसद्बाट त्यस्तै महत्त्वपूर्ण निर्णय, समानुपातिक सहभागिताका लागि हाललाई कम्तीमा एकतिहाई महिलालाई राज्यका सबै संरचनामा सहभागिताको पनि व्यवस्था गरिएको छ । यो व्यवस्थाले अब राजनीतिक, सामाजिक क्षेत्रको जिम्मेवारी, हरेक सेवा र पेसागत क्षेत्रदेखि संवैधानिक निकाय र राज्यका नीति निर्णयका तहसम्म महिलाको एकतिहाई सहभागिता सुनिश्चित गरेको छ । यो सहभागिताले जनसङ्ख्याको आधा हिस्सा रहेका महिलाको सामाजिक, आर्थिक र राजनीतिक हैसियत माथि उठाउन ठूलो महत्त्व राख्नेछ । हुनतः, अहिले समानुपातिक सहभागिताको सवाल पनि त्यत्तिकै उठिरहेको छ । तर, आरक्षण भनेको समानताको विन्दुसम्म पुग्ने एउटा निश्चित रणनीति मात्र हो, यदि महिलाको हैसियत र क्षमताले सम्हाल्न सक्ने अवस्था छ भने कतिपय क्षेत्रमा ३३ प्रतिशतभन्दा ज्यादा पनि क्षेत्र ओगट्न सकिन्छ ।

३३ प्रतिशत आरक्षणकै सन्दर्भमा धेरै तर्क-वितर्कहरू पनि आइरहेका छन् । कतैबाट पचास प्रतिशत हुनुपर्ने किन ३३ प्रतिशत मात्र भन्ने तर्क आएका छन् भने कतैबाट क्षमतावान् महिला नै छैनन्, अब यो ३३ प्रतिशत पनि कसरी पुऱ्याउने भन्ने तर्क पनि आइरहेका छन् । अहिले ३३ प्रतिशत आरक्षणमा मात्र विशेष ध्यान र महत्त्व दिँदा संसद्बाट महिलाको पक्षमा गरिएको यो महत्त्वपूर्ण निर्णय नै ओझेलमा पार्ने अवस्था नहोस् । सबैभन्दा महत्त्वपूर्ण कुरा त महिलाको वंशाधिकारको कुरा हो । त्यसका साथै विभेदकारी कानुनको अन्त्य र महिलामाथि हुने सबैखाले हिंसाको अन्त्यका लागि आवश्यक कानुन निर्माण अर्को महत्त्वपूर्ण कुरा हो । त्यसै क्रममा राज्यका सबै संयन्त्रमा ३३ प्रतिशत महिलाको सवाल पनि हो । सबै खाले तर्कहरूका माझमा विशेषतः राज्यलाई नै र राजनीतिक पार्टीहरूलाई पनि अब थप जिम्मेवारी र चुनौती आएको छ । सवाल सहभागिताको मात्र होइन, अर्थपूर्ण उपस्थिति र हैसियतको पनि हो । यो कुराको कार्यान्वयन स्थानीय तहदेखि केन्द्रीय तहसम्म सरकारी, गैरसरकारी, राजनीतिक पार्टी, सरकारी निकाय, संयन्त्र, प्रतिष्ठान, शैक्षिक संस्था, संवैधानिक निकाय, कूटनैतिक निकाय, पेसागत क्षेत्र, युनियन र सङ्घसङ्गठन हरेक क्षेत्रमा कार्यान्वयनको प्रारम्भ हुनुपर्छ ।

त्यसैगरी, सोही प्रस्तावबाट भएको त्यतिकै महत्त्वपूर्ण निर्णय भनेको महिला-पुरुषबीचको विभेदकारी कानुनको खारेजी गर्ने घोषणा गर्दै महिलाप्रति हुने सबै किसिमका हिंसाको अन्त्यका लागि कानुन निर्माण गरिने कुरा पनि हो । यो निर्णयले पनि महिलाको पक्षमा कम महत्त्व राख्दैन । महिलामाथिको हिंसा एउटा नदेखिने घाउ हो, जसको प्रताडनाले लाखौं महिलाहरू बाँचेर पनि मरेतुल्य छन् । आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, पारिवारिक हरेक ठाउँमा महिलामाथि हिंसा भइरहेको हुन्छ । झट्ट हेर्दा देखिँदैन, राम्रो गलैंचा ओछ्याएर सजिएको बैठक कोठाजस्तै हुन्छ ती धेरै महिलाको जीवन । तर, जब नियालेर हेर्न र छाम्न सुरु हुन्छ, त्यहाँ अनगिन्ती सियाहरू छरिएका हुन्छन्, जसले पाइलैपिच्छे र पलपलमा घोचिरहेको हुन्छ महिलाको दिनचर्यालाई । आफ्नो अस्तित्व, स्वाभिमान र जीवनप्रतिको मोह नै बाँकी हुँदैन, ती नारी जीवनमा । यस्ता पीडादायी जीवन गुजारिरहेका र गुजार्न बाध्य भएका महिलाका लागि ठूलो आशाको दियो बनेको छ यो निर्णय । कानुनले संरक्षण गरेपछि आत्मबल बढेको अनुभूति गर्नेछन् र न्यायको खोजीमा अदालतको ढोकासम्म जान सक्नेछन् उनीहरू । महिलामाथि हुने चरम हिंसाका नमुनाहरू बताइनसक्नु छन् । जात-जाति, भाषाभाषी, धर्म, संस्कार, संस्कृति र परम्परा जेसुकैका नाममा पनि यो समाजमा महिलामाथि अत्याचार भइरहेको देखिन्छ । सामन्ती संस्कार पितृसत्तात्मक संरचनाले प्रभाव पारिरहेको हुनाले यो समाजमा ती हिंसालाई हिंसाका रूपमा स्वीकार गर्न र अपराध हो भन्ने मान्न पनि धेरै समय लाग्यो । तर, संसद्को यो निर्णयले अब त्यस्ता घटनालाई कानुनी रूपमा हिंसा र अपराध

मानेको छ र त्यसको अन्त्यका लागि कानुन निर्माण गर्ने प्रतिबद्धता जाहेर गरेको छ । त्यसैले यो निर्णयको पनि धेरै ठूलो महत्त्व छ ।

अब हामीले राम्रोलाई राम्रो भन्ने र प्रशंसा गर्ने प्रचलनको पनि विकास गर्नुपर्छ । यसरी हेर्दा यो ऐतिहासिक जनआन्दोलनबाट स्थापित प्रतिनिधि सभाबाट नयाँ नेपाल निर्माणको प्रक्रियामा गरिएका यस्ता ऐतिहासिक निर्णयहरूलाई सबैले स्वागत र सम्मान गर्नैपर्छ । संसद्मा यो निर्णयको प्रस्ताव नेकपा (एमाले) की केन्द्रीय सदस्य विद्यादेवी भण्डारीले ल्याउनु भयो । नेपाली काङ्ग्रेसकी कमला पन्त र जनमोर्चा नेपालका नवराज सुवेदीले समर्थन गर्नुभयो । यस अर्थमा उहाँहरू धन्यवादका विशेष भागीदार हुनुहुन्छ । तर, नेतृ विद्या भण्डारीकै भनाइमा भन्दा, *'यो हामी सबैको निरन्तर सङ्घर्षको प्राप्ति हो, प्रस्ताव त कोही एक जनाले ल्याउनैपर्थ्यो, त्यही क्रममा विशेष गरी मेरो पार्टीका साथीहरू र अन्य पार्टीका पनि सबैको परामर्शमा ममार्फत प्रस्ताव आयो । यो सङ्कल्प प्रस्तावलाई संसद्ले सर्वसम्मत ढङ्गले पारित गर्‍यो । त्यसैले यसको श्रेय पुनःस्थापित सांसदका सबै सांसदहरूलाई छ ।'*

तर, कुनै पनि निर्णय या कानुनले मात्र नागरिकलाई सार्वभौम बनाउन सक्दैन, कतिपय कानुन धेरै वर्षअगाडिदेखि बनेर पनि व्यावहारिक रूपमा कार्यान्वयन नभएर मृतप्रायः अवस्थामा थन्किएका छन् । त्यसैले अबको चुनौती भनेको ती निर्णयको प्रभावकारी कार्यान्वयन परिपालना पनि हो । अब यसको पालना कसरी हुन्छ ? अबको चासो त्यहाँ छ । हामीले ध्यान त्यतातिर दिनुपर्छ । त्यसलाई प्रयोग गर्ने प्रक्रियाका बारेमा सरल, सहज र उपयुक्त कानुन बनिनुपर्छ । तिनीहरूको कार्यान्वयन भए-नभएको नियमित अनुगमन हुनुपर्छ । राज्यका तर्फबाट, राजनीतिक पार्टीका तर्फबाट र अधिकारवादीहरूका तर्फबाट त्यस्ता निर्णयको पालना भए-नभएको निरन्तर पारदर्शी ढङ्गले अनुगमन हुने व्यवस्था हुनुपर्छ । पालना हुन नसकेको अवस्थामा उजुरी र न्यायपूर्ण छानबिनका लागि उपयुक्त संयन्त्रको व्यवस्था हुनुपर्छ । ती कानुनले सबै पक्षलाई व्यावहारिक ढङ्गले समेटिएको हुनुपर्छ । अनि मात्र, त्यस्तो निर्णय र कानुनको सही अर्थमा उपादेयता हुनेछ ।

अधिकारले मानिसको आत्मसम्मान बढाउँछ, आत्मबल बढाउँछ । आफूलाई असहाय र निमुखा सम्झेर पुर्पुरोमा हात राख्दै आँसु खसालिरहेका आमा, दिदी-बहिनीले पनि अब आफ्नो अधिकारको कुरा थाहा पाउनु पर्छ । कसैले माया-दयाले दिने होइन, आफ्नो अधिकार आफैँले मागेर लिन सक्ने अवस्था निर्माण गर्नुपर्छ । त्यसैले निर्णय गरेर मात्र सबै कुरा प्राप्त भइहाल्दैन, त्यसैलाई कार्यान्वयन गराउन सबै आ-आफ्ना क्षेत्रबाट लागिपर्नुपर्छ । यो कुरा महिलाको मात्र विषय होइन । यो राज्यको विषय हो, राजनीतिक पार्टीको विषय हो, नागरिक समाज र मानवअधिकावादीको विषय हो र सबै सरोकारवालाको विषय हो ।

निर्णय त भयो तर महिलाले गर्न सकेनन् या गरेनन् भनेर दोष थुपार्ने र उम्कने प्रयास कतैबाट पनि नहोस् । सकारात्मक प्रयासको थालनी भएको छ । सकारात्मक काम र कुरालाई सकारात्मक सोचका साथ कार्यान्वयन गर्दै जानुपर्छ । पक्कै लक्ष्य प्राप्ति हुनेछ । तसर्थ, हामी सबै कामना गरौँ, अबका दिनमा नेपाली महिलाले अपमानित भएर बाँच्नु नपरोस्, उपेक्षा र भेदभावको सिकार हुनु नपरोस्, अवसरबाट वञ्चित भएर छट्पटाउनु नपरोस् । यो अवस्था निर्माण गर्नका लागि सबैलाई सचेत र जागरुक बनाउनका लागि अब हामी सबै ऐक्यबद्ध भएर लागि परौँ, ऐतिहासिक निर्णयलाई सम्मान र स्वागत गरौँ ।

▪

# राष्ट्रिय महिला कार्यकर्ता भेला

**' रन्जु पोखरेल**

२ ०५० साल जेठ १ देखि ४ गतेसम्म अखिल नेपाल महिला सङ्घको चितवनको ज्यामिरेमा आयोजित राष्ट्रिय महिला कार्यकर्ता भेलालाई सम्बोधन गर्न पोखराबाट चितवनतर्फ जाँदै गर्दा जननेता मदनकुमार भण्डारी र कुशल सङ्गठक जीवराज आश्रितको दासढुङ्गामा षड्यन्त्रपूर्ण तरिकाले जिप दुर्घटना गराई हत्या गरिएको थियो ।

जेठ ३ गते घटेको हृदयविदारक घटनालाई शोक र पिरमा होइन, शक्तिमा बदल्नुपर्ने भएकाले पनि विगतझैँ यस वर्षमा पनि कमरेड मदन भण्डारी र जीवराज आश्रितको सम्झनामा अनेमसंघले जेठ ८-१० मा राष्ट्रिय महिला कार्यकर्ता भेला तथा

प्रशिक्षण कार्यक्रम आयोजना गरेको थियो । उक्त कार्यक्रममा ६५ जिल्लाबाट एक सय पचास जना अगुवा महिला नेतृहरूको उपस्थिति रहेको थियो । सो तीनदिने भेलाको उद्घाटन नेकपा एमालेका महासचिव माधवकुमार नेपालले गर्नुभएको थियो । उद्घाटनका अवसरमा उहाँले यस आन्दोलनमा सबैको अत्यन्तै ठूलो सहभागिता रहे पनि महिला सहभागिता प्रत्येक ठाउँमा विशाल रहेकाले उक्त सहभागिताको उच्च सम्मान गरेको बताउँदै यदि महिलाहरूको अपार सहभागिता नभएको भए सम्भवत: यो आन्दोलनले सफलता हासिल गर्न नसक्ने धारणा व्यक्त गर्नुभएको थियो ।

त्यसैगरी महासचिव नेपालले सो अवसरमा विभिन्न क्षेत्रहरूमा ३३ प्रतिशत समान सहभागिताका कुराहरूमा एउटा कार्यक्रम लिएर योजनाबद्ध तरिकाले ठोस रूपमा अगाडि बढ्न नसकेमा यो सिद्धान्तमा मात्र सीमित हुने भएकाले ३३ प्रतिशतलाई साकार पार्न तलदेखि नै त्यसको आधार बनाउँदै जानुपर्ने धारणा पनि व्यक्त गर्नुभएको थियो । उहाँले मदन भण्डारीका विचारलाई स्मरण गरिरहेको उल्लेख गर्दै जनताको बहुदलीय जनवादको विचारको सत्यता र उपादेयतालाई अरू समूहले पनि स्वीकारेको विचार व्यक्त गर्नुभएको थियो । वर्तमान संविधानका बारेमा मदन भण्डारीले सार्नुभएका कुराहरू अत्यन्तै उपयोगी थिए भन्दै अहिले ०६३ सालको प्रतिनिधिसभाको घोषणा मदन भण्डारीले ०४७ सालको संविधानमा असहमति जनाउनुभएको २७ बुँदे सेरोफेरोमै रहेको बताउँदै त्यो २७ बुँदेलाई पहिल्यै बुझ्न सकेको भए अहिले यो जटिलता बेहोर्नुपर्ने थिएन भन्ने धारणा पनि व्यक्त गर्नुभएको थियो । अखिल नेपाल महिला सङ्घकी अध्यक्ष विद्यादेवी भण्डारीले कार्यक्रमको अध्यक्षता गर्दै 'अहिलेको अवस्थामा महिलाहरू निश्चित दिशाबोधका साथ अघि बढ्नुपर्ने' आवश्यकता औँल्याउँदै युगौँदेखिको निरङ्कुश सत्तालाई यसपालिको आन्दोलनले उखेल्न सफल भएकाले जनताको ऐतिहासिक विजय भएको विचार व्यक्त गर्नुभएको थियो ।

यही जेठ ८ गतेदेखि १० गतेसम्म नेकपा एमाले केन्द्रीय कार्यालय मदननगर बल्खुमा भएको सो भेलामा नेकपा एमाले केन्द्रीय कमिटीका सदस्य प्रदीप ज्ञवालीले 'जनताको बहुदलीय जनवाद र लोकतान्त्रिक गणतन्त्र' का विषयमा प्रशिक्षण दिनुभएको थियो । उहाँले जनताको बहुदलीय जनवाद नेपालको विशिष्ट परिस्थितिको उपज भएको, जनताको बहुदलीय जनवादले समाजवाद आइसकेपछि पनि सत्ताको लोकतान्त्रिकरणको कुरा गरेको र जनता नै परिवर्तनका मुख्य बाहक भएको कुरालाई जोड दिनुभएको थियो । यसैगरी प्रशिक्षणका क्रममा उहाँले लोकतान्त्रिक गणतन्त्र भनेको के हो ? बहुदलीय जनवाद भनेको के हो ? गणतन्त्रमा सरकार कसरी बनाइन्छ ? मदन भण्डारीद्वारा ०४७ सालको संविधानप्रति व्यक्त २७ बुँदे असहमतिहरूका सम्बन्धमा पनि उहाँले प्रशिक्षण दिनुभएको थियो । त्यसैगरी, 'संविधानसभाको स्वरूप, प्रक्रिया र महिला' का बारेमा पार्टी केन्द्रीय सदस्य अष्टलक्ष्मी शाक्यले प्रशिक्षण दिनुभएको थियो ।

संविधानसभाको गठन, कार्यविधि, यसको चुनाव, यसको लक्ष्य, यसमा महिला, दलित जनजाति र सबै धर्मावलम्बीहरूको प्रतिनिधित्व कसरी गराउनेलगायतका कुराहरूमा आफ्नो विचार उहाँले दिनुभएको थियो । नेकपा (एमाले) स्थायी समितिका सदस्य केशव वडालले 'आत्मनिर्भरताका लागि सहकारितामा महिला' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्रमा संसारमा सहकारी आन्दोलनको इतिहास, नेपालमा सहकारी आन्दोलनको झलक, सहकारी सङ्गठनको संरचना, वर्तमान विश्वमा सहकारीको महत्त्व र सहकारीद्वारा आर्थिक स्तरमा सुधारजस्ता कुराहरूलाई कार्यपत्रमा समावेश गरिएको थियो । यसैगरी, उहाँले कार्यपत्रमा भन्नुभएको छ कि 'आधा पाटो अर्थशास्त्रलाई सहकारीले नै समेट्ने र सहकारी पुँजीवाद र समाजवादका गुणहरू भएको संरचना भएकाले सहकारीले ध्वंसात्मक र मानव समाजमा प्रत्यक्ष असर पार्ने काम गर्नु हुँदैन । महिलाहरू बढी संलग्न भएको सहकारी व्यवस्थित हुने र समाजमा मिलीजुली सामाजिक न्यायको बाटोमा काम गर्न पनि यसले जोड दिने गर्दछ ।' यसैगरी डा. रामकृष्ण तिमल्सिनाले 'महिलाविरुद्ध हुने हिंसा'का सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँको कार्यपत्रमा मूलत: महिलाविरुद्ध शारीरिक र मानसिक रूपमा दुई प्रकारले हिंसा हुने गरेको र यसले महिलाको क्षमतामा ह्रास ल्याएको, महिलाहरूले प्रतिष्ठित नागरिक भएर बाँच्नका लागि हिंसाविरुद्धको रणनीति बनाउन जरुरी भएको उल्लेख गरिएको छ । कार्यपत्रमा बहुविवाह गर्ने महिला-पुरुष दुवैलाई नीति निर्माण गरिने तहसम्म लैजानबाट रोक्नुपर्ने, महिला मुक्ति भनेको समानता र प्रतिष्ठाको लडाइँ हो भन्नेलगायतका कुरालाई पनि कार्यपत्रमा समावेश गर्नुभएको थियो । अखिल नेपाल महिला सङ्घको आयोजनामा आयोजित सो भेलामा अति दुर्गम क्षेत्र रुकुम, रोल्पा, दैलेखलगायतका जिल्लाहरूबाट काखमा नानी च्यापेरै भए पनि उत्साहका साथ महिलाहरू सहभागि भएका थिए ।

हालै सम्पन्न ऐतिहासिक लोकतान्त्रिक जनआन्दोलनमा महिलाको ठूलो सहभागितालाई गहिरो ढङ्गले मूल्याङ्कन गरिनुपर्नेमा सहभागीहरूको जोड रहेको थियो । भेलामा सहभागी रोल्पा जिल्लाकी ६० वर्षीय गोमादेवी आचार्यले आउने दिनमा हुने संविधानसभामा महिलाहरूलाई समानुपातिक सहभागिता गराउनुपर्दछ भन्ने कुरामा जोड दिनुभएको थियो । सिरहा जिल्लाकी ३६ वर्षीय सरियार चौधरीले संविधानसभामा दलित, मधेसी, जनजाति, पूर्वमेचीदेखि पश्चिम महाकालीसम्मका सबै वर्गको प्रतिनिधित्व गराइनुपर्ने विचार राख्नुभएको थियो । सिन्धुलीकी ३९ वर्षीया शान्ता पाखिनले संविधानसभा सबैको भावना समेटिएको लोकतान्त्रिक संविधानसभा हुनु पर्ने बताउनुभएको थियो । उक्त तीनदिने राष्ट्रिय भेलाले सङ्गठनको कामलाई व्यापक रूपमा विस्तार गर्ने तीनवर्षे कार्ययोजना पनि पारित गऱ्यो ।

कार्ययोजनामा महिलाहरूको वैचारिक र राजनीतिक स्तर उकास्ने खालका क्षमता अभिवृद्धि अभियानहरू केन्द्र, अञ्चल र जिल्ला तहसम्म पुऱ्याउनेलगायतका रहेका छन् । ०५० साल जेठ ३ गते चितवनको दासढुङ्गामा जननेता मदन भण्डारी र

जीवराज आश्रितको षड्यन्त्रपूर्ण ढङ्गले जीप दुर्घटनाबाट हत्या गरिएको १३ वर्ष बितिसक्दा पनि हत्याकाण्ड अहिले पनि रहस्यमय अवस्थामै छ । उक्त रहस्यमय हत्याकाण्डको छानबिनका लागि यो लोकतान्त्रिक सरकारद्वारा उच्चस्तरीय छानबिन आयोग गठन गरी हत्यामा संलग्नहरूलाई कडाभन्दा कडा कारबाही गर्न भेलाले जोडदार माग गरेको छ । यसैगरी, सात राजनीतिक पार्टीको आह्वानमा सम्पूर्ण नेपाली जनताको सहभागितामा सम्पन्न ऐतिहासिक जनआन्दोलनमा संलग्न भई आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने चितवनकी तुलसी क्षेत्री र बाँकेकी सेतु विकलगायत सम्पूर्ण सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ । साथै, सहिदका परिवारजनलाई जीविकोपार्जन, उचित क्षतिपूर्ति र सहिदका बालबालिकाको शिक्षादिक्षा र पालनपोषणको व्यवस्थाका लागि जोडदार माग गरेको छ । मुलुकमा जनचाहनाअनुरूप स्थायी शान्ति र दिगो विकासका लागि जतिसक्दो चाँडै नेकपा माओवादीसँग वार्ता गरी हिंसामा प्रयोग भएका हतियारको व्यवस्थापन गर्दै संविधानसभाको निर्वाचनको मिति घोषणा गरी निर्वाचन अघि बढाउन जोड्दार माग गर्दै भेलाले १० बुँदे प्रस्तावहरू पारित गरेको छ ।

**मधेसी महिला राष्ट्रिय कार्यकर्ता भेला तथा प्रशिक्षण**

अनेमसङ्घ केन्द्रीय समितिकै आयोजनामा जेठ १७ र १८ गते 'नेपालको महिला मुक्ति आन्दोलन र समावेशी लोकतन्त्रमा मधेसी महिलाको स्थान' विषयक राष्ट्रिय मधेसी महिला कार्यकर्ता भेला नेकपा एमाले केन्द्रीय कार्यालय मदननगर बल्खुमै सम्पन्न भयो । अखिल नेपाल महिला सङ्घकी अध्यक्ष विद्या भण्डारीको अध्यक्षतामा सम्पन्न सो भेलामा देशभरिका तराई जिल्लाका धनुषा, महोत्तरी, सप्तरी, सिरहालगायत २० जिल्लाका ५० जना अनेमसङ्घसँग आबद्ध मधेसी महिलाहरूको सहभागिता रहेको थियो । उक्त भेलामा सङ्घका उपाध्यक्ष थममाया थापाले सङ्घको १४ बुँदे कार्यक्रमका सम्बन्धमा प्रशिक्षण दिनुभएको थियो । सङ्घका सचिव मीरा ध्वजुले, अनेमसङ्घको विधान र सङ्घका सचिव जया घिमिरेले 'आत्मनिर्भरताका लागि सहकारीमा महिला' का सम्बन्धमा प्रशिक्षण दिनुभएको थियो । यस्तै, महिला हिंसाका सम्बन्धमा सङ्घकै सचिव कल्पना रिजालले र सङ्घका केन्द्रीय सदस्य रन्जु ठाकुरले 'नेपालको महिला मुक्ति आन्दोलन र समावेशी लोकतन्त्रमा मधेसी महिलाको स्थान' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । भेलामा मधेसी महिलाको शिक्षाको स्तर उकास्नुपर्ने, आर्थिक स्तरमा पहुँच पुऱ्याउनुपर्ने, तिलक-दहेज प्रथालाई कानुनी रूपमा नै निर्मूल पार्न संसद्बाटै कानुन निर्माण गरिनुपर्नेलगायतका विषयहरूमा व्यापक छलफल भएको थियो ।

**दलित महिला राष्ट्रिय कार्यकर्ता भेला तथा प्रशिक्षण**

सङ्घकै आयोजनामा जेठ २१ र २२ गते 'नेपालको महिला मुक्ति आन्दोलन र समावेशी लोकतन्त्रमा दलित महिलाको भूमिका' विषयक दुईदिने राष्ट्रिय दलित महिला भेला राजधानीस्थित केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र मीनभवनमा सम्पन्न भयो । सङ्घकी अध्यक्ष विद्या भण्डारीको सभापतित्वमा सम्पन्न सो भेलामा विभिन्न जिल्लाका गरी ५० जना दलित महिलाहरूको सहभागिता रहेको थियो । सङ्घका उपाध्यक्ष गोमा देवकोटाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । भेलामा सङ्घको विधानका बारेमा सङ्घकी कोषाध्यक्ष सविता अधिकारीले प्रशिक्षण दिनुभएको थियो । यसैगरी, भेलामा महिला हिंसा, आत्मनिर्भरताका लागि सहकारीमा महिला, नेपाली महिला मुक्ति आन्दोलनमा दलित महिलाको स्थान र भूमिका विषयक कार्यपत्रहरू प्रस्तुत गरिएका थिए । भेलाले सहिद सेतु विक र तुलसी क्षेत्रीलगायत सम्पूर्ण सहिदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरेको थियो । ०६३ जेठ १६ गते महिलाहरूका पक्षमा संसद्ले ऐतिहासिक घोषणा गरेकोमा स्वागत गर्दै कार्यान्वयनको माग गरेको थियो । जेठ २१ गते छुवाछूतको अन्त्य गर्ने सम्बन्धमा संसद्ले गरेको घोषणाको स्वागतलगायत पाँच बुँदे प्रस्तावहरू पारित गरेको थियो ।

■

# छरितो सन्दर्भ सामग्री : *समयका सारथि*

सिद्धहस्त लेखक अग्निशिखाद्वारा लिखित पुस्तक *समयका सारथि* नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) द्वारा प्रकाशित भई बजारमा आएको छ । दार्शनिक, समाजशास्त्री, राजनीतिक विचारक र अर्थशास्त्री गरी एक सय उनानसाठी विद्वान्हरूका बारेमा यस पुस्तकमा परिचयात्मक टिप्पणीहरू समावेश गरिएका छन् । संसारमा महानतम् व्यक्तित्वहरूको जीवनी र कृतित्वलाई छरितो ढङ्गले एउटै पुस्तकमा समेटिएका कारणले गर्दा यस पुस्तकले विविध क्षेत्रका विद्वान्, शोधकर्ता, राजनीतिक-सामाजिक चिन्तक र कार्यकर्तालाई गतिलो स्रोतसामग्री उपलब्ध गराउँछ । सन्दर्भसामग्रीका हिसाबले यस पुस्तकले विविध क्षेत्रका विद्वान्हरूलाई त मद्दत गर्छ नै, स-साना स्कुले भाइ-बहिनीहरूलाई पनि रोचक र बौद्धिक खुराक उपलब्ध गराउँछ । विषयलाई अत्यन्त संक्षिप्तमा रोचक ढङ्गले प्रस्तुत गर्ने कलामा लेखक अग्निशिखा पारखी नै हुनुहुन्छ । पुस्तकको भाषा ज्यादै सरल-सरस र प्रवाहयुक्त भएका कारणले यस देशका सामान्य साक्षर किसान-मजदुरहरूले पनि यसको अध्ययन सजिलै गर्न सक्षम हुनेछन् । स्तरीय कागजमा चित्ताकर्षक छपाइ रहेको २४९+१२ पृष्ठको यस पुस्तकको मोल ७५ रुपियाँ मात्रै रहेको हुँदा आफ्नो गाँसबाट अलिकति कटौती गर्दा यसलाई आममजदुर किसानहरूले पनि सजिलै हात पार्न सक्नेछन् ।

यस पुस्तकमा आ-आफ्नो समयका चर्चित र सफल व्यक्तित्वहरूको चर्चा छ । कठोर सङ्घर्ष नगरीकन सफल भइँदैन । आगोमा नखारी सुन बन्दैन, मुसल (वा मेसिन) को चोट नपरी खस्रो धान चामलमा फेरिँदैन । हरेक सफल व्यक्तिले सफलताको चुचुरोमा पुग्नुअघि अनेक हन्डर-ठक्कर बेहोरेकै हुन्छ । सबै सफलताको रहस्य सङ्घर्ष हो, सङ्घर्ष नै जीवन हो । सङ्घर्षपूर्ण जीवन भोगेको सफल व्यक्तित्वको जीवनी आफैँमा एउटा विश्वविद्यालय हुनेगर्छ । कठोर सङ्घर्ष भोगेका महान् व्यक्तित्वहरूको

जीवनको अध्ययन गर्नाले जीवन सङ्घर्षमा आइलाग्ने गौँडा-गल्छेडाहरू छिचोल्न सघाउँछ तथा पाठकका मनमा भएका नकारात्मकता, कुण्ठा, हीनताबोध र निरासा हटाउन मद्दत गर्दछ । मान्छेको जीवनमा हतासा-निरासाका क्षणहरू आउँछन् नै । आफूले दुःख पाएका बेलामा अझ बढी दुःख भोगेको मानिसका बारेमा थाहा पाउँदा, पढ्दा मरेको जाँगर पनि पलाएर आउँछ । यसैले, आजको जटिल सामाजिक जीवनमा महान् व्यक्तित्वका सङ्घर्षपूर्ण जीवनीहरूको अध्ययन गर्नु-गराउनु र त्यस्तो सामग्री तयार गर्नु समाज-परिवर्तनसँग जोडिएको आन्दोलनकै काम हो । लेखकले यही काम गर्नुभएको छ । एक सय उनानसाठी व्यक्तित्वहरूलाई दुई सय उनपचास पृष्ठमा समेटिएको हुँदा पुस्तकले सम्बन्धित विद्वान्का बारेमा संक्षिप्त जानकारी मात्रै दिनेछ, यो स्वाभाविक हो । बढी जानकारी लिन चाहनेले यस पुस्तकको माध्यमबाट बाटो फेला पार्न सक्नेछन् ।

पुस्तकको गाताले भित्रको विषयवस्तुको गम्भीरतालाई सङ्केत गरेको छ । 'यसभित्र के छ ?' भन्ने खालको जिज्ञासा जगाउन गम्भीर चित्राङ्कनयुक्त आवरण सक्षम छ । यस्तो जिज्ञासा जगाउने पुस्तकको आवरणमा लेखकको नाम छैन । प्रकाशन संस्थाले यस पुस्तकको अर्को संस्करण निकाल्ने जाँगर चलाएछ वा त्यस्तो आवश्यकता आएछ भने यस कमीलाई अवश्यमेव हटाउनुपर्दछ ।

लेखकले आफ्नो देशलाई बढी महत्त्व दिनैपर्दछ । हामीकहाँ भने 'अन्तको जोगी सिद्ध, गाउँको जोगी गिद्ध' भन्ने उखान चरितार्थ हुन्छ । यस्तो राम्रो सङ्ग्रह निकाल्दा हाम्रो देशबाट मदन भण्डारीले मात्रै ठाउँ पाउनुभएछ । बीपी कोइराला, पुष्पलाल र यस्तै अरू केही व्यक्तित्वहरूलाई ठाउँ दिनैपर्दथ्यो । सबैभन्दा पहिले यस संसारमा विधिवत रूपमा अर्थशास्त्र शब्दबाट ग्रन्थ रचना गर्ने आचार्य विष्णुगुप्त चाणक्य र द्वन्द्ववादको प्राथमिक रूप 'क्षणिकवाद' का प्रणेता गौतम बुद्धका बारेमा अरू चार पृष्ठ खर्च गरेको भए खासै समस्या पर्ने थिएन होला । यो त राम्रो काममा 'यसो गरेको भए अझै राम्रो हुने थियो' भनिएको मात्रै हो ।

**– डा. विजयकुमार पौडेल**

# सबै महिलाहरूको कथा लेखिएको छ

कमला पराजुली पेसाले पत्रकार हुन् । उनी सामाजिक संस्थाहरूमा तालिम प्रदान गर्ने काम पनि गर्छिन् । उनले नेपालका दुईतिहाई जिल्लाको भ्रमण गरिसकेकी छन् । यस भ्रमणका क्रममा उनले गाउँ र बजारको नारी जीवनलाई नजिकबाट पढ्ने मौका पाएकी छन् । मुलुकबाहिरको यात्रामा समेत पाइला चालेकी कमला पराजुलीले आफ्नो जीवनले बेहोरेका, देखेका, सुनेका घटनालाई कलात्मक वाक्यहरूमा समेटेर एउटा कथासङ्ग्रह पस्किएकी छन् पाठकहरूका माझमा । *नलेखिएका कथा* एक सय चार पृष्ठमा समेटिएको कमला पराजुलीको यो कथासङ्ग्रह ०६२ सालको चैत महिनामा प्रकाशित भएको हो ।

कथासङ्ग्रह भन्छ- कमला पराजुलीले आफूलाई नारी हस्ताक्षरमा समाहित गराइसकेकी रहिछन् ।

हुन पनि कमलाको कथायात्रा नलेखिएका कथाबाट सुरु भएको होइन । उनले आजभन्दा छ वर्षअगाडि *निरुत्तरित प्रश्नहरू* शीर्षकमा पहिलो कथासङ्ग्रह प्रकाशित गरेकी थिइन् । कथासङ्ग्रहपछि उनले विश्लेषण र निबन्धका दुइटा पुस्तक पनि प्रकाशित गरेकी छन् । पहिले तीन ओटा पुस्तक प्रकाशित गरिसकेकी कथाकार पराजुलीको कथायात्राप्रतिको मोहले उनलाई नलेखिकाहरूको कथा लेख्न उत्प्रेरित गऱ्यो सरल मीठासपूर्ण भाकामा ।

सासू-ससुरा, कामकाजी पति, ठूली छोरी र सानो छोराको रमाइलो परिवारको जिम्मेवारीमा बाँधिएर पनि कमला पराजुलीले आफ्नो साहित्यिक यात्रालाई निरन्तरता दिएकी छन् । पत्रकारितामा फिचर लेख्ने उनको कलमले आख्यानको कथाविधालाई नदीजसरी बगाएको छ । छोटा र मीठा वाक्यहरूलाई उनले यसरी उनेकी छन्, *'सामान्य परिवार, मिहिनेती जीवन, जसोतसो जीवन धानेका छन् । छोराछोरी पढाएका छन् । घरको बत्तीजस्तै भएर बूढीआमा रमाएकी छन् । पर-पाहुना र आउने-जानेको खाँचो हुँदैन, त्यस घरमा । तर पनि, कति सुखी र आनन्दित छन् यिनीहरू ? सधैँ मुस्कान छ यिनीहरूको अनुहारमा ।'* (पार्वती भाउजू)

अथवा, *'चिसो धेरै बढेकाले रात सुनसान र चकमन्न छ । धेरैबेरसम्म कुकुर रोएको आवाजले कवितालाई बिउँझाउँछ । कताकता डरको अनुभूति गर्दै सिरक तानेर ऊ फेरि ओछ्यानमा गुडुल्की पर्छे ।'*

यी दुइटा उदाहरण हुन् । यस्ता मीठा वाक्यहरू पुस्तकभरि भेटिन्छन् । मन छुने चित्रण अनि छोटा वाक्यहरू ।

लामालामा वाक्यहरूमा कुनै कथा जेलिएका छैनन् । प्रत्येक कथाले कुनै न कुनै पीडाको उद्घाटन गरिरहेको हुन्छ । *नलेखिएका कथा* मा सङ्ग्रहित १६ थान कथाहरू सबै महिला समस्यासँग जोडिएका छन् तर तिनको संरचनाले सामन्तयुगीन बालिकावधुदेखि इन्टरनेटका युगल प्रेमीहरूलाई समेटेको छ । *नलेखिएका कथा* मा क्रान्तिकारीदेखि रगत छादेर मर्ने कमैयाहरू समेटिएका छन् । जीवनको विविधतालाई कथाकार पराजुलीले आफ्नो सङ्ग्रहमा जस्ताको तस्तै उतारेकी छन् ।

पुस्तकको साजसज्जा सुन्दर छ । राम्रो कागजमा छापिएको यो कथासङ्ग्रहको मूल्य सामान्य पाठकका लागि अलिक धेरैजस्तो भए पनि महँगो भन्न मिल्नेखालको छैन । कथासङ्ग्रहलाई सिँगार्नका लागि साहित्यकार मोदनाथ प्रश्रित, महिला साहित्यकार बेन्जु शर्मा अनि प्राज्ञ जीवेन्द्रदेव गिरीको भूमिका उत्तिकै पठनीय छन् ।

कथाकार कमला पराजुलीको लेखनीले निरन्तरता पाओस् । बाँकी रहेका जीवनका विविधताहरूलाई तिनले आफ्नो कथामा समेट्न सकून् । यही मेरो शुभकामना !

**– सञ्जय थापा**

# प्रवासी नेपालीका समस्याबारे प्रमलाई ज्ञापनपत्र

प्रवासी नेपाली संघ (भारत)का विष्णु गिरी, रामप्रसाद भट्टराई, पूर्णकला भट्टराई, खगेश्वर काफ्ले, अशोक थापा, टीकाराम पोखरेल र अखिल भारत नेपाली स्वतन्त्र विद्यार्थी युनियनका युवराज बास्कोटाले प्रधानमन्त्रीको भारत भ्रमणको अवसरमा प्रवासी नेपालीहरूले भोग्नुपरेका समस्याको शीघ्र समाधानको अपेक्षासहित ९ जुन, २००६ मा ज्ञापनपत्र दिएका छन् । १८ बुँदे उक्त ज्ञापनपत्रमा भनिएको छः

सर्वविदितै छ- युगौंदेखि नेपाली भूमिमा जरा गाडेर बसेको सामन्ती निरंकुशताका कारण समग्र विकास, अग्रगमन र स्थायित्व अवरोध हुँदै आएपछि विकराल रूप धारण गर्दै गएको द्वन्द्व, हिंसा प्रतिहिंसा, बेरोजगारी, अशिक्षा आदिका कारणले भारततिर पलायन हुने नेपालीको संख्या दिनप्रतिदिन बढ्दो छ । भारतमा नेपालीले पाउने अधिकार र प्रवासी नेपालीहरूको सन्दर्भमा विभिन्न बेलामा सम्पन्न भएका सन्धिले प्रत्याभूत गरेका अधिकारको उपयोगबाट समेत बञ्चित हुँदै आएका छौं । यस्तो अवस्थामा प्रवासन भोग्य बाध्य नेपालीको सम्पूर्ण संख्याको अधिकांश प्रतिशत भारतमा रहेको नेपाली जनमतको प्रतिनिधित्व गर्ने हाम्रा संगठनद्वय प्रवासी नेपाली संघ (भारत) र अखिल भारत नेपाली स्वतन्त्र विद्यार्थी युनियनका तर्फबाट तपसिलमा उल्लेखित विषयगत बुँदामा आधारित रही सार्वभौमसत्ता र राजकीयसत्ताको मालिक जनताद्वारा प्रदत्त शक्तिको आधारमा गठित वर्तमान नेपाल सरकार जनताप्रति पूर्णरूपमा उत्तरदायी छ, साँचो अर्थको लोकतान्त्रिकरणको प्रक्रिया व्यवहारतः अगाडि बढाउँदै आएको छ । यसअर्थमा यो स्वदेशवासी नागरिकसरहको औचित्य पुष्ट्याई गर्दै प्रवासमा रहेका नेपालीको समेत राष्ट्रप्रतिको मायामा समर्पित मर्म र भावनाको प्रतिनिधित्व गर्दछ भन्ने प्रबल विश्वाससहित यो ज्ञापनपत्र पेश गर्दछौं ।

१. सर्वप्रथम, पुनर्स्थापित प्रतिनिधिसभाले अहिलेसम्म गरेका फैसलाहरू जनआन्दोलनको क्रममा अभिव्यक्त जनताको भावना अनुसार भएको पुष्टि हुँदै आएकोले यसको ससम्मान सराहना एवं समर्थन गर्दै निर्बाध भएर कार्यान्वयनमा गठित वर्तमान सरकार जानुपर्छ र आधारभूत तहका जनताको समस्याउपर अझ बढी ध्यान केन्द्रित हुनुपर्छ भन्ने कुरामा ध्यानाकर्षण गराउन चाहन्छौं ।

२. हामीले प्रवासी हुनुपर्ने कारणमध्ये सुकुम्वासी समस्या एउटो ठूलो समस्या हो । यसबाट मुक्त हुन नसके नेपाल र नेपालीको चौतर्फी विकास सम्भव छैन भन्ने हाम्रो ठहर रहँदै आएको छ । यद्यपि, आजसम्म अनुकूल स्थिति थिएन पनि । तर अब यो जनमुखी सरकारको गठन र क्रियाशीलतापद्धि एउटा विकराल रूप धारण गरेको सुकुम्बासी समस्या हल गर्न प्रभावकारी र परिणाममुखी नीति निर्माण गरी कार्यान्वयनमा जानुका साथै दोषीलाई कडाभन्दा कडा कारबाहीको कानुनी व्यवस्था मिलाइनुपर्छ भन्ने माग गर्दछौं ।

३. आवागमनको क्रममा नेपाल-भारत सीमामा स्थानीय प्रशासनलगायत असामाजिक तत्वहरूबाट हुने लुटपाट, ज्यादति र सम्पूर्णखाले उत्पीडनलाई कानुनतः निषेध गरिनका लागि सरकारस्तरको वार्ता गरेर सीमा क्षेत्रमा दुवै देशका स्थानीय सरकारी निकायहरूको व्यवस्थित संजाल निर्माण गरिनुपर्छ । चेलीबेटी बेचविखनजस्ता अमानवीय कार्य तत्काल रोक्न प्रभावकारी नीति निर्माणसहित अविलम्ब अघि बढ्न हामी जोडदार माग गर्दछौं ।

४. उपरोक्तलगायत सीमा क्षेत्रमा हुने अन्य मानवअधिकार हननका घटना नियन्त्रण गर्न जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले मानवअधिकार सूचना र संचारकेन्द्रहरूको निर्माण तत्काल गरिनुपर्छ भन्ने माग गर्दछौं ।

५. विभिन्न प्रकृतिका भयावहपूर्ण समस्यासँग जुझिरहेका प्रवासी नेपालीका समस्या समाधान गर्नका लागि दूतावास र नेपाली समुदायबीचमा एउटा संजाल निर्माण गरी काम आरम्भ गरियोस् भन्ने माग गर्दछौं ।

६. सन् १९५० को नेपाल-भारतबीचको सन्धिमा उल्लेखित प्रावधानअनुरूप नेपालीहरूलाई यहाँका नागरिकसरह नोकरी, पेशा र शिक्षा आदिमा आउने गरेका कानुनी अड्चनहरू फुकुवा गर्न जोडदार माग गर्दछौं ।

७. सन् १९५० को सन्धिले व्यवस्था गरे अनुसार भारतको संविधानमा उल्लेखित शर्त पूरा गरिसकेका नेपालीले सो शर्तका आधारमा नागरिकता पाउनुपर्ने कुरामा सम्बन्धित सरकारको तहबाट जोड दिन र सोको आधारमा नेपालमा समेत उसको नागरिकता यथावत रहने अर्थात् दोहोरो नागरिकताको अधिकार ग्यारेन्टी गर्न माग गर्दछौं ।

८. उपरोक्तमध्ये कुनैपनि फ्याक्टरमा सन्धि निस्प्रभावी र औचित्यहीन ठहर्छ भने यसको अविलम्ब संशोधन अथवा खारेज गर्ने तहसम्म सरकार पुग्नुपर्छ भनी ध्यानाकर्षण गराउन चाहन्छौं ।

९. भारतमा नेपाली दूतावास नयाँ दिल्ली र नेपाली वाणिज्य दूताबास कोलकात्ता छन् । दुवैलाई जनउत्तरदायी संस्थाको रूपमा रूपान्तरणको आवश्यकता छ । यसको साथसाथै सहयोग, सुरक्षा, व्यापार एवं प्रवर्द्धनका हिसाबले मुम्बई, जो कि भारतको पनि बाणिज्य शहरको रूपमा चिनिन्छ, मा एउटा बाणिज्य दूताबास आवश्यक रहेको ठहर गर्दै अध्ययन गर्न र सोको निमित्त अविलम्ब काम आरम्भ गर्न अनुरोध गर्दछौं ।

१०. जीवनभर भारतीय सरकारी सेवामा कार्यरत रहेर सेवानिवृत्त भएउपरान्त नेपाल जाने क्रममा घरेलु सामानमाथि लगाइने कर दस्तुर अविवलम्ब खारेज गर्नमा जोड दिंदै केन्द्रीय सरकार, राज्य सरकार र प्राइभेट सेक्टरसमेतबाट उसले पाउने पेन्सन सम्बन्धित जिल्लामा उपलब्ध हुनसक्ने वातावरण निर्माण गरियोस् भन्ने माग गर्दछौं ।

११. भारतका केन्द्रीय विश्वविद्यालयहरूमा नेपाली विद्यार्थीबाट विदेशी विद्यार्थीसरह लिइने गरिएको डलर शुल्क अविलम्ब खारेज गर्न माग गर्दछौं ।

१२. शिक्षण व्यवस्थापन समानुपातिक र छात्रवृत्तीय योजनालाई व्यवहारिक एवं पारदर्शी बनाउन माग गर्दछौं ।

१३. भारतस्थित विभिन्न शिक्षण संस्थाहरूमा पढेलेखेका विद्यार्थीहरूको प्रतिशत अंक घटाइने छुद्र प्रावधान खारेज गरिनुपर्छ भन्ने माग गर्दछौं ।

१४. सरकारको मातहतबाट संचालित संचारका माध्यमहरूमा हरेक दिन कम्तिमा पनि एक घण्टा प्रवासी नेपाली समुदायबारे कार्यक्रम प्रसारण गरिने समय निर्धारण गरियोस् भन्ने माग गर्दछौं ।

१५. विद्यमान समाजमा देखापरेका सम्पूर्णखाले समस्या समाधानको रूपमा रहेको निर्विकल्प उपाय संविधानसभाको निर्वाचनको तिथि एवं नीति अविलम्ब तयार गरी सार्वजनिक गरिनुपर्छ । सो तयारी गरिरहँदा विभिन्न देशमा बस्ने नेपालीहरूको सन्दर्भमा संवैधानिक व्यवस्थाअनुरूप सामुदायिक हक अधिकार सुनिश्चित गरिनुपर्दछ भन्ने माग जोडदार रूपमा गर्दछौं ।

१६. प्रवासिएका नेपाली जनमतको संविधानमा समुचित प्रतिनिधित्व गराउनका लागि संविधानसभामा भारतमा बस्ने प्रवासी नेपालीहरूको सन्दर्भमा नघटाइकन ४ प्रतिशत र अन्य देशका प्रवासी नेपालीहरूको सन्दर्भमा नघटाइकन १ प्रतिशत गरी जम्मा ५ प्रतिशत प्रतिनिधित्व गराइनुपर्ने वातावरण सुनिश्चित बनाइनुपर्छ भनी माग गर्दछौं ।

१७. संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय महासन्धिहरू अनुरूप भारतमा रहेका प्रवासी नेपालीहरूले अन्तर्राष्ट्रिय हक अधिकार पाउने सुनिश्चितताको लागि सरकारस्तरमा शीघ्र वार्ता आरम्भ गर्न अनुरोध गर्दछौं ।

१८. भारतलगायत विश्वका अन्य देशहरूमा प्रवासी जीवन व्यतित गर्दै रहेका उद्योगी, व्यवसायी, पर्यटनकर्मी, व्यापारीलगायत विभिन्न काम तथा पेशामा दक्षता हासिल गरेका नेपालीलाई मुलुकको सामाजिक रूपान्तरणको पक्षमा सर्वपक्षीय हित हुने हिसाबले प्रोत्साहनपूर्वक प्रयोग गरिने कार्यक्रमको थालनी गरिनुपर्छ । उनीहरूको सामाजिक सुरक्षा र अन्यान्य पक्षमा ध्यान पुऱ्याइनुका साथै राष्ट्रियस्तरमा यस समुदायको सम्मान गरिनुपर्छ भन्ने माग गर्दछौं ।

■